# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २८, अङ्क ११ | २०७६, असोज १-१५ | पूर्णाङ्क ६५३



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री गोपी विश्वकर्मा
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री गीता लुइँटेल
ना.सु. श्री यशोदा निरौला
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संवैधानिक इजलास | १० | | |
| संयुक्त इजलास | ४ | इजलास नं. १० | ६ |
| इजलास नं. १ | ४ | इजलास नं. ११ | १ |
| इजलास नं. २ | ४ | इजलास नं. १२ | ३ |
| इजलास नं. ३ | ३ | इजलास नं. १३ | २ |
| इजलास नं. ४ | ८ | इजलास नं. १५ | २ |
| इजलास नं. ५ | ४ | इजलास नं. १६ | २ |
| इजलास नं. ६ | ४ | एकल इजलास | १ |
| इजलास नं. ७ | ३ | | |
| इजलास नं. ८ | ११ | | |
| इजलास नं. ९ | ६ | जम्मा | १७ |
| जम्मा | ६१ | | |

कूल जम्मा ६१ + १७ = ७८

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, असोज – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**<u>"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"</u>** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संवैधानिक इजलास** | | | **१ – ९** |
| १. | उत्प्रेषण | गणेशकुमार पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | १ |
| २. | उत्प्रेषण | मोहनप्रसाद मण्डल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | २ |
| ३. | उत्प्रेषण | हरिप्रसाद अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ४ |
| ४. | उत्प्रेषण / परमादेश | दिनेशकुमार पाठक वि. नेपाल राष्ट्र बैंक, सुपरीवेक्षण तथा अनुगमन विभाग बालुवाटार, काठमाडौंसमेत | ४ |
| ५. | उत्प्रेषण | विनोद अग्रवाल वि. संघीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत | ५ |
| ६. | उत्प्रेषण | डिल्लीप्रसाद न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ६ |
| ७. | परमादेश | सुमन श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ८ |
| ८. | उत्प्रेषण | उमाशंकर रौनियार वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ९ |
| **संयुक्त इजलास** | | | **९ – १२** |
| ९. | उत्प्रेषण / परमादेश | अनमोल अधिकारीसमेत वि. नेपाल इन्जिनियरिङ कलेज चाँगुनारायण, भक्तपुरसमेत | ९ |
| १०. | कर्तव्य ज्यान | टिकाराम कुमाल वि. नेपाल सरकार | १० |
| ११. | कर्तव्य ज्यान | सुजन गौतम वि. नेपाल सरकार | ११ |
| १२. | निषेधाज्ञा / परमादेश | रोहितकुमार विसुराल वि. बद्रीप्रसाद अर्याल | १२ |
| **इजलास नं. १** | | | **१३ – १८** |
| १३. | उत्प्रेषण | रविन्द्र लम्साल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १३ |
| १४. | सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. जोगमान तामाङ | १४ |
| १५. | बैंकिङ कसुर | GHITA HUZUM समेत वि. नेपाल सरकार | १५ |

| | | | |
|---|---|---|---|
| १६. | बन्दी प्रत्यक्षीकरण / प्रतिषेध / परमादेश | डा. जयकान्त राउत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | १७ |
| **इजलास नं. २** | | | **१८ – २०** |
| १७. | उत्प्रेषण / परमादेश | मालतपोत कार्यालय, सप्तरी राजविराज वि. शुशीलादेवी सिंह | १८ |
| १८. | उत्प्रेषण / परमादेश | वीरेन्द्र साह सोनार वि. चतुरनारायण साहसमेत | १८ |
| १९. | कर्तव्य ज्यान | लोकेन्द्रबहादुर वि.क. वि. नेपाल सरकार | १९ |
| २०. | उत्प्रेषण / परमादेश | शशीकान्त झा वि. सामान्य प्रशासन मन्त्रालयसमेत | २० |
| **इजलास नं. ३** | | | **२० – २२** |
| २१. | दर्ता कायम दर्ता फारीसमेत | प्रयागमान कायस्थ वि. चुडामणि कायस्थसमेत | २० |
| २२. | भ्रष्टाचार | उषा शर्मा यादव वि. नेपाल सरकार | २१ |
| २३. | उत्प्रेषण | शम्भु भारती वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | २२ |
| **इजलास नं. ४** | | | **२२ – ३०** |
| २४. | उत्प्रेषण | उर्मिलादेवी झासमेत वि. पुनरावेदन अदालत हेटौंडासमेत | २२ |
| २५. | जग्गा खिचोला | राम अशिष यादव वि. दुखरन राय अमात | २३ |
| २६. | उत्प्रेषण / परमादेश | हेमचन्द्र झा वि. पुनरावेदन अदालत जनकपुरसमेत | २४ |
| २७. | उत्प्रेषण / परमादेश | गोपाल कृष्ण महर्जन वि. आवास तथा भौतिक योजना मन्त्रालय, सिंहदरबारसमेत | २५ |
| २८. | उत्प्रेषण | छत्रबहादुर प्रजापति वि. प्रमुख मध्यपुर थिमी नगरपालिका, भक्तपुर | २६ |
| २९. | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. राजु लामासमेत | २७ |
| ३०. | लागु औषध (डाइजेपाम तथा नाइट्रोभेट समेत) | नेपाल सरकार वि. नारायण के.सी. | २९ |
| ३१. | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. सुमन धिताल | २९ |
| **इजलास नं. ५** | | | **३० – ३२** |
| ३२. | गैंडा मारी खाग बिक्री व्यवसाय | गादर पुर्जा मगर वि. नेपाल सरकार | ३० |
| ३३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. चित्ररेखा देवीसमेत | ३१ |
| ३४. | जबरजस्ती करणी | रनजित राई वि. नेपाल सरकार | ३१ |
| ३५. | रकम दिलाई पाऊँ | धर्मलाल तामाङ वि. रामकृष्ण उप्रेती | ३२ |
| **इजलास नं. ६** | | | **३२ - ३६** |
| ३६. | जबरजस्ती करणी | विश्वासचन्द्र चौधरी वि. नेपाल सरकार | ३२ |

| | | | |
|---|---|---|---|
| ३७. | जबरजस्ती करणी | रमेश सुनार वि. नेपाल सरकार | ३३ |
| ३८. | नाता कायम | टिकाराई श्रेष्ठ वि. विक्रमराज श्रेष्ठ | ३४ |
| ३९. | जबरजस्ती करणी | नेपाल सरकार वि. उत्तमकुमार तामाङ | ३५ |
| **इजलास नं. ७** | | | **३६ – ३८** |
| ४०. | जबरजस्ती करणी | नेपाल सरकार वि. लाटु वि.क. | ३६ |
| ४१. | जबरजस्ती करणी तथा हाडनाता करणी | मिनबहादुर कार्की वि. नेपाल सरकार | ३६ |
| ४२. | जबरजस्ती करणी | नेपाल सरकार वि. निश्चल पौडेल | ३७ |
| **इजलास नं. ८** | | | **३८ – ४४** |
| ४३. | अदालतको अवहेलना | भूमिराज निरौला वि. अनिल जोशीसमेत | ३८ |
| ४४. | मोही निष्कासन गरी कुतबाली भराइ पाऊँ | लक्ष्मणप्रसाद साह तेली वि. अनिलप्रसाद साह | ३९ |
| ४५. | अंश दर्ता चलन | कमलबहादुर लामा वि. चन्द्रबहादुर लामासमेत | ३९ |
| ४६. | अंश चलन | अप्सरा गोठे वि. मन्ते गोठेसमेत | ४१ |
| ४७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कैलास यादवसमेत | ४२ |
| ४८. | सार्वजनिक इनारको जग्गा बनाएको घर टहरा हटाई चलन | सुरेश राउत कुर्मीसमेत वि. भिखारी राउत कुर्मी | ४४ |
| **इजलास नं. ९** | | | **४५ – ५१** |
| ४९. | आवेशप्रेरित हत्या | नेपाल सरकार वि. सीताराम चौधरी | ४५ |
| ५०. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. कुलदिप के.सी.समेत | ४६ |
| ५१. | उत्प्रेषण / परमादेश | मिनादेवी यादव वि. लालबहादुर साह सुडीसमेत | ४७ |
| ५२. | जग्गा खिचोला चलन | राम दुलारी कापड वि. राम नन्दन कापडसमेत | ४८ |
| ५३. | जग्गा खिचोला घर उठाई चलन | सत्यनारायण मण्डलसमेत वि. बुलन्ती देवीसमेत | ४९ |
| ५४. | अबन्डा जग्गा अंश हक कायम दर्ता बदर दर्ता चलन | हरिमोहन प्रसाद श्रेष्ठसमेत वि. विष्णुमोहन प्रसाद श्रेष्ठ | ४९ |
| **इजलास नं. १०** | | | **५१ – ५५** |
| ५५. | करारको यथावत् परिपालना गराउन उपयुक्त आदेश जारी गरिपाऊँ | मधुसुदन महर्जन वि. भाइराजा महर्जन | ५१ |

| | | | |
|---|---|---|---|
| **५६.** | उत्प्रेषण | सिमान्त सुवेदीसमेत वि. पुनरावेदन अदालत बुटवलसमेत | **५१** |
| **५७.** | परमादेश | धर्मप्रसाद पौडेलसमेत वि. नेपाल राष्ट्र बैंक, बालुवाटारसमेत | **५२** |
| **५८.** | उत्प्रेषण | हुमबहादुर खड्कासमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत | **५३** |
| **५९.** | उत्प्रेषण / परमादेश | अधिवक्ता लक्ष्मण थपलियासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | **५४** |
| **६०.** | लिखत दर्ता बदर | श्रीमती दीर्गकुमारी खड्का वि. झपडबहादुर खड्का | **५४** |
| **इजलास नं. ११** | | | **५५ – ५६** |
| **६१.** | लागु औषध डाइजेपाम | प्रेमनाथ न्यौपाने वि. नेपाल सरकार | **५५** |
| **इजलास नं. १२** | | | **५६ – ५९** |
| **६२.** | लागु औषध ब्राउन सुगर | नेपाल सरकार वि. दयाशंकर कौलिक | **५६** |
| **६३.** | कर्तव्य ज्यान | कमलराज शाही वि. नेपाल सरकार | **५७** |
| **६४.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. सीतादेवी कोइरीसमेत | **५८** |
| **इजलास नं. १३** | | | **५९ – ६१** |
| **६५.** | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. सुनिता वि.क. | **५९** |
| **६६.** | जबरजस्ती चोरी, ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. केदार श्रेष्ठ | **६०** |
| **इजलास नं. १५** | | | **६१ – ६६** |
| **६७.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. विजयकुमार चौधरी | **६१** |
| **६८.** | ठगी | नेपाल सरकार वि. हरिप्रसाद पौडेल | **६२** |
| **इजलास नं. १७** | | | **६६ – ६८** |
| **६९.** | वन पैदावार चोरी निकासी | नेपाल सरकार वि. लक्ष्मण ताम्राकारसमेत | **६६** |
| **७०.** | जबरजस्ती करणी | नेपाल सरकार वि. सुरज नेपालीसमेत | **६७** |
| **एकल इजलास** | | | **६८** |
| **७१.** | परमादेश | हिराबहादुर चन्दसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | **६८** |

## संवैधानिक इजलास

१

**स.प्र.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे, मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-WS-००४७, उत्प्रेषण, *गणेशकुमार पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

समानताको हक भन्ने विषय निरपेक्ष हुन सक्दैन । संविधानको धारा १३ को उपधारा (३) मा उल्लिखित प्रतिबन्धात्मक व्यवस्थाको समग्र अध्ययन गर्दा पनि विशेष अवस्था र परिस्थितिका व्यक्तिहरूलाई विशेष व्यवस्था गर्न सकिने हुन्छ । समानता समानहरूबिच मात्र सम्भव हुन्छ । असमानबिच समान व्यवहार भएमा पनि असमानता नै हुन जान्छ । यही समानताको सिद्धान्तको मर्मलाई कार्यान्वयन गर्न सकारात्मक विभेदको अवधारणा ल्याइएको हो । यसलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(३) को प्रतिबन्धात्मक व्यवस्था तथा वर्तमान संविधानको धारा १८(३) को प्रतिबन्धात्मक व्यवस्थाले अङ्गीकार गरेको छ । राज्यले वर्गीकरण गरी वर्ग छुट्टाई वर्गीकरणभित्र परेका समानरूपमा रहेकाहरू (Similarly Situated) बिच सबैलाई एकै प्रकारको व्यवहार र अर्को असमानरूपमा रहेका (Dissimilarly Situated) वर्गहरूबिच सबैलाई अर्को प्रकारको व्यवहार गर्न सक्ने नै हुन्छ । सार्वजनिक सेवामा महिलाको प्रतिनिधित्व कम रहेको महसुस गरी विधायिकाले कानूनी व्यवस्थाको माध्यमबाट लामो समय सार्वजनिक सेवामा अस्थायी रूपमा रही कार्य गरेका महिलाहरूको हित संरक्षणका लागि बनाएको कानूनी व्यवस्था निवेदकजस्ता सबैले समान रूपमा प्राप्त गर्न सक्ने सामान्य समानताको सिद्धान्तभित्र पर्ने विषय नहुने ।

वस्तुत: रिट निवेदक आफ्नो हक अधिकारप्रति उदासिन भई सामान्य कानूनी उपचारको बाटो अवलम्बनसमेत नगरी लामो समयपश्चात् अदालतको रिट क्षेत्राधिकारमा प्रवेश गरेको देखिन्छ । अर्कातर्फ यी रिट निवेदक मिति २०२६।८।११ भन्दा पछि मात्र सरकारी सेवामा विकासतर्फको पदमा प्रवेश गरेको सन्दर्भमा मिति २०२६।८।११ भन्दा पछि नियुक्त भएका कर्मचारीको हकमा पहिलेको सेवा अवधि गणना हुन सक्ने गरी कानूनले नै कुनै व्यवस्था गरेको देखिँदैन । यस अवस्थामा कानूनले निर्धारित गरेको समय सीमाभन्दा पछि नियुक्त भएका यी रिट निवेदकको हकमा उक्त व्यवस्थासमेत आकर्षित हुने भएन । निजामती सेवा नियमावलीमा भएको उक्त व्यवस्थाअनुसार समय सीमा सम्बन्धमा पनि यी रिट निवेदकले चुनौती दिएको देखिँदैन । त्यसैगरी यी निवेदकको अस्थायी सेवा अवधि गणना गरी स्थायी सेवा अवधिमा जोडाउन नपाएको कारणले मात्र निजको निवृत्तिभरण / उपदानमा असर परी निवृत्तिभरण / उपदान नपाउने अवस्था पनि देखिँदैन । रिट निवेदकजस्ता पुरूष कर्मचारीहरूको हकमा निवृत्तिभरणको प्रयोजनको लागि पूर्व अस्थायी सेवा अवधि जोड्ने वा नजोड्ने विषयमा के कस्तो नीतिगत सर्त तोक्ने भन्ने कुरा विधायिकाको बुद्धिमताभित्र पर्ने हुँदा न्यायिक पुनरावलोकनको रोहमा सो विषयतर्फ विचार गरिरहनु नपर्ने ।

मूलत: यी रिट निवेदकले २०२६ सालभन्दा पछि मात्र विकास परियोजनामा अस्थायी सेवा गरी स्थायी / निजामती सेवामा प्रवेश गरेको पाइन्छ । जबकि अस्थायी सेवा अवधिलाई जोडिने कुरा २०२६ सालभन्दा पछाडिको अस्थायी नियुक्तिले नपाउने भन्ने स्पष्ट कानूनी व्यवस्था भएको देखिन्छ । सो व्यवस्थाउपर रिट निवेदकले कुनै चुनौती दिएको पाइँदैन । तर निजामती सेवा ऐन, २०४९ को संशोधन दफा ३७क को व्यवस्था संविधान प्रदत्त समानताको हकलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न महिला विकास कार्यक्रममा अस्थायी रूपमा कार्यरत रहेका महिला कर्मचारीहरूको लागि पटकपटकको लागि

नभएर एकपटकको लागि मात्र विशेष व्यवस्था गरी लोक सेवा आयोगको परीक्षा उत्तीर्ण गरी स्थायी भएका महिला कर्मचारीहरूको लागि मात्र अस्थायी सेवा अवधि जोडी निवृत्तिभरण तथा उपदान पाउने व्यवस्था गरेको देखिन्छ। यी रिट निवेदकको अवस्था, आवश्यकता एवम् परिस्थिति र यी महिला विकास कार्यक्रमअन्तर्गत अस्थायी कार्य गर्दै आएका महिला कर्मचारीहरूको अवस्था, आवश्यकता, परिस्थिति र ऐन, कानूनको व्यवस्था एवम् उद्देश्य नै फरक भएको अवस्थामा समानबिच असमान र विभेदजन्य व्यवहार भयो भन्ने निवेदकको जिकिर मनासिब मान्न नसकिने।

यसरी संविधानले नै विधायिकालाई महिला, दलित, आदिवासी, मधेसी वा किसान मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण र विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सक्ने गरी अधिकार प्रदान गरेको र त्यस अनुसार नै विधायिकाले निश्चित समयसम्म सेवा गरेका आवश्यक योग्यता भएका महिला कर्मचारीहरूका लागि विशेष संरक्षण प्रदान गर्न गरेको निजामती ऐन, २०४९ तेस्रो संशोधन गरी दफा ३७क को व्यवस्थाले निवेदकको संविधान प्रदत्त समानताको हक हनन् भएको भन्ने जिकिर कानूनसङ्गत नदेखिने।

तसर्थ उपर्युक्त विवेचित आधार, कारण र प्रतिपादित सिद्धान्तहरूसमेतबाट रिट निवेदकले चुनौती दिएको निजामती सेवा ऐन, २०४९ (तेस्रो संशोधन) को दफा ३७क को व्यवस्था अन्तरिम संविधानद्वारा प्रदत्त धारा १३ को समानताको हकविपरीत भएको भन्ने नदेखिएकाले निवेदन मागबमोजिमको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रीताकुमारी बख्रेल

कम्प्युटर: विशाल खड्गी

इति संवत् २०७५ साल माघ २ गते रोज ४ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-WS-००४४, उत्प्रेषण, *गणेशप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-०००५, उत्प्रेषण, *राजकुमार लाल श्रीवास्तवसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

२

**स.प्र.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे, मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-WS-००२४, उत्प्रेषण, *मोहनप्रसाद मण्डल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

वस्तुत: समानताको हक भन्ने विषय निरपेक्ष हुन सक्दैन। संविधानको धारा १३ को उपधारा (३) मा उल्लिखित प्रतिबन्धात्मक व्यवस्थाको समग्र अध्ययन गर्दा पनि विशेष अवस्था र परिस्थितिका व्यक्तिहरूलाई विशेष व्यवस्था गर्न सकिने हुन्छ । समानता समानहरूबिच मात्र सम्भव हुन्छ। असमानबिच समान व्यवहार भएमा पनि असमानता नै हुन जान्छ । यही समानताको सिद्धान्तको मर्मलाई कार्यान्वयन गर्न सकारात्मक विभेदको अवधारणा ल्याइएको देखिने । राज्यले वर्गीकरण गरी वर्ग छुट्टाई वर्गीकरणभित्र परेका समानरूपमा रहेकाहरू (Similarly Situated) बिच सबैलाई एकै प्रकारको व्यवहार र अर्को असमानरूपमा रहेका (Dissimilarly Situated) वर्गहरूबिच सबैलाई अर्को प्रकारको व्यवहार गर्न सक्ने नै हुन्छ। सार्वजनिक सेवामा महिलाको प्रतिनिधित्व कम रहेको महसुस गरी विधायिकाले कानूनी व्यवस्थाको माध्यमबाट लामो समय सार्वजनिक सेवामा अस्थायी रूपमा रही कार्य गरेका महिलाहरूको हित संरक्षणका लागि बनाएको कानूनी व्यवस्था निवेदक जस्ता सबैले समान रूपमा प्राप्त गर्न सक्ने सामान्य समानताको सिद्धान्तभित्र पर्ने

विषय नहुने ।

पहिले सरकारी सेवा वा पदमा स्थायी नियुक्ति भई गरेको सेवा अवधि (बिचमा टुटेको भए टुटेको अवधि कटाई) र विकासतर्फको पदमा मिति २०२६।८।११ भन्दा पहिले नियुक्ति भई त्यस्तो पदमा गरेको सेवालाई अविच्छिन्न राखी स्थायी सेवामा आएका निजामती कर्मचारीको त्यस्तो साधारण तथा विकासतर्फको पदमा स्थायी रूपमा गरेको सेवा अवधि निवृत्तिभरण प्रयोजनका लागि गणना हुन सक्ने भन्ने देखिन्छ । त्यसरी नोकरी जोड्ने विषयमा तोकिएको समयभित्र निवेदकले आफूले रीतपूर्वक सेवा अवधि जोड्नको लागि सम्बन्धित निकायमा निवेदन दिएको भन्ने नदेखिने ।

वस्तुत: रिट निवेदक आफ्नो हक अधिकारप्रति उदासीन भई सामान्य कानूनी उपचारको बाटो अवलम्बनसमेत नगरी लामो समयपश्चात् अदालतको रिट क्षेत्राधिकारमा प्रवेश गरेको देखिन्छ । अर्कातर्फ रिट निवेदक मिति २०२६।८।११ भन्दा पछि मात्र सरकारी सेवामा विकासतर्फको पदमा प्रवेश गरेको सन्दर्भमा मिति २०२६।८।११ भन्दा पछि नियुक्त भएका कर्मचारीको हकमा पहिलेको सेवा अवधि गणना हुन सक्ने गरी कानूनले नै कुनै व्यवस्था गरेको नदेखिने । कानूनले निर्धारित गरेको समय सीमाभन्दा पछि नियुक्त भएका यी रिट निवेदकको हकमा उक्त व्यवस्थासमेत आकर्षित हुने भएन । निजामती सेवा नियमावलीमा भएको उक्त व्यवस्थाअनुसार समय सीमा सम्बन्धमा पनि यी रिट निवेदकले चुनौती दिएको देखिँदैन । त्यसैगरी यी निवेदकको अस्थायी सेवा अवधि गणना गरी स्थायी सेवा अवधिमा जोडाउन नपाएको कारणले मात्र निजको निवृत्तिभरण / उपदानमा असर परी निवृत्तिभरण / उपदान नपाउने अवस्था पनि नदेखिने । रिट निवेदक जस्ता पुरूष कर्मचारीहरूको हकमा निवृत्तिभरणको प्रयोजनको लागि पूर्व अस्थाई सेवा अवधि जोड्ने वा नजोड्ने विषयमा के कस्तो नीतिगत सर्त तोक्ने भन्ने कुरा विधायिकाको बुद्धिमताभित्र पर्ने हुँदा न्यायिक पुनरावलोकनको रोहमा सो विषयतर्फ विचार गरिरहनु नपर्ने ।

मूलत: रिट निवेदकले २०२६ सालभन्दा पछि मात्र विकास परियोजनामा अस्थायी सेवा गरी स्थायी / निजामती सेवामा प्रवेश गरेको पाइन्छ । जबकि अस्थायी सेवा अवधिलाई जोडिने कुरा २०२६ सालभन्दा पछाडिको अस्थायी नियुक्तिले नपाउने भन्ने स्पष्ट कानूनी व्यवस्था भएको देखिन्छ । सो व्यवस्थाउपर रिट निवेदकले कुनै चुनौती दिएको नपाइने । निजामती सेवा ऐन, २०४९ को संशोधन दफा ३७क को व्यवस्था संविधान प्रदत्त समानताको हकलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न महिला विकास कार्यक्रममा अस्थायी रूपमा कार्यरत रहेका महिला कर्मचारीहरूको लागि पटकपटकको लागि नभएर एकपटकको लागि मात्र विशेष व्यवस्था गरी लोक सेवा आयोगको परीक्षा उत्तीर्ण गरी स्थायी भएका महिला कर्मचारीहरूको लागि मात्र अस्थायी सेवा अवधि जोडी निवृत्तिभरण तथा उपदान पाउने व्यवस्था गरेको देखिने । रिट निवेदकको अवस्था, आवश्यकता एवम् परिस्थिति र यी महिला विकास कार्यक्रमअन्तर्गत अस्थायी कार्य गर्दै आएका महिला कर्मचारीहरूको अवस्था, आवश्यकता, परिस्थिति र ऐन, कानूनको व्यवस्था एवम् उद्देश्य नै फरक भएको अवस्थामा समानबिच असमान र विभेदजन्य व्यवहार भयो भन्ने निवेदकको जिकिर मनासिब मान्न नसकिने ।

संविधानले नै विधायिकालाई महिला, दलित, आदिवासी, मधेसी वा किसान मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण र विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सक्ने गरी अधिकार प्रदान गरेको र त्यसअनुसार नै विधायिकाले निश्चित समयसम्म सेवा गरेका आवश्यक योग्यता भएका महिला कर्मचारीहरूका लागि विशेष संरक्षण प्रदान गर्न गरेको निजामती ऐन, २०४९ तेस्रो संशोधन गरी दफा ३७क को व्यवस्थाले निवेदकको संविधान प्रदत्त समानताको हक हनन् भएको भन्ने

जिकिर कानूनसङ्गत नदेखिने ।

तसर्थ उपर्युक्त विवेचित आधार, कारण र प्रतिपादित सिद्धान्तहरूसमेतबाट रिट निवेदकले चुनौती दिएको निजामती सेवा ऐन, २०४९ (तेस्रो संशोधन) को दफा ३७क को व्यवस्था अन्तरिम संविधानद्वारा प्रदत्त धारा १३ को समानताको हकविपरीत भएको भन्ने नदेखिएकाले निवेदन मागबमोजिमको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रीताकुमारी बख्रेल

कम्प्युटर: विशाल खड्गी

इति संवत् २०७५ साल माघ २ गते रोज ४ शुभम् ।

३

**स.प्र.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे, मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७५-WC-०००६, उत्प्रेषण, *हरिप्रसाद अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

मूलत: करारीय दायित्व करारको परिपालनासँग सम्बन्धित विषय हो । यसको अर्थ करारीय दायित्वको परिपालनाबाट उठेको विवाद हेर्ने अधिकारक्षेत्र सुरू जिल्ला अदालतलाई हुन्छ । निवेदकले उठाएको विषयवस्तु सोही करारीय दायित्वसँग सम्बन्धित भएकोले यस संवैधानिक इजलासको कार्यक्षेत्रभित्र पर्ने विषय होइन भन्ने देखिँदैन । साधारणतः करारीय दायित्वसँग सम्बन्धी विवादहरू असाधारण अदालतको अधिकारक्षेत्रको रिट क्षेत्राधिकारबाट हेर्ने नभई सामान्य कानूनको मार्गअन्तर्गतको उपचारको विषयभित्र पर्ने ।

रिट निवेदकले युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ को नियम १५(२) र (३) मा उल्लेख भएको व्यवस्था छ, त्यसतर्फ हेर्दा ऋण दुरूपयोग गरी सावाँ, ब्याज भुक्तानी नगरेमा प्रचलित कानूनबमोजिम ऋणीबाट सावाँ, ब्याज असुल गरिने र ऋण दुरूपयोग गर्ने ऋणीलाई निजको नाम कर्जा सूचना केन्द्रमा राखी खराब ऋणीलाई पासपोर्ट नदिनेजस्ता कारबाही गरिने भन्ने व्यवस्था संविधानको धारा १७(१), धारा २५(१), धारा ४२(४) को व्यवस्थाहरूसँग बाझियो भन्ने निवेदकको कथन रहेको छ । युवा तथा स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारद्वारा जारी गरिएकोमा ऐनको दफा २ नै संविधानविपरीत भएको भन्ने निवेदन दाबी नदेखिने । कानूनबमोजिम दर्ता भएको सहकारी संस्थाले ऋण दिन सक्ने एवम् त्यस्तो ऋण तोकिएको समयमा तिर्न बुझाउन नसकेमा सो ऋणको असुली प्रक्रियालाई व्यवस्थित गर्ने भन्ने देखिन्छ । सोही नियमावलीको व्यवस्थाबमोजिम नै नेपाल केन्द्रीय जडिबुटी सहकारी संघ लिमिटेडबाट निवेदकलाई मिति २०७५।२।३१ मा गरिएको पत्राचारलाई सो कानूनी व्यवस्थाविपरीत भन्न नमिल्ने ।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ बाट नियम बनाउने अख्तियारी पाई बनाइएको युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ का व्यवस्थाहरू संविधानको धारा १७(१), २५(१) र धारा ४२(४) सँग बाझिएको देखिएन । कोषले प्रदान गर्ने ऋण र त्यसको प्रत्याभूति र फिर्ताको प्रयोजनको ऋण नतिर्ने तथा खराब ऋणीहरूउपर गरिने कारबाही, कालोसूचीमा राख्ने, घरजग्गा रोक्का राख्ने जस्ता कार्यहरू आफैँमा संविधानविपरीत भएको नदेखिएकाले यस विषयमा विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः पुजा खत्री

कम्प्युटर : विशाल खड्गी

इति संवत् २०७५ साल माघ १८ गते रोज ६ शुभम् ।

४

**स.प्र.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे,**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७५-WC-०००९, उत्प्रेषण / परमादेश, *दिनेशकुमार पाठक वि. नेपाल राष्ट्र बैंक, सुपरीवेक्षण तथा अनुगमन विभाग बालुवाटार, काठमाडौंसमेत*

रिट निवेदकले संविधानमा उल्लिखित पेसा तथा रोजगारीसम्बन्धी हकलाई उल्लिखित कानूनी व्यवस्था र राष्ट्र बैंकको निर्देशनले आघात पारेको भन्ने जिकिर लिए पनि सो व्यवस्था के कसरी मौलिक हकसँग बाझिएको एवम् निवेदकको पेसा रोजगारीसम्बन्धी हकमा आघात परेको भन्ने कुरा वस्तुगत रूपमा उल्लेख गर्न सकेको पाइँदैन । कुनैपनि कानूनी व्यवस्थाले संविधानद्वारा प्रत्याभूत गरिएका मौलिक हकउपर अनुचित रूपमा बन्देज लगाउने कार्य भएमा वा मौलिक हकउपर आघात पर्ने अवस्था देखिएमा त्यस्तो व्यवस्थालाई यस अदालतको असाधारण अधिकारक्षेत्रको रोहमा चुनौती दिन सकिने हो । तर कुनै कानून संविधानसँग बाझिएको छ भनेर मात्र पुग्दैन, त्यस्तो कानून संविधानको के कुन व्यवस्थासँग के कसरी बाझिएको भन्ने कुरा त्यसरी बाझिएको जिकिर लिनेले नै देखाउन सक्नु पर्दछ । प्रस्तुत रिट निवेदनमा निवेदकले दायर गर्नुभएको समग्र निवेदन पत्र अध्ययन गर्दा दाबीमा लिएअनुसार बैंकिङ कसुर तथा सजायसम्बन्धी ऐनको व्यवस्था संविधानसँग बाझिएको भन्ने देखिँदैन । त्यस्तै नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशिकाको उक्त व्यवस्थासमेत संविधानसँग बाझिएको निवेदकले देखाउन सकेको नपाइँदा सोतर्फ थप विचार गरिरहन नपर्ने ।

निवेदक कम्पनी कालोसूचीमा राखिनुपर्ने अवस्थाको कम्पनी हो वा होइन भन्ने कुराको संवैधानिक इजलासबाट निरूपण हुनुपर्ने विषयवस्तु होइन । संविधानको धारा १३३(१) र धारा १३७ को परिधिभित्र नपर्ने यस्तो विषयको निरूपण संवैधानिक इजलासबाट नगरिने भएकाले निवेदकले माग गरेको उत्प्रेषणको आदेशतर्फ पनि विचार गरिरहनु परेन । उल्लिखित अवस्थामा प्रस्तुत विषयमा विपक्षीहरूबाट लिखित जवाफसमेत माग गरिरहनु नपर्ने ।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट रिट निवेदकले चुनौती दिएको कानूनी व्यवस्था संविधानसँग बाझिएको नदेखिएको र कालोसूचीमा राख्ने गरेको पत्राचारसम्बन्धी विषय संवैधानिक इजलासबाट निरूपण गरिने विषय नभएकाले प्रस्तुत विषयमा विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः पुजा खत्री
कम्प्युटर: विशाल खड्गी
इति संवत् २०७५ साल पुस २७ गते रोज ६ शुभम् ।

५

**स.प्र.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे, मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७५-WC-००१५, उत्प्रेषण, *विनोद अग्रवाल वि. संघीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत*

कुनै पनि देशमा एकपटक पेटेन्ट, डिजायन र ट्रेडमार्क दर्ता भएपछि अन्य देशमा उक्त पेटेन्ट, डिजायन र ट्रेडमार्कको दर्ता नगरे तापनि स्वतः हक कायम हुने भन्ने पेरिस महासन्धिमा व्यवस्था गरिएकोमा सोविपरीत र प्रत्येक व्यक्तिको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार, सम्पत्तिसम्बन्धी अधिकार, रोजगार व्यवसाय गर्न पाउने अधिकार तथा सन्धिसम्बन्धी उल्लेख भएका संवैधानिक प्रावधानहरूसमेतको विपरीत भएकाले नेपालको पेटेन्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ मा भएको व्यवस्थालाई बदर घोषित गरिपाउँ भन्ने निवेदकको कथन रहेको देखिने ।

प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्नेसम्बन्धी हकहरू उल्लेख गरेको छ भने धारा ३३ मा प्रत्येक नागरिकलाई रोजगारीको हक छनौट गर्ने पाउने हकको समेत सुनिश्चितता गरिएको छ । यसरी आफूले नै छनौट गरेको रोजगार व्यवसायमा संलग्न भई उक्त व्यवसायबाट आर्जन भएको सम्पत्तिहरूको उपभोग गरी सम्मानपूर्वक

बाँच्न पाउने हक प्रत्येक नागरिकलाई संविधानले नै सुनिश्चित गरेको देखिने।

पेटेन्ट डिजायन र ट्रेडमार्कसम्बन्धी व्यवस्थाले पेरिस महासन्धिलाई आत्मसात् गरी विदेशमा दर्ता भएको पेटेन्ट डिजायन र ट्रेडमार्कको दर्ता प्रमाणपत्र साथै राखी दर्ताको लागि उद्योग विभागमा निवेदन दिएको अवस्थामा विभागले त्यस्तो पेटेन्ट डिजायन र ट्रेडमार्क सम्बन्धमा जाँचबुझ नै नगरी दर्ता गर्न सक्ने एवम् त्यस्तो दर्तावालालाई विभागले औद्योगिक सम्पत्तिको संरक्षण गर्ने सम्बन्धमा उक्त महासन्धिअनुसार ग्राह्यता मितिको सहुलियत प्रदान गर्ने भनी स्पष्ट व्यवस्था भएको देखिएकाले सो व्यवस्था उक्त महासन्धिविपरीत भएको भन्न मिल्ने नदेखिने।

विधायिकाले बनाएको कानूनले संविधानद्वारा प्रत्याभूत मौलिक हकलाई अनुचित तवरबाट बन्देज लगाएको अथवा कुनै कानून अन्य कुनै कारणले संविधानसँग बाझिएको अवस्थामा त्यस्तो कानूनलाई अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार यस अदालतलाई प्राप्त छ । तर रिट निवेदकले चुनौती दिएको कानूनी व्यवस्था उक्त महासन्धिसँग बाझिएको भन्ने नदेखिँदा उक्त विषयमा थप प्रवेश गरिरहन नपर्ने।

तसर्थ उल्लिखित रिट निवेदकले दाबी लिएको पेटेन्ट डिजायन ट्रेडमार्क ऐन, २०२२ को दफा २१ख. र २१ग. को व्यवस्था संविधानको धारा १६, १७, २५ र ३३ सँग बाझिन गई सो धाराले प्रत्याभूत गरेको मौलिक हकलाई अनुचित रूपमा बन्देज लगाएको वा बाझिएको भन्ने नदेखिएकाले यस विषयमा विपक्षीहरूसँग लिखित जवाफसमेत माग गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः पुजा खत्री

कम्प्युटर: विशाल खड्गी

इति संवत् २०७५ साल माघ १८ गते रोज ६ शुभम्।

६

**स.प्र.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे, मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७५-WC-००२१, उत्प्रेषण, *डिल्लीप्रसाद न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

रिट निवेदनमा निवेदकले चुनौती दिएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ मा भएको न्यायिक समितिसम्बन्धी व्यवस्था र नेपालको संविधानको धारा २१७ लाई हेर्दा कानूनबमोजिम आफ्नो क्षेत्राधिकारभित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय समिति रहनेछ भनी उल्लेख गरेको देखिने। स्थानीय सरकार सञ्चालन ऐनमा भएका उक्त व्यवस्था स्वतन्त्र न्यायपालिकाको अवधारणामा तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाबाट न्याय पाउने नागरिकको हकमा अवरोध भएको भन्ने निवेदकको कथन रहेको देखिने।

व्यक्तिको न्यायसम्बन्धी हकलाई संविधानमा मौलिक हकको रूपमा सुनिश्चित गरिनुका साथै राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा समेत उक्त व्यवस्थाहरू उल्लेख भएको पाइने।

कुनै पनि व्यक्तिले सक्षम निकायबाट निष्पक्ष, सरल, सुलभ, छिटो, छरितो, प्रभावकारी न्याय प्राप्त गर्न पाउनु निजको नैसर्गिक अधिकार रहेकोले सोहीअनुसारको संवैधानिक व्यवस्था गरी मौलिक हकको रूपमा नै न्यायसम्बन्धी हकलाई सुनिश्चित गरेको अवस्था छ। यस अर्थमा न्यायको सुनिश्चितताको लागि अदालतबाहेक पनि मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकतानुसार अन्य निकाय गठन गर्न सक्ने भन्ने कुरा संविधान स्वयम्ले परिकल्पना गरेको अवस्था देखिने।

स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेख भएको न्यायिक समितिलाई प्रदान गरिएको विवाद हेर्ने कानूनी व्यवस्थाहरूलाई हेर्दा साना प्रकृतिका अर्थात् स्थानीय स्तरमा नै समाधान गर्ने प्रकृतिका

विवादहरूको समाधान तथा निरूपण गर्ने उद्देश्य राखी न्याय प्रशासनलाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने उद्देश्यले न्यायिक समितिको गठन गरिएको देखिने । न्यायिक समितिलाई साना प्रकृतिको विवादहरूको मेलमिलापको माध्यमबाट मात्र निरूपण गर्ने अधिकारलाई केन्द्रमा राखी त्यस्ता साना प्रकृतिका विवादको सुनुवाइ गरी न्याय निरूपणसमेत गर्ने गरी क्षेत्राधिकार तोकिएको देखिने।

संविधानले परिकल्पना गरेको विकेन्द्रीकृत न्यायलाई व्यावहारिकता प्रदान गर्न तथा न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने, जनताको न्यायमा सहज पहुँचको अभिवृद्धि गर्ने उद्देश्यले समेत न्यायिक समितिको व्यवस्था गरेको देखिने। नेपालको भौगोलिक अखण्डता, सार्वभौमिकता, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता, सामाजिक, साँस्कृतिक ऐक्यबद्धता, निर्णय गर्ने संकल्पलाई चरितार्थ गर्नको लागि समयमा सहज रूपले कम लागतमा न्याय प्राप्तिकै अनुभूति दिलाउने उद्देश्य राखी न्यायिक समितिसम्बन्धी व्यवस्था गरिएको भन्न सकिने । अदालतको कार्यबोझको स्थितिको कारण, न्याय महँगो हुने आम व्यक्तिको अवधारणा र न्यायमा सरल तथा सहज पहुँच हुन नसकेको गुनासोलगायत सम्पूर्ण वस्तुस्थितिको मूल्याङ्कन गर्दा पनि न्यायिक समितिले जनताको चाहनाअनुरूप न्याय छिटो छरितो, सहज रुपमा न्यायमा पहुँच, घरदैलोमा न्याय सम्पादन गर्न सक्षम हुनेमा समेत न्यायिक समितिको अहम् भूमिका रहने देखिने।

सबै प्रकृतिको विवादले अदालतमा प्रवेश पाउने हो भने अदालतमा कार्यबोझ बढ्न गई साना तथा सामान्य प्रकृतिको विवादको निरूपणमा लामो समय लाग्ने हुन्छ। यस्ता साना तथा स्थानीय स्तरमा नै समाधान हुने प्रकृतिको विवादहरूको निरूपणका लागि तथा विशेषखालको मुद्दाहरू हेर्न विशिष्टीकृत अदालत, विशेष अदालत तथा अर्धन्यायिक निकायसमेतको परिकल्पना संविधानले नै गरेको अवस्था छ । यस सन्दर्भमा माथि उल्लेख गरिएअनुरूपको साना प्रकृतिका विवादहरूको निरूपण गर्ने उद्देश्य राखी व्यवस्था गरिएको न्यायिक समितिले व्यक्तिको न्यायसम्बन्धी हकमा बन्देज लगाएको नभई अझ विकेन्द्रीकृत, विस्तृत र विस्तार गरेको अवस्था छ । तहतह सुनुवाइ भई पक्षले एक तहबाट भएको न्यायको परीक्षण माथिल्लो तहका अदालतबाट हुने प्रावधानले पक्षलाई वास्तवमै न्यायको अनुभूति दिलाउने।

प्राकृतिक न्यायको सिद्धान्तलाई राष्ट्रियता, जात, जाति, धर्म, लिङ्ग आदि कुनै पनि किसिमको भेदभाव नगरी मानिसको रूपमा प्रकृतिले दिएको अधिकारलाई प्राकृतिक न्याय मान्नुपर्ने हुन्छ । साथै प्राकृतिक न्यायको सिद्धान्तले आफ्नो मुद्दामा आफैँ न्यायाधीश हुन नहुने, निर्णय गर्ने न्यायाधीशले दुवै पक्षको कुरा सुन्नुपर्दछ र पुर्पक्ष, पक्षपातविना र सद्भावनाले गरिएको हुनुपर्दछ भन्ने जस्ता अवधारणाको वकालत गर्ने । न्यायिक समितिमा रहेका सदस्यहरू निर्वाचन प्रक्रियाबाट आएको भए तापनि उक्त समितिले पनि न्यायका मान्य सिद्धान्त तथा प्राकृतिक न्यायको सिद्धान्तलाई आत्मसात् गरी न्याय निरूपण गर्नुपर्ने भन्ने कुरामा विवाद हुन सक्दैन। न्यायिक समितिमा रहेका सदस्यहरूले पनि विवादको निरूपण गर्दा स्वच्छ, निष्पक्ष, पक्षपातरहित भएर न्यायिक मन प्रयोग गरी, सबुत प्रमाणको मूल्याङ्कन गरी निर्णय दिनुपर्दछ भन्ने मान्यतालाई पालना गर्नुपर्ने हुनाले समितिले पूर्वाग्रह राखी न्याय निरूपण गर्ने कुरामा शङ्का गरिहाल्नु पर्ने अवस्था नदेखिने।

यसप्रकार उक्त न्यायिक समितिले केवल स्थानीय स्तरमा सिर्जना हुने साना प्रकृतिका विवादहरूको सुनुवाइ गरी निरूपण गर्ने र कतिपय विवादमा मेलमिलापद्वारा विवादको समाधान गर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा

गरिएको देखिएकोले उक्त व्यवस्थाले संविधानविपरीत अंगीकार गरेको स्वतन्त्र न्यायपालिकाको अवधारणा त्यसको मूल्य मान्यतालाई चुनौती दिएको वा नागरिकको स्वच्छ न्याय पाउने हकलाई अवरोध गरेको भन्ने अवस्था नदेखिने।

अत: विवेचित कारण आधारसमेतबाट यी निवेदकले चुनौती दिएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६, ४७, ४८, ४९ र ५० मा भएका न्यायिक समितिसम्बन्धी व्यवस्थाहरू नेपालको संविधानको धारा १६, १७ र २०(९) सँग बाझिएको भन्ने अवस्था नदेखिँदा यस सम्बन्धमा विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः पुजा खत्री

कम्प्युटर: विशाल खड्गी

इति संवत् २०७५ साल माघ ४ गते रोज ६ शुभम्।

७

**स.प्र.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या. श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे, मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७५-WC-००३७, परमादेश, *सुमन श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

मूलत: पुर्पक्षको लागि थुनामा नरहेको प्रतिवादीमध्ये कुनै एउटा पक्षलाई थुनामा नबसी पुनरावेदन गर्ने सुविधा प्रदान गर्ने र अर्को पक्षलाई सो सुविधाबाट वञ्चित गरेको अवस्थामा मात्र समानताको सिद्धान्तविपरीत हुने हो । सुरू अदालतबाट भएको कारबाहीमा एउटै मुद्दाको कुनै प्रतिवादी पुर्पक्षका लागि तारेख वा जमानतमा रहेको अवस्था र अर्को पक्ष पुर्पक्षकै लागि थुनामा रहेको अवस्था सारभूत रूपमा समान नहुने। कुनै मुद्दाका असमान अवस्थाका प्रतिवादीबिच समानताको सिद्धान्तको अवधारणा लागू गर्नु हुँदैन। त्यस्ताले पाउने सुविधा पनि समान हुँदैन। असमान अवस्थाका व्यक्तिबिच गरिएको समान व्यवहार पनि समानताको सिद्धान्तको मान्यताविपरीत हुन जान्छ । संविधानसँग बाझिएको भन्न नसकिने पृथक अवस्थाको आधारमा गरिएको कानूनी व्यवस्था आफैँमा असमान नदेखिने।

प्रस्तुत रिट एकातर्फ चुनौती दिइएको कानूनी व्यवस्था संविधानसँग बाझिएको देखिएको छैन भने अर्कातर्फ कानूनी व्यवस्था के, कसरी संविधानसँग बाझिएको हो भन्ने कुराको वस्तुगत र स्पष्ट रूपमा दाबी नगरी आत्मगत रूपमा मात्र बाझिएको भनी दाबी गरिएको विषयलाई वस्तुगत र कानूनसङ्गत मान्न नसकिने।

वस्तुत: विधायिकाले कानूनी व्यवस्थाको माध्यमद्वारा नै कुनै विषयलाई स्पष्ट रूपमा नै बाहेक गरेको अवस्थामा अदालतले बलजफ्ती रूपमा व्याख्या गरी त्यस्तो बाहेक गरेको विषयलाई समाहित हुने अर्थमा व्याख्या गर्न नमिल्ने । मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १३७ ले स्पष्ट रूपमा सुरू तहमा पुर्पक्षको क्रममा थुनामा रहेको व्यक्तिले सो फैसलाउपर पुनरावेदन गर्नुपर्दा थुनामै रहेर पुनरावेदन गर्नुपर्ने गरी किटानी व्यवस्था गरेको सन्दर्भमा समानताको सिद्धान्तको आडमा त्यस्तो व्यवस्थाको अपव्याख्या गरी सबै अवस्थाका व्यक्तिले थुनामा नरही पुनरावेदन गर्न पाउने भन्न नमिल्ने।

तसर्थ विवेचित आधार र प्रमाणहरूबाट रिट निवेदकले चुनौती दिएको साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तको व्यवस्था १९४ नं. र मुलुकी फौजदारी कार्यविधि (संहिता), २०७४ को दफा १३७(१) को (ग) र (घ) सम्बन्धी व्यवस्था नेपालको संविधानमा संरक्षित धारा १८ समानतासम्बन्धी हकको विपरीत रहेको भन्ने नदेखिँदा यस विषयमा विपक्षीहरूबाट लिखित जवाफसमेत माग गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रिताकुमारी बख्रेल

कम्प्युटर: विशाल खड्गी

इति संवत् २०७५ साल माघ ११ गते रोज ६ शुभम्।

८

**स.प्र.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या. श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे, मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७५-WC-००४३, उत्प्रेषण, *उमाशंकर रौनियार वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

प्रस्तुत रिट निवेदनमा एकातर्फ चुनौती दिइएको कानूनी व्यवस्था संविधानसँग बाझिएको देखिएको छैन भने अर्कातर्फ देवानी संहिताको सम्पत्तिसम्बन्धी कानूनी व्यवस्था के कसरी संविधानसँग बाझिएको भन्ने कुराको वस्तुगत र स्पष्ट रूपमा दाबी नगरी आत्मगत रूपमा केबल बाझिएको भनी दाबी गरेको अवस्था देखिने।

विधायिकी कानूनको संवैधानिकताको परीक्षणका लागि यस अदालतको रिट क्षेत्रमा प्रवेश गर्ने प्रत्येक व्यक्तिले वस्तुगत रूपमा कुनै कानून संविधानसँग बाझिएको देखाउन सक्नु पर्दछ । केबल बौद्धिक उत्सुकता पूरा गर्ने अभीष्टबाट मात्र यस अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गरी आउन मिल्ने होइन । यसका लागि वस्तुगत रूपमा पर्याप्त आधार र कारणहरू पनि निहित रहेको हुनुपर्छ। त्यस्तै बाझिएको भनिएको विषय प्रथमदृष्टिमा नै बाझिएको देखिनुपर्छ । कसैले बाझिएको भन्ने दाबी लिँदैमा अदालतले बलपूर्वक व्याख्या गरी बाझिएको भन्ने होइन। अदालतले कानूनको समीक्षा गरेर यस्तो कानून भइदिए अझ राम्रो हुने भनी त्यसको औचित्य खोज्ने वा कानूनको मस्यौदाकारको कार्य पनि गर्ने होइन । अदालतले दाबी गरिएको कानून स्पष्टसँग प्रथमदृष्टिमा नै संविधानसँग बाझिएको छ छैन भन्ने मात्र हेर्ने हो । प्रस्तुत रिट निवेदन पनि रिट निवेदकले केबल आफ्नो बौद्धिक उत्सुकता पूरा गर्ने सन्दर्भमा यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर गरेको देखिन आएकाले निवेदन मागबमोजिमको विषयमा थप केही विचार गरिरहनु पर्ने नदेखिने।

तसर्थ उल्लिखित विवेचित आधार, कारण र प्रमाणबाट रिट निवेदकले चुनौती दिएको मुलुकी देवानी (संहिता) ऐन, २०७४ को भाग-३ पारिवारिक कानूनको परिच्छेद १० को अंशबन्डासम्बन्धी व्यवस्था संविधानमा संरक्षित सम्पत्तिसम्बन्धी मौलिक हकको विपरीत रहेको भन्ने नदेखिँदा यस विषयमा विपक्षीहरूबाट लिखित जवाफसमेत माग गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रिताकुमारी बख्रेल

कम्प्युटर: विशाल खड्गी

इति संवत् २०७५ साल फागुन ३ गते रोज ६ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७४-WO-०७९०, उत्प्रेषण / परमादेश, अनमोल अधिकारीसमेत वि. नेपाल इन्जिनियरिङ कलेज चाँगुनारायण, भक्तपुरसमेत

रिट निवेदकहरू पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त नेपाल इन्जिनियरिङ कलेज चाँगुनारायण भक्तपुरमा २००९ सालमा BE Civil को लागि भर्ना भई हालसम्म स्नातक तह उत्तीर्ण गर्न सकेको देखिँदैन । पोखरा विश्वविद्यालयका आङ्गिक तथा सम्बन्धन प्राप्त स्कुल/कलेज/महाविद्यालयहरूमा स्नातक, स्नातकोत्तर तथा एम.फिल. तहमा भर्ना भई सम्बन्धित कार्यक्रमले तोकेको न्यूनतम समयावधिसम्म नियमित विद्यार्थीका रूपमा अध्ययन सम्पन्न गरेका तर विश्वविद्यालयले तोकेको अधिकतम समयावधिभित्र सम्पूर्ण मापदण्डहरू पूरा गर्न नसकि विश्वविद्यालयले प्रदान गर्ने उपाधि प्राप्त गर्न असफल भएका विद्यार्थीहरूका लागि एक पटक विशेष मौका परीक्षाको व्यवस्था गर्नको लागि विश्वविद्यालयको मिति २०७४।४।३२ मा सम्पन्न भएको १८ औं साधारण

सभाले निर्णय गरेको देखिन्छ । सोही निर्णयबमोजिम मिति २०७४।६।२७ मा विशेष मौका परीक्षा सञ्चालनसम्बन्धी कार्यविधि, २०७४ स्वीकृत भई मिति २०७४।७।१७ मा विशेष मौका परीक्षा आवेदन फाराम भर्नेसम्बन्धी सूचना प्रकाशन भएको देखिने ।

रिट निवेदकहरू २००९ सालमा भर्ना भएको तथ्य निर्विवादित रहेकोले २००९ देखि ८ वर्ष २०१७ सम्म हुन आउने देखिन्छ । विशेष मौका परीक्षाको सूचना मिति २०७४।७।१७ मा प्रकाशित भएको देखिन्छ भने परीक्षाको फाराम भर्ने अन्तिम समयावधि मिति २०७४।९।३ सम्म रहेको देखिन्छ । उक्त समयसम्म निवेदकहरूको अधिकतम समयावधि ८ वर्ष पूरा भएको नदेखिँदा निवेदकहरू विश्वविद्यालयले सूचना आह्वान गरेको विशेष मौका परीक्षा दिन पाउने अधिकतम अवधि ननाघेको देखियो । निवेदकहरूले समानताको हकको प्रचलनको लागि प्रस्तुत रिट निवेदन दायर गरेको देखिए पनि समानता समानहरूबिच लागू हुन्छ । असमान अवस्थाका व्यक्तिहरूबिच समान व्यवहार हुन सक्दैन । यसरी विशेष मौका परीक्षामा सहभागी हुन पाउनेको लागि तोकिएको सीमासर्तमा यी निवेदकहरू नपरेको देखिएकोले मिति २०७५।१।२ मा पोखरा विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयले प्रकाशन गरेको सूचनाबाट निज निवेदकहरूको समानतासम्बन्धी हक अधिकारमा आघात परेको मान्न नमिल्ने ।

तसर्थ विवेचित आधार कारणबाट पोखरा विश्वविद्यालयको १८ औं साधारण सभाको निर्णयले विशेष मौका परीक्षाको सुविधा प्राप्त गर्नको लागि यी निवेदकहरू योग्य नभएकोले मिति २०७५।१।२ मा पोखरा विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयबाट प्रकाशित सूचनाबाट यी निवेदकहरूप्रति भेदभावपूर्ण नरहेकोले समानतासम्बन्धी मौलिक हक अधिकार हनन् भएको मान्न नमिल्ने हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन । यस अदालतबाट मिति २०७५।१।२८ मा जारी भएको अन्तरिम आदेश निष्क्रिय भई प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर : विकेश गुरागाईं

इति संवत् २०७५ साल कात्तिक ८ गते रोज ५ शुभम् ।

२

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७४-CR-०४७५, कर्तव्य ज्यान, टिकाराम कुमाल वि. नेपाल सरकार

मृतकको लास जाँच मुचुल्कामा घोप्टो अवस्थामा रहेको लासको नाक मुखबाट रगत बगी सुकेको, अनुहार सुन्निएको, घाँटीको रूद्र घण्टी वरपर छाला खोस्रिएको निलडाम रहेको भन्ने उल्लेख भएको तथा शव परीक्षण प्रतिवेदनमा हेर्दा मृत्युको कारणमा Death due to Asphyxia due to strangulation" Opinion मा Sings of struggle present, Patterned abrasion on neck, Haemorrhage on subcutaneous tissue and strap muscles of neck. fracture of thyroid cartilage and cervical spine भन्ने उल्लेख भएको पाइने ।

वारदातको प्रकृति र परिवेशलाई मध्यनजर गर्दा प्रतिवादीमध्येकी सुनौली कुमालसँग मृतक र प्रतिवादी टिकाराम कुमाल दुवैको सम्बन्ध रहेको देखिन्छ । प्रतिवादी टिकाराम कुमालले प्रतिवादी सुनौली कुमाल अरू केटाहरूसँग हिँडेको देखेमा रिस गर्ने गर्दथ्यो भनी स्वयम् सुनौली कुमालले अदालतको बयानमा उल्लेख गरेको देखिन्छ । वारदातको दिन पनि मृतक र प्रतिवादी सुनौली कुमाल सँगै बसी रक्सी सेवन गरिरहेको अवस्थामा मृतक र प्रतिवादीबिच विवाद भई मोबाइल खोसाखोस भएको र टर्चलाइटसमेत फुटाली दिएको कारणबाट मृतक र प्रतिवादीबिच तानातान हुँदा प्रतिवादीले मृतकमाथि कुटपिट गरेको कुरामा प्रतिवादी साबित रहेको देखिने ।

प्रस्तुत वारदातको प्रकृति हेर्दा तत्काल उठेको रिसको कारण कुटपिट भए पनि मृतकको घाँटी थिचिएको कारण निजको मृत्यु भएको तथ्य

शव परीक्षण प्रतिवेदनबाट स्पष्ट भएको पाइन्छ । घाँटीमा थिचिएको कारणबाट मृत्यु भएको देखिँदा यी प्रतिवादीको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित नभई ऐ. को १३(३) नं. आकर्षित हुने देखिँदा प्रतिवादी फुर्से भन्ने टिकाराम कुमाललाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू अर्घाखाँची जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मिलेकै देखिने ।

मृतकको मृत्यु प्रतिवादीकै कुटपिटबाट भएकोमा विवाद नदेखिए पनि मार्ने मनसाय प्रतिवादीको थियो कि भन्ने सन्दर्भमा हेर्दा मनसाय तत्त्वको विद्यमानताको मापन निजले गरेको कार्यको आधारमा हुनसक्ने विषय रहेको देखिन्छ । मृतकले प्रतिवादीको मोबाइल खोसेको निहुँमा भएको कुटपिटको कारणबाट निजको मृत्यु भएको, मार्ने पूर्वयोजना र मनसाय प्रतिवादीमा रहेको नदेखिएको अवस्थासमेतले सजाय निर्धारणमा अहम् भूमिका खेल्ने देखिने ।

उल्लिखित तथ्य र परिस्थितिहरूको आधारमा प्रतिवादी फुर्से भन्ने टिकाराम कुमाललाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा इन्साफको रोहमा चर्को पर्न जाने देखिएकोले प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष सजाय गर्दा कसुरको अनुपातमा सजायको मात्रा पुग्ने नै देखिँदा निज प्रतिवादीलाई १०(दश) वर्ष मात्र कैद हुने ।

इजलास अधिकृतः ज्ञानेन्द्र इटेनी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल कात्तिक ११ गते रोज १ शुभम् ।

३

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७४-CR-०६२६, कर्तव्य ज्यान, *सुजन गौतम वि. नेपाल सरकार*

मिति २०७२।८।६ गते बिहान दुर्गाकुमारी शिवाकोटी मृत अवस्थामा छिन् भन्ने जानकारी पाई निजको घरमा पुग्दा निज विस्तरामा मृत अवस्थामा थिइन्, कोठामा विषादीको गन्ध आएको थियो, निजको श्रीमान् सुजन गौतम घरमा थिएनन्, लासको टाउकोको पछाडि धारिलो हतियारले काटेको चोट भई रगत बगी कपाल र विस्तरासमेत भिजेको थियो, निधारमा टुटुल्को उठेको थियो, निजको कर्तव्यबाट मृत्यु भएको यकिन भई बुझ्दा अघिल्लो दिन श्रीमान् श्रीमतीको विवाद भई श्रीमान्ले कुटपिटसमेत गरेको थाहा भएको र घटनास्थलको अवस्था हेर्दा निजको श्रीमान्ले कुटपिट गरी धारिलो हतियारले टाउकोमा हानी हत्या गरी विषसमेत खुवाएको हुनुपर्छ भनी मौकामा बुझिएका रामचन्द्र बर्तौला र ताराबहादुर घिसिङले गरी दिएको कागजसमेतले मृतकको मृत्यु प्रतिवादीकै कर्तव्यबाट भएको तथ्यलाई पुष्टि गरिरहेको देखिने ।

मृतकको शव परीक्षण प्रतिवेदनमा Cause of death will be assertained after the variable toxicological भन्ने उल्लेख भएको देखिन्छ भने भिसेरा जाँच परीक्षण प्रतिवेदनमा The exhibits no 1, 2 and 4 have shown positive test for organo-phosphorus insecticide भन्ने उल्लेख भएको देखिएबाट प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष मृतकलाई कुटपिट गरी विषसमेत खुवाएको भनी गरेको बयान बेहोरा समर्थित भइरहेको देखिन्छ । यी प्रतिवादीले अदालतमा बयान गर्दा कसुर गरेकोमा इन्कार रही बयान गरे तापनि निजलाई डर, धाक, दबाब वा प्रभावमा पारी अनुसन्धान अधिकारीसमक्ष बयान गराएको हो भनी निज प्रतिवादीले भन्न वा सो बेहोराको कुनै उपयुक्त प्रमाण प्रस्तुत गर्न सकेको पनि देखिँदैन ।

सुरू फैसलामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) र १३(२) को कसुर यी प्रतिवादीले गरेको कुरा उल्लेख भए पनि सजायको परिमाणमा तात्त्विक भिन्नता हुने अवस्था नरहेकोले सोही कारणबाट विपक्षी झिकाउनु पर्ने भन्ने पुनरावेदकको कानून व्यवसायीको जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार र कारणहरूबाट

पीडितलाई कुटपिट गरी विष खुवाएको भनी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानको समर्थन शव परीक्षण र भिसेरा परीक्षण प्रतिवेदनबाट देखिई निजले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. को कसुर गरेको तथ्यको पुष्ट्याई भएकोले सर्वस्वसहित जन्मकैद गर्ने गरी भएको उच्च अदालत, पाटन, हेटौंडा इजलासको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ज्ञानेन्द्र इटेनी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल कात्तिक ११ गते रोज १ शुभम्।

४

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-CI-००६६, निषेधाज्ञा / परमादेश, *रोहितकुमार विसुराल वि. बद्रीप्रसाद अर्याल*

मेरो नाउँमा दर्ता रही हकभोग रहेको नुवाकोट जिल्ला खड्गभञ्ज्याङ गा.वि.स. वडा नं. ४ कि.नं. १३३० को क्षेत्रफल ०-१२-०-० जग्गाको मुखमा पारी विपक्षीले त्रिसुली नदीमाथि स्टिल स्ट्रस्ट R.C.C. पुल निर्माण गरिरहेको र सो पुलको निर्माण समाप्त भई चालु हुँदा मान्छेहरू हिँड्ने बाटोको प्रभावले सो जग्गा मैले भोगचलन गर्न नपाउने अवस्था रहेको हुँदा सो जग्गाको क्षतिपूर्ति पाउँ भनी विपक्षी कार्यालयमा निवेदन दिई पटकपटक ताकेता गर्दासमेत विपक्षीले हालसम्म जग्गा प्राप्ति ऐनअनुसार क्षतिपूर्ति दिई वा अन्य जग्गा सट्टा भर्ना दिई लिने प्रक्रियासमेत अगाडि नबढाएको कारणले मलाई साह्रै नै अन्याय परेको छ। विपक्षीहरूको उक्त कार्य सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ र ४, जग्गा प्राप्ति ऐन, २०३४ र नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त हक तथा नेपालको संविधानको धारा २५(२) समेतका विपरीत भएकोले विपक्षीहरूले उल्लिखित जग्गाको विषयमा कुनै निर्णय गरेको भए उत्प्रेषणको आदेशद्वारा बदर गरी कानूनबमोजिम बाहेक निवेदकको उल्लिखित कि.नं.१३३० को जग्गामा कुनै हस्तक्षेप नगर्नु, बाटो निर्माण कब्जा नगर्नु नगराउनु भन्ने निषेधाज्ञायुक्त अदालतमा अन्य जो चाहिने आदेश विपक्षीहरूको नाउँमा जारी गरिपाउँ भन्ने मुख्य निवेदन दाबी रहेको देखिने।

न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(क) मा सर्वोच्च अदालतलाई उच्च अदालतले सुरू कारबाही र किनारा गरेको मुद्दामा पुनरावेदन सुन्ने अधिकार हुनेछ भन्ने प्रावधान रहेको छ। उक्त व्यवस्थाको मूल अभिप्राय भनेको उच्च अदालतले सुरू अधिकार ग्रहण गरी कारबाही र किनारा गरेको मुद्दामा मात्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्ने अवस्था हो। निवेदकले निषेधाज्ञायुक्त उत्प्रेषण परमादेशलगायत जो चाहिने आदेश जारी गरिपाउँ भनी मिति २०७३।१।८ मा पुनरावेदन अदालत पाटनमा रिट निवेदन दायर गरेको र सो रिटमा मिति २०७३।८।१ मा उच्च अदालत पाटनबाट फैसला भएको देखिएबाट उक्त विषय सुरू कारबाही र किनारा हुने मुद्दाका प्रकृतिको नभई रिट क्षेत्राधिकार ग्रहण गरी दर्ता भई कारबाही र किनारा भएको अवस्था देखिन्छ। पुनरावेदक प्रत्यर्थी डिभिजन सडक कार्यालय, नुवाकोटले न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम यस अदालतमा मिति २०७४।४।२६ मा पुनरावेदन पत्र दर्ता गराउनु भएकोमा ऐ. दफा ९(१) को व्यवस्थालाई टेकेर निज पुनरावेदक प्रत्यर्थीले यस अदालतमा पुनरावेदन गर्न सक्ने अवस्था नदेखिने।

अतः न्याय प्रशासन ऐन, २०७३ मिति २०७३।६।३ देखि लागू भएकोमा प्रस्तुत फैसला २०७३।८।१ मा भएको पाइयो। न्याय प्रशासन ऐन, २०७३ को दफा ९ मा सर्वोच्च अदालतले पुनरावेदन सुन्ने व्यवस्था भएकोमा दफा ९(१)(क) मा उच्च अदालतले सुरू कारबाही र किनारा गरेको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भएको तर प्रस्तुत निवेदन मुद्दा नभई रिट निवेदन भएकोले पुनरावेदनको क्षेत्राधिकार ग्रहण गरी निर्णय गरिरहन पर्ने प्रकृतिको नभएकोले प्रस्तुत पुनरावेदन खारेज हुने।

इजलास अधिकृत: ज्ञानेन्द्र इटेनी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल कात्तिक १४ गते रोज ४ शुभम्।

**इजलास नं. १**

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६९-WO-०५७९, उत्प्रेषण, *रविन्द्र लम्साल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

नेपालगन्ज-कोहलपुर-सुर्खेत राजमार्गको चौडाई मध्य रेखाबाट दुवैतिर २५।२५ मिटर हुने भनी नेपाल सरकारले मापदण्ड तोकेको भए तापनि नेपालगन्ज तथा कोहलपुर बजार क्षेत्रको सडक खण्डको दायाँबायाँ २५।२५ मिटर खाली गराउँदा सोबाट स्थायी संरचना मन्दिर, मस्जिद, गुरूद्वार, सरकारी कार्यालयहरू, बैंक तथा वित्तीय संस्थाहरू एवम् व्यक्तिगत सम्पत्तिको क्षति हुने देखिएको, नेपालगन्ज नगरपालिकाद्वारा सडकको दुवैतर्फ २१/२१ मिटरमा नक्सा पास गरी घर बनाउन स्वीकृति दिएको, ए.डि.वि.को कार्यक्रमअनुसार सडक विस्तारका लागि तत्काल दुवैतर्फ २०/२० मिटर मात्र आवश्यक पर्ने भन्ने देखिएको नेपालगन्ज कोहलपुर सुर्खेत राजमार्गको जमुनाह-कोहलपुर सडकको कि.मि. ४+२५० (गणेशमान चोक) देखि कि.मि. ७+३०० (कारकादो चोक) सम्म ३.०५ कि.मि. नेपालगन्जको मुख्य व्यापारिक क्षेत्र भएकोले सडक केन्द्र रेखाबाट २५X२५ मिटर कायम गर्दा ३२२ वटा घरहरू भत्कने र कोहलपुर बजार क्षेत्र कि.मि. २०+९०० देखि २१+७५० कि.मि. सम्म ८५० मिटरमा सडक सीमा २५x२५ मिटर कायम गर्दा १५३ वटा घर भत्किन गई पूरै नगरक्षेत्र विस्थापित हुने अवस्था रहेकोले दुवै बजार क्षेत्रको स्थानीय बासिन्दाले अनुरोधसमेत गरेको आधारमा मध्यपश्चिम डिभिजन सडक कार्यालय नं. ३ नेपालगन्जबाट अनुरोध भई सडक विभाग तथा भौतिक योजना निर्माण तथा यातायात व्यवस्था मन्त्रालयसमेतको सहमतिमा सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ ले दिएको आधार प्रयोग गरी उक्त नेपालगन्ज र कोहलपुर बजार क्षेत्रमा उक्त सडकको दायाँ बायाँ दुवैतिर २१ देखि २५ मिटरको क्षेत्रलाई Built up Area घोषणा गर्ने गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६९।६।४ मा निर्णय भएको उक्त निर्णयको प्रतिलिपिबाट देखिँदा कानूनले दिएको अधिकार प्रयोग गरी औचित्यतासमेतको आधारमा नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको उक्त निर्णयलाई अन्यथा भन्न मिल्ने नदेखिने।

यसरी नेपालगन्ज-कोहलपुर-सुर्खेत राजमार्गको चौडाई नेपाल सरकारले सडकको बिचबाट दायाँ बायाँ २५x२५ मिटर हुने भनी मापदण्ड कायम गरेको भए तापनि नेपालगन्ज बजार क्षेत्र र कोहलपुर बजार क्षेत्रमा उक्त मापदण्डअनुसार सडक विस्तार गर्दा सडकको भौगोलिक स्थिति (फोटोग्राफी) र बस्तीको कारण उक्त क्षेत्रका मन्दिर, मस्जिद, गुरूद्वार सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाका कार्यालयहरू र व्यक्तिगत रूपमा निर्माण भएका स्थायी संरचना घर, पर्खालहरू भत्किने भई बजार नै विस्थापित हुने अवस्था भएकोले स्थानीय व्यक्तिहरूसमेतको अनुरोधमा सार्वजनिक तथा निजी सम्पत्तिको क्षति कम गरी बजार विस्थापन हुनबाट जोगाउने उद्देश्यले सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपालगन्ज कोहलपुर सुर्खेत राजमार्गको नेपालगन्ज कोहलपुर बजार क्षेत्रको उपर्युक्त सडक खण्डको दुवैतिर २१ मिटरदेखि २५ मिटर क्षेत्रलाई Built up area (बस्तीक्षेत्र) कायम गर्ने गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६९।६।४ मा भएको निर्णय कानूनसम्मत देखिएको र उक्त स्थानको सडकको निर्माण कार्यसमेत सम्पन्न भइसकेको भनी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट पत्र प्राप्त भएको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था विद्यमान नदेखिएकोले प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: अरूणकुमार कोइराला

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल पुस १८ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-०१५३, सरकारी छाप दस्तखत किर्ते, *नेपाल सरकार वि. जोगमान तामाङ*

जग्गाधनी सुष्मा तामाङको नामको कि.नं. १८६९ को क्षे.फ.०-५-३-० जग्गा निज जग्गाधनीको तर्फबाट निजको अधिकृत वारेस बनी सीता गिरीले प्रतिवादी जोगमान तामाङलाई मिति २०६५।२।३१ मा र.नं. ख३५१५ बाट पारित भएको देखिन्छ । सो जग्गा त्यसरी राजीनामा गरी रजिस्ट्रेसन पारित हुनुपूर्व मिति २०६४।५।१४ मा ललितपुर जिल्ला अदालतबाट अधिकृत वारेसनामा दिने सुष्मा तामाङ लिने सीता गिरी भई सुष्मा तामाङको नाउँको कि.नं. १८६९ बेचबिखन गर्न पाउने गरी अधिकृत वारेसनामा पारित दिएको भन्ने देखिएको छ । जग्गा बिक्री गर्न पाउने अधिकृत वारेस बनाई सुष्मा तामाङको तर्फबाट सीता गिरीले सो जग्गा प्रतिवादी जोगमान तामाङलाई बिक्री गरिदिएकोमा तत्पश्चात् निज जोगमान तामाङले चेमनलाललाई बिक्री गर्न लाग्दा सुष्मा तामाङले थाहा पाई मालपोत कार्यालयमा उजुर गरेपछि ललितपुर जिल्ला अदालतमा बुझ्दा ललितपुर जिल्ला अदालतबाट उल्लिखित अधिकृत वारेसनामा प्रमाणित नै नभएको भन्ने जवाफ प्राप्त भएपछि प्रतिवादीहरू जोगमान तामाङ, चेमनलाल तामाङसमेतउपर पश्चात् सरकारी छाप दस्तखत किर्तेमा सजाय गरिपाउँ भन्ने अभियोग दाबी लिएको देखिने।

प्रतिवादी जोगमान तामाङले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष गरेको बयानमा मालपोत कार्यालयका डोर कर्मचारी ३ जना र सीता गिरी, अर्जुन कार्की भई अधिकृत वारेसनामाबाट आफूले राजीनामा पास गरी लिएको तथ्यसम्म स्वीकार गरे तापनि रू. २ लाख पाउने आशले कुमार पाण्डेको विश्वासमा परी सीता गिरीबाट आफ्नो नाममा जग्गा पारित गरिलिएको हो। सीता गिरीलाई जग्गा पारित हुने दिन मात्र देखेको हो । अधिकृत वारेसानामा किर्ते हो भन्ने आफूलाई थाहा भएन। किर्ते अधिकृत वारेसनामा बनाउने कार्यमा आफ्नो संलग्नता छैन भनी कसुरमा इन्कार भएको देखिन्छ । अधिकृत वारेसनामा किर्ते बनाउने कार्यमा यी प्रतिवादी जोगमान तामाङको संलग्नता थियो भनी वादी पक्षले पुष्टि गर्न सकेको देखिँदैन। घटनामा पीडित भनिएकी सुष्मा तामाङले मौकामा गरेको कागजमा जोगमानसमेतको मिलेमतोमा अधिकृत वारेसनामा किर्ते गरेको भनी उल्लेख गरेपनि निजलाई अदालतमा उपस्थित गराई निजको भनाइलाई पुष्टि गरेकोसमेत देखिँदैन। पीडित सुष्मा तामाङले मिति २०६५।३।३ मा जोगमानबाट जग्गा फिर्ता गरी लिइसकेको मिसिलबाट देखिएको छ । यी प्रतिवादी जोगमान तामाङको मिलेमतोमा किर्ते अधिकृत वारेसनामा बनाएको भन्ने कुनै साक्षी प्रमाण देखिँदैन। किर्ते अधिकृत वारेसनामा दिने लिने र अन्तरसाक्षीमा जोगमान तामाङ संलग्न रहेको देखिँदैन।

प्रस्तुत मुद्दामा सरकारी कागजको किर्ते गर्ने कार्य अधिकृत वारेसनामा किर्ते बनाई गरेको देखिन्छ । तर अधिकृत वारेसनामा किर्ते बनाउने कार्यमा यी प्रतिवादी जोगमान तामाङको संलग्नता पनि नदेखिएको र सो अधिकृत वारेसनामा किर्ते रहेको थाहा पाई पाई अधिकृत वारेसनामामार्फत जग्गा राजीनामा पारित गरी लिएको भन्नेसमेत देखिँदैन । त्यस्तै अर्को प्रतिवादी चेमनलाल श्रेष्ठको हकमा विचार गर्दा प्रतिवादी चेमनलाल श्रेष्ठले जोगमान तामाङको नामको माथि उल्लिखित कि.नं.१८६९ को क्षे.फ.०-५-३-० को जग्गा किन्न बैना गरेको देखिन्छ। जग्गा किन्न बैनासम्म दिएको अवस्था रहेको र अधिकृत वारेसनामा किर्ते गर्ने कार्यमा प्रतिवादी चेमनलाल श्रेष्ठको कुनै किसिमको संलग्नता भएको भन्ने मिसिलबाट देखिँदैन।

अत: प्रतिवादीहरू जोगमान तामाङ र चेमनलाल श्रेष्ठले अधिकृत वारेसनामा किर्ते गर्ने मतलबमा पसी अभियोग दाबीबमोजिम सरकारी छाप किर्ते गर्ने कुनै किसिमको कार्य गरेको वा संलग्नता रहेको वस्तुनिष्ठ आधार वादी पक्षले पेस गर्न नसकेको अवस्थामा शङ्काको भरमा मात्र फौजदारी कसुरमा

सजाय ठहर गर्न मिल्ने देखिएन । अधिकृत वारेसनामा किर्ते बनाउने कार्यमा यी प्रतिवादीहरू जोगमान तामाङ र चेमनलाल श्रेष्ठको कुनै संलग्नता नभएपछि तत्पश्चात् कानूनबमोजिमको प्रक्रिया पूरा गरी जग्गा खरिद बिक्रीमा संलग्न भएकै आधारमा यी प्रतिवादीहरूलाई आफूलाई थाहा जानकारी वा संलग्न नभएको अधिकृत वारेसनामा किर्ते गरी सरकारी छाप दस्तखत किर्ते मुद्दामा सजाय गर्न मिल्ने नदेखिँदा सुरू भक्तपुर जिल्ला अदालतले प्रतिवादीहरू जोगमान तामाङ र चेमनलाल श्रेष्ठलाई सफाइ दिने ठहऱ्याएको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिने ।

तसर्थ, विवेचित आधार प्रमाणबाट प्रतिवादी जोगमान तामाङ र प्रतिवादी चेमनलाल श्रेष्ठलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०६७।२।१९ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६९।२।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल साउन १६ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-RB-०२८५, बैंकिङ कसुर, *GHITA HUZUM समेत वि. नेपाल सरकार*

प्रतिवादीहरू तीनैजना रोमानियन नागरिकहरू रहेको, निजहरूले एक पटक अन्य देशमा फौजदारी अपराध गरी सो बापतको सजाय भोगिसकेको, निजहरू यसअघि पनि नेपाल आई यहाँको वस्तुस्थितिबारेमा जानकार रहेको, यसपटक पुनः नेपाल आई यहाँको बैंकिङ प्रणालीमा रहेको ATM System का गोप्य सूचनाहरू अनधिकृतरूपमा संकलन गरी नक्कली ATM कार्ड बनाई सोबाट अनधिकृतरूपमा रकम झिकी सोलाई वैदेशिक मुद्रामा परिणत गरी आफ्नो देश लैजाने योजनाका साथ ATM System बाट डाटा चोर्ने, सोबमोजिमको नक्कली ATM कार्डहरू बनाउने, सो नक्कली कार्डबाट अनधिकृतरूपमा अन्य व्यक्तिको खाताको रकम झिक्ने प्रयोजनका लागि आवश्यक पर्ने विभिन्न इलेक्ट्रोनिक्स डिभाइसहरूका साथ नेपाल आई ठमेलस्थित नेपाल तारा होटेलमा कोठा लिई बसी उक्त गैरकानूनी काम गरिरहेको अवस्थामा पक्राउ परेको, पक्राउ परेपछि निजहरू बसेको कोठा खानतलासी गर्दा निजहरू बसेको कोठाबाट उपर्युक्तबमोजिमको गैरकानूनी काम गर्दा प्रयोग गरिएको र प्रयोग गर्नका लागि सञ्चित गरी राखिएको विभिन्न इलेक्ट्रोनिक्स डिभाइसहरूका साथ नेपाली रू.३,०८,५००।- र युरो रू.१०,९०५।- समेत बरामद भएकोले बरामद गरिएको उक्त रकमहरू निज प्रतिवादीहरू तीनैजना मिली उपर्युक्तबमोजिमको बैंकिङ कसुरजन्य कार्य गरी नेपाली रूपैयाँ जम्मा गरी केही नेपाली रूपैयाँ युरोमा सटही गरी केही नेपाली मुद्रामै राखेको देखिने ।

यसरी प्रतिवादीहरू तीनैजनाबाट गरिएको उपर्युक्त कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ५ र ६ बमोजिमको कसुरजन्य कार्य रहेको र सो गरेबापत प्रतिवादीहरूलाई ऐ. ऐनको दफा १५(२)(ख) बमोजिमको सजायको मागदाबी रहेको प्रस्तुत मुद्दामा वादी दाबीबमोजिमको कसुरजन्य कार्य प्रतिवादीहरू तीनैजना मिली गरेको ठहऱ्याई निजहरूलाई दाबीबमोजिम जनही २ वर्ष कैद र बिगो रू.१५,७९,०४१।- (पन्ध्र लाख उनासी हजार एकचालीस रूपैयाँ) बराबरको जरिवाना हुने र बरामद रकममध्ये नेपाल इन्भेष्टमेन्ट बैंकको दाबीबमोजिमको रू.११,२८,५००।- (एघार लाख अट्ठाइस हजार पाँचसय रूपैयाँ) उक्त बैंकलाई भराई बाँकी बिगो रू.४,५०,५४१।- (चार लाख पचास हजार पाँच सय एकचालीस रूपैयाँ) को हकमा दाबी उजुर परेको बखत सम्बन्धित निकाय वा व्यक्तिलाई भराइ दिने; कसैको उजुर नपरे कानूनबमोजिम हुनेगरी धरौटी खातामा आम्दानी बाँध्ने ठहऱ्याई भएको उच्च अदालत, पाटनको फैसला कानूनसम्मत र न्यायपूर्ण नै देखिन आउने ।

प्रतिवादीहरूले बैंकिङ कसुर गर्ने उद्देश्यले प्रयोग गर्न उक्त सरसामान नराखेका भए झोलासहितका उक्त सरसामानहरू निजले आफूले राख्नुपूर्व हेरी राख्न हुने नहुनेबारे बुझी यकिन गरी अनि मात्र राख्नुपर्ने थियो। यदि निजका साथीले जबरजस्ती उक्त सामान निजका कोठामा राख्न आएको वा राखेको भए निजले तत्काल उक्त होटेलका व्यवस्थापकलाई वा नजिकको प्रहरी कार्यालयमा सोबारे सूचना गरी जानकारी गराउनु पर्दथ्यो। तर निज प्रतिवादीहरूले सोबमोजिम जानकारी नगराउनुका अतिरिक्त उक्त बरामदी इलेक्ट्रोनिक्स डिभाइसहरूकै प्रयोग गरी दाबीको कसुरजन्य कार्य गरेको देखिएबाट समेत प्रतिवादीहरूको उक्त जिकिर आफूहरूले गरेको बैंकिङ कसुरको सजायबाट बच्न सकिन्छ कि भन्ने उद्देश्यले मात्र लिएको देखिन आयो। तसर्थ; पुनरावेदक प्रतिवादीहरूको उक्त जिकिर स्वीकारयोग्य नदेखिने।

प्रतिवादीहरू नेपाल आउँदा के कति रकम सँगसाथमा ल्याएका थिए भन्ने तथ्यको सम्बन्धमा कुनै प्रामाणिक अभिलेख प्रतिवादीहरूले पेस गर्न नसकेको, निजहरूले सो सम्बन्धमा नेपाल प्रवेश गर्दाकै बखत स्वघोषणा गर्नुपर्नेमा सो गरेकोसमेत नदेखिएको र निजहरू नेपाल प्रवेश गरेदेखि पक्राउ पर्दाको बखतसम्म निजहरूले नेपाल बस्दाको अवधिमा भए गरेको खर्चको आधिकारिक तथा कानूनसम्मत विवरणसमेत यी प्रतिवादीहरूले पेस गर्न सकेको नदेखिएबाट प्रतिवादीहरू तीनैजनाले नेपाल प्रवेश गर्दा आफ्नो सँगसाथमा ल्याएका रकमहरू निजहरूको नेपाल बसाइको अवधिमा खर्च भइसकेको र प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा बरामद भएको सबै रकमहरू प्रतिवादीहरूले दाबीबमोजिम बैंकिङ कसुर गरी आर्जन गरेको भन्ने मान्नुपर्ने।

प्रतिवादीहरूबाट बरामदमध्ये नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको दाबीबमोजिमको उक्त रकम उक्त बैंकलाई तत्काल भराउनुपर्ने देखियो भने प्रतिवादीहरूबाट बरामद अन्य रकमबारे अन्य व्यक्ति वा संस्थाको उजुरी दाबी पर्न सक्ने सम्भावना रहेकोले उक्त बाँकी रकम पनि सुरक्षित तवरले राख्नुपर्ने देखिन्छ। किनकि आफ्नो खाताबाट रकम चोरिएको बारे तत्काल थाहा पाउने व्यक्तिले सम्बन्धित बैंकलाई तुरून्त जानकारी गराए भने रकम चोरिएको तत्काल थाहा नपाएका व्यक्ति वा निकायले पछि सोबारे थाहा पाउने बित्तिकै सम्बन्धित बैंकलाई थाहा दिने गर्दछन्। यसैकारण उक्त बाँकी रकमबारे थाहा पाई दाबी गर्न आएका बखत ठहरेबमोजिम सम्बन्धित व्यक्ति वा संस्थालाई फिर्ता दिने गरी र कसैले फिर्ता माग्न नआए कानूनबमोजिम हुनेगरी बाँकी रकम तत्कालका लागि उच्च अदालत पाटनको धरौटी खातामा राख्ने गरी भएको उच्च अदालत पाटनको फैसलालाई अन्यथा भन्नुपर्ने अवस्था देखिँदैन। तसर्थ; नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको निवेदन दाबीमा उल्लेख भएभन्दा बढी रकमको बिगो कायम गरी सोहीबमोजिमको दफा लगाई बढी जरिवाना गरेको हुँदा सो हदसम्मको उच्च अदालत पाटनको फैसला उल्टी गरी हामीलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(२)(क) बमोजिम मात्र सजाय गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको वैकल्पिक पुनरावेदन जिकिरसँग समेत सहमत हुन नसकिने।

अतः उपर्युक्त आधार, कारण र प्रमाणहरूको विश्लेषणबाट प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरू IOSIF MORARU, GHITA HUZUM र ALEXE CRISTIAN BUGHIURLAN ले सामूहिकरूपमा विभिन्न गैरकानूनी कार्डहरूको प्रयोग गरी अभियोग दाबीबमोजिम रू.१५,७९,०४१।- (पन्ध्र लाख उनासी हजार एकचालीस रूपैयाँ) अनधिकृतरूपमा बैंकबाट निकाली बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ५ र ६ बमोजिमको कसुर गरेको देखिएको आधारमा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १५(२)(ख) बमोजिम जनही २ वर्ष कैद र बिगोबमोजिमको रू.१५,७९,०४१।- (पन्ध्र लाख उनासी हजार एकचालीस रूपैयाँ) जरिवाना भई नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडले दाबीबमोजिमको रू. ११,२८,५००।- (एघार लाख अट्ठाइस हजार पाँच सय

रूपैयाँ) भराई पाउने र बाँकी बिगो रू. ४,५०,५४१।- (चार लाख पचास हजार पाँच सय एकचालीस रुपैयाँ) का हकमा दाबी उजुर परेको बखत सम्बन्धित निकाय वा व्यक्तिले भराई लिन पाउने, कसैको दाबी उजुर नपरेमा कानूनबमोजिम हुनेगरी उच्च अदालत पाटनको धरौटी खातामा आम्दानी बाँध्ने ठहऱ्याई उच्च अदालत पाटनबाट भएको मिति २०७४।०४।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल मङ्सिर १० गते रोज २ शुभम्।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-WH-००५९, बन्दीप्रत्यक्षीकरण / प्रतिषेध / परमादेश, *डा. जयकान्त राउत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

जिल्ला प्रहरी कार्यालय, रौतहटले निवेदकलाई पक्राउ गर्दाको जरूरी पक्राउ पुर्जी कानूनबमोजिम जारी गरिएको र सोलाई रौतहट जिल्ला अदालतबाट कानूनबमोजिम नै स्वीकृत गरिएको तथा निजलाई अनुसन्धानको सिलसिलामा प्रहरी हिरासतमा राख्ने अवधिको पटकपटकको म्याद थपको अनुमतिसमेत साँधिकार निकायबाट कानूनसम्मत तवरले नै माग गरिएको र सोलाई कानूनसम्मत तवरबाटै सम्बन्धित रौतहट जिल्ला अदालतबाट अनुमति प्रदान गरिएको देखिएबाट निवेदकको थुना गैरकानूनी र बेरीतपूर्ण रहेको भन्ने नदेखिने।

निवेदकले थुना विरूद्ध पहिले रौतहट जिल्ला अदालतमा दायर गरेको यस्तै प्रकृतिको बन्दीप्रत्यक्षीकरणको निवेदन मिति २०७५।६।२२ मा खारेज भएपछि पुनः उच्च अदालत जनकपुरको विरगञ्ज इजलासमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दर्ता गरेको र सो अदालतबाट समेत उक्त रिट निवेदन मिति २०७५।७।१ मा खारेज हुने ठहरी आदेश भएको देखिएबाट प्रस्तुत विषयमा यसपूर्व २ पटक अधिकारक्षेत्रप्राप्त अदालतबाट न्यायिक परीक्षणसमेत भइसकेको देखिन्छ। त्यसरी २ पटकसम्म न्यायिक परीक्षण भई उक्त थुनालाई रीतपूर्वकको तथा कानूनसम्मत ठहर भइसकेपछि सो आदेशहरूलाई स्वीकार गरी रौतहट जिल्ला अदालतमा आफूसमेतका विरूद्धमा दायर भएको उक्त राज्य विरूद्धको संगठित कसुरको मुद्दामा उपस्थित भई बयान गरी सुनुवाइको मौकाको सदुपयोग गरी न्यायिक प्रक्रियामा सहभागी हुनुपर्नेमा सो नगरी पुनः प्रस्तुत रिट निवेदन लिई यस अदालतसमक्ष आएबाट अदालतमा दायर भई विचाराधीन रहेको मिसिलमा हुने निर्णयलाई प्रभावित तुल्याउने गरी निवेदकको निवेदनलाई सम्बोधन गर्नुपर्नेसमेत मिसिलको प्रकृतिबाट देखिँदैन। किनकि बन्दीप्रत्यक्षीकरणको रिटबाट विचाराधीन विवादास्पद तथ्यमा प्रवेश गर्न मनासिब नहुने।

प्रस्तुत निवेदनको सन्दर्भमा निवेदकउपर संगठित अपराधसमेतको आरोपित कसुरमा अख्तियारप्राप्त निकायले अनुसन्धान गरी साधिकार अदालतमा मुद्दा नै दर्ता भइसकेको एउटा अवस्था देखिन्छ। त्यसैगरी आफूलाई राखिएको थुनाको सन्दर्भमा रौतहट जिल्ला अदालत र उच्च अदालत जनकपुरको विरगञ्ज इजलासमा निवेदकले बन्दीप्रत्यक्षीकरणको निवेदन दिई निजको थुनाको वैधता बारेमा जाँच भइसकेको अवस्थासमेत विद्यमान देखिन्छ। यसरी साधिकार निकायबाट अनुसन्धान भई सोको आधारमा मुद्दा चली मुद्दा नै दायर भइसकेको अवस्था भएकोले अदालतमा मुद्दा दर्ता भई विचाराधीन रहेको यस्तो अवस्थामा विचाराधीन रहेको मुद्दामा हुने निर्णयलाई प्रभावित तुल्याउने गरी निवेदकले माग गरेबमोजिमको आदेश जारी गर्न उपयुक्त हुने देखिँदैन। बन्दीप्रत्यक्षीकरणको लागि सम्बन्धित अधिकारीबाट कानून उल्लङ्घन भएको प्रथमदृष्टिमै देखिनुपर्ने र अधिकारक्षेत्रको त्रुटि विद्यमान भई सर्वव्यापी सिद्धान्तको उल्लङ्घन भएको देखिनुपर्ने हुन्छ। सो कुरा प्रस्तुत मिसिलमा नदेखिने।

अतः निवेदक डा. सि.के. राउत भन्ने चन्द्रकान्त राउतलाई निजउपरको राज्य विरूद्धको

संगठित कसुरको अनुसन्धान तहकिकातको प्रयोजनको लागि पक्राउ पुर्जी दिई मिति २०७५।६।२१ मा पक्राउ गरी थुनुवा पुर्जी दिई रौतहट जिल्ला अदालतबाट पटकपटक म्याद थपसमेत लिई जिल्ला प्रहरी कार्यालय, रौतहटको हिरासतमा राखी उक्त कसुरको अनुसन्धान भइरहेको अवस्था र स्थितिलाई लिई परेको प्रस्तुत रिट निवेदनको सन्दर्भमा उपर्युक्त प्रकरणहरूमा भएको विश्लेषणको आधारमा निवेदकको थुना बेरीतपूर्ण वा गैरकानूनी रहेको नदेखिँदा निवेदन माग दाबीबमोजिमको आदेश जारी गरिरहनु परेन । तसर्थ; प्रस्तुत रिट निवेदन खारेज हुने ।

रिट निवेदन खारेज हुने ठहरेकोले यी निवेदक डा. सि.के. राउत भन्ने चन्द्रकान्त राउतलाई निज विरूद्ध मिति २०७५।८।१२।४ मा रौतहट जिल्ला अदालतमा दर्ता भई विचाराधीन रहेको स.फौ.नं. ०७५-CI-०१०४ को राज्य विरूद्धको संगठित कसुर मुद्दामा बयानका लागि उपस्थित गराउने गरी विपक्षी जिल्ला प्रहरी कार्यालय, रौतहट, गौरलाई जिम्मा लगाई पठाउनू ।

इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल मङ्सिर १७ गते रोज २ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CI-००५८, उत्प्रेषण / परमादेश, *मालपोत कार्यालय, सप्तरी राजविराज वि. शुशीलादेवी सिंह*

संवैधानिक व्यवस्थाअनुरूप अर्को उपचारको व्यवस्था अथवा साधारण अधिकार क्षेत्रको व्यवस्था नभएको वा सो व्यवस्था भए पनि सो उपचार अपर्याप्त भएको अवस्थामा मात्र रिट क्षेत्राधिकार आकर्षित हुने भन्ने रिटको सिद्धान्त रहेकोमा सोको परिपालना निवेदक र स्वयम् पुनरावेदन अदालत राजविराजबाट समेत भएको देखिएन । यस स्थितिमा पुनरावेदन अदालत राजविराजबाट भएको आदेशसँग सहमत हुन नसकिने ।

तसर्थ, उल्लिखित आधार कारणबाट मालपोत कार्यालय, सप्तरीले जिल्ला अदालत सप्तरीबाट हक कायम गराई ल्याउनु भनी निवेदिकालाई सुनाएकोमा अदालतबाट प्रमाण बुझी हक बेहकतर्फ निर्णय हुनसक्ने नै भएकाले वैकल्पिक उपचारको बाटो छँदाछँदै रिट क्षेत्रबाट निर्णय गर्न नमिल्ने हुँदा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत राजविराजको मिति २०६९।९।२९ को आदेश मिलेको नदेखिँदा बदर हुने ।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल माघ १० गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CI-०६९७, उत्प्रेषण / परमादेश, *वीरेन्द्र साह सोनार वि. चतुरनारायण साहसमेत*

निवेदकका नाउँको म्याद रीतपूर्वक नै तामेल भएको देखिँदा सो म्यादलाई मुलुकी ऐन, अ.बं.११० नं. विपरीत तामेल भएको भन्न मिल्ने हुँदैन । मुलुकी ऐन, अ.बं.२०८ नं. मा म्याद बेरीतसँग तामेल भएको अवस्थामा ६ महिनाभित्र थाहा पाएका मितिले ३५ दिनभित्र अदालतसमक्ष उपस्थित हुनुपर्ने भन्ने कानूनी व्यवस्था छ । यी पुनरावेदक / निवेदकले ऐनको उपर्युक्त प्रक्रिया अवलम्बन गरेको देखिँदैन । अन्य वैकल्पिक कानूनी उपचारको मार्ग नभएको अवस्थामा मात्र रिट क्षेत्राधिकार आकर्षण हुन सक्ने रिटसम्बन्धी सामान्य सिद्धान्तको परिपालनासम्म नगरी यी पुनरावेदक / निवेदक रिट क्षेत्राधिकारको माध्यमबाट अदालतमा प्रवेश भएको अवस्थामा निवेदन मागबमोजिमको उपचार प्रदान हुन नसक्ने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिँदैन । निवेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, उल्लिखित आधार कारणहरूबाट

प्रस्तुत निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।२।२३ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनुपमा पन्त
कम्प्युटर: रमेश आचार्य
इति संवत् २०७४ साल माघ ७ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-०२०६, ०७२-RC-०१०४, कर्तव्य ज्यान, *लोकेन्द्रबहादुर वि.क. वि. नेपाल सरकार, नेपाल सरकार वि. लोकेन्द्रबहादुर वि.क*

पुनरावेदकले अधिकारप्राप्त अधिकारी एवम् अदालतमा बयान गर्दा आफूले लिएको रू.५,०००।– मध्ये रू.३,०००।– दिन्छु भनी मृतकलाई बोलाई निजसँगै बसी रक्सी सेवन गरेको र त्यसपछि झगडा हुँदा मृतकलाई आफूले कुटेको कुरामा साबित भएको पाइन्छ। प्रत्यक्षदर्शीको रूपमा अनुसन्धानमा कागज गर्ने सोभान घर्ती र विनोद भन्ने लिलाराज वि.क. ले अनुसन्धानमा कागज गर्दा प्रतिवादी र मृतकका बिचमा हानाहान भएको र मृतकलाई प्रतिवादीले हात र लात्तीले हानेको हो भनी आ–आफ्नो बेहोरा लेखाई दिई निजहरूले अदालतसमेतमा आई उक्त अनुसन्धानमा लेखाएको बेहोरालाई पुष्टि हुने गरी बकपत्र गरिदिएको देखिएबाट मृतक ढकबहादुर र यी पुनरावेदकबिच झगडा भई कुटाकुट भएको भन्ने बुझिन्छ। अनुसन्धानमा कागज गर्ने शान्ति वि.क. ले अनुसन्धानको कागजलाई समर्थन गर्दै अदालतमा बकपत्र गर्दा प्रतिवादीले मृतकलाई कुटपिट गरेको कारणबाट निज मृतकको मृत्यु भएको हो भनी लेखाइदिएको तथा जाहेरवाला गोरी कामीले यी पुनरावेदक प्रतिवादीउपर दिएको किटानी जाहेरी बेहोरालाई समर्थन गर्दै अदालतमा बकपत्र गर्दा मृतक ढकबहादुरको मृत्यु लोकेन्द्रबहादुर वि.क. ले कुटपिट गरेको कारणबाट भएको हो भनी लेखाई दिएकोसमेतका मिसिल संलग्न प्रमाणहरूबाट मृतक ढकबहादुर वि.क. र प्रतिवादी विष्णु भन्ने लोकेन्द्रबहादुर वि.क. बिच कुटपिट भएको र सोही कुटपिटको क्रममा ढकबहादुरको शरीरमा लागेको चोटको कारण निजको मृत्यु भएको भन्ने तथ्य समर्थित भएको देखिने।

पुनरावेदक / प्रतिवादीको कार्य अभियोग दाबीबमोजिमकै कसुरअन्तर्गत पर्ने देखिएको सन्दर्भमा पुनरावेदक / प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई भएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७१।९।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन।

पुनरावेदक र मृतकबिच थोरै रकम लेनदेनको विषयमा झगडा भई कुटपिट भएको भन्ने देखिन्छ। झगडा हुँदा निजहरूले मादक पदार्थसमेत सेवन गरेका र लात मुक्काले हानाहान हुँदा मृतकको शरीरका संवेदनशील अङ्गहरू (टाउको, छाती) मा समेत चोट लागी सोही चोटको कारण मृतकको मृत्यु भएको भन्ने देखिने।

कुटपिटको क्रममा कुनै हातहतियार तथा लाठा ढुंगासमेत प्रयोग भएको देखिँदैन भने मृतकलाई मार्नुपर्ने कुनै खास कारण वा पूर्वयोजना यी पुनरावेदकसँग रहे भएको तथ्य कहीँकतैबाट खुल्न आएको नदेखिएबाट मृतकलाई मार्ने मनसाय यी पुनरावेदकसँग थियो भनी भन्न मिल्नेसमेत देखिएन। तसर्थः यस्तो अवस्थाको वारदातको कसुरमा यी पुनरावेदकलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने।

प्रचलित दण्डको सिद्धान्तअनुसार अपराधीलाई सजाय गर्नुको उद्देश्य निजलाई सुधार्नु हो, निजसँग बदला लिनु होइन। अपराधीलाई सुधार्न र समाजमा हुने आपराधिक मनोवृत्तिलाई निरूत्साहित गर्न कैद दण्डले सहयोग पुऱ्याउनु पर्दछ, साथै कसुरदारलाई दण्ड सजाय तोक्दा अपराधको प्रकृति, अपराध हुँदाको परिस्थिति तथा अपराध गर्नेको

मनसायसमेतलाई सूक्ष्म ढङ्गले विचार, विश्लेषण मनन गरी प्रचलित दण्डको सिद्धान्तसमेतलाई ध्यानमा राखी दण्ड तोक्नु पर्ने भएबाट ज्यान मार्ने कुनै योजना र मनसाय नभएको तथा मादक पदार्थसमेत सेवन गरेका समयमा लेनदेनको विषयमा झगडा भई सामान्य कुटपिट हुँदा लात मुक्काले हानेको चोटको कारण मृतकको मृत्यु भएको देखिएको अवस्थामा यी कसुरदारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. मा उल्लेख भएको हदैसम्मको सजाय गर्नु न्यायपूर्ण हुने देखिएन। अत: निज पुनरावेदक प्रतिवादी लोकेन्द्रबहादुर वि.क.लाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल पुस २३ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-WO-१३२८, उत्प्रेषण / परमादेश, *शशीकान्त झा वि. सामान्य प्रशासन मन्त्रालयसमेत*

निवेदकको जन्ममिति नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रमा फरकफरक देखिएकोमध्ये नागरिकतामा वर्ष मात्र उल्लेख भई पूरा जन्ममिति नखुलेको र शैक्षिक योग्यताको प्रमाणपत्रमा पूरा जन्ममिति खुलेको तथा यी २ प्रमाणपत्रमा उल्लिखित जन्ममितिहरूको बिचमा १ वर्षभन्दा कमको अन्तर रहेको देखियो । यस्तो अवस्थाले निजामती सेवा नियमावली, २०५० को नियम १०२क(३) सँग निकट सम्बन्ध राख्ने भएकाले प्रस्तुत मुद्दामा विवादित भएको अवकाश उमेर निर्धारण गर्ने सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम १०२क को उपनियम (३) को व्यवस्था नै आकर्षित हुने।

निजामती सेवा नियमावली, २०५० को नियम १०२क को उपनियम (३) मा भएको कानूनी व्यवस्थाअनुसार कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र कुनै प्रमाणपत्रमा पूरा जन्ममिति खुलेको तथा ती जन्ममितिहरूको बिचमा १(एक) वर्षसम्मको अन्तर भएमा पूरा खुलेको जन्ममितिलाई आधार मान्नुपर्ने भएबाट प्रस्तुत मुद्दामा रिट निवेदकको अनिवार्य अवकाश उमेर निर्धारण गर्ने प्रयोजनको लागि शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको पूरा खुलेको जन्ममितिलाई आधार मान्नुपर्ने हुन आई सो प्रमाणपत्रमा उल्लिखित मिति २०१६।७।२६ लाई नै रिट निवेदकको जन्ममिति कायम गरी अनिवार्य अवकाश हुने उमेर गणना गर्नुपर्ने हुन आयो। त्यसरी गणना गर्दा रिट निवेदकको ५८ वर्षे अवधि मिति २०७४।७।२५ मा पूरा हुने हुँदा मिति २०७४।७।२६ बाट लागू हुने गरी निजलाई अवकाश दिनुपर्ने देखिने।

अतः माथि प्रकरण प्रकरणहरूमा विवेचित तथ्य, आधर र कारणसमेतबाट रिट निवेदकलाई मिति २०७४।७।२६ बाट लागू हुने गरी अनिवार्य अवकाश दिनुपर्नेमा मिति २०७४।१।१८ बाटै अनिवार्य अवकाश दिने गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सचिवस्तरबाट मिति २०७४।२।२६ मा भएको निर्णय र मिति २०७४।२।२८ को पत्र, सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।२।२४ को राय दिएको पत्र र ती निर्णय पत्रसँग सम्बन्धित अन्य पत्र र काम कारबाहीसमेत रिट निवेदकको मागबमोजिम उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब रिट निवेदकलाई उल्लिखित कानूनी व्यवस्थाका आधारमा मिति २०७४।७।२६ बाट लागू हुने गरी अनिवार्य अवकाश दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल पुस २८ गते रोज ६ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री हरिकृष्ण कार्की,** ०७०-CI-०५७७, दर्ता कायम दर्ता फारीसमेत, *प्रयागमान कायस्थ वि. चुडामणि*

*कायस्थसमेत*

विवादित कि.नं. २४४ र २४५ को जग्गामा साबिकदेखि नै पुनरावेदकका माता / पिताको नाममा संयुक्त दर्ता रहेको आधारमा पुनरावेदक वादी तथा प्रतिवादीहरूको नाममा संयुक्त दर्ता कायम भएको र दर्ता गर्दा सो जग्गामध्ये कसको कति हिस्सा हुने भन्ने खुलेको पाइएन। यस्तो अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ६(ख) को कानूनी व्यवस्थाअनुसार विवादित जग्गामा पुनरावेदक वादी तथा प्रतिवादीहरू सबैको बराबर हिस्सा रहेको अनुमान गर्नुपर्ने देखिँदा कि.नं. २४४ को जग्गामध्ये ०-१-२-२ र कि.नं. २४५ को ०-१४-३-० पूरै जग्गामा पुनरावेदक वादीको नाउँमा दर्ता फारी गरी चलन चलाई पाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित तथ्य, कानूनी व्यवस्था तथा प्रमाणबाट आफ्नो भागजति दर्ता फारी माग गरेका बखत सोही समयमा कानूनबमोजिम दर्ता फारी हुने नै हुँदा फिराद दाबी पुग्न नसक्ने ठहर गरी भएको भक्तपुर जिल्ला अदालतको मिति २०६८।३।१३ को फैसलालाई उल्टी गरी पुनरावेदक वादीले कि.नं.२४४ र २४५ को जग्गाहरूबाट नरमकरम मिलाई ३ (तीन) खण्डको १ (एक) खण्ड दर्ता फारी चलन चलाई पाउने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।३।९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७४ साल मङ्सिर ४ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७३-CR-०६८२, भ्रष्टाचार, *उषा शर्मा यादव वि. नेपाल सरकार*

प्रतिवादी उषा शर्मा यादवले राष्ट्रसेवकको ओहोदा पाउने र सोमा नियुक्ति भई लाभ लिने उद्देश्यले भारतको बिहार विद्यालय परीक्षा समितिअन्तर्गत High School Marriay Baluwa केन्द्रबाट द्वितीय श्रेणीमा उत्तीर्ण गरेको प्रमाणपत्र पेस गरेको र उक्त प्रमाणपत्र नक्कली एवम् झुट्ठा देखिन आएको हुँदा निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुरमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९(२) एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी रहेको मुख्य आरोपपत्र बेहोरा देखियो। यी पुनरावेदकले मौकामा एवम् अदालतसमक्ष बयान गर्दा आफूले सन् १९९६ मा परीक्षा दिएरै पास गरी एस.एल.सी.को प्रमाणपत्र प्राप्त गरेको भनी नक्कली भएको कुरामा इन्कार रही बयान गरेको पाइन्छ। उक्त एस.एल.सी.को प्रमाणपत्र गजेन्द्र नारायण सिंह सगरमाथा अञ्चल अस्पताल राजविराजमा स्टाफ नर्सको पदमा सेवा प्रवेशको लागि २०६६ सालमा पुनरावेदकले पेस गरेको भन्ने कुरा निजले विशेष अदालतमा गरेको बयानबाट समेत पुष्टि हुन आउँछ। उक्त प्रमाणपत्र प्रमाणीकरणको लागि सम्बन्धित बिहार विद्यालय परीक्षा समिति भारतमा पठाउँदा USHA SHARMA वर्ष १९९६ रोल नं. ६२०९ अनुक्रमाङ्क ०१२२ योग ३३३१४६ Fail, High School Mariaya Baluwa कैफियतमा Not Verified भनी उल्लेख भई आएको देखिने।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३२ मा अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा कुनै पनि सरकारी निकाय वा सार्वजनिक संस्था वा कसैको सहयोग माग गर्न सक्ने व्यवस्था रहेको पाइन्छ। सोबमोजिम प्रस्तुत मुद्दामा अनुसन्धान कार्य अगाडि बढेको कुरामा आशङ्का देखिँदैन। नक्कली भनिएको प्रमाणपत्रको प्रतिलिपिसम्म उपलब्ध भएको र उक्त प्रमाणपत्रमा उल्लिखित रोल नं., श्रेणी, विद्यालयको विवरण, योग आदि सबै आफ्नो हो भनी प्रतिवादीले बयानमा स्वीकार गरेको देखिन्छ। निजको उक्त प्रमाणपत्रको आधिकारिकता सम्बन्धमा छानबिन गर्न उच्च माध्यमिक शिक्षा परिषद् र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोली

भारतको बिहारस्थित सम्बन्धित बोर्डमा गई विवरण ल्याएको भन्ने कुरा उच्च माध्यमिक शिक्षा परिषद्को मिति २०७१।१२।१९ को सुरू मिसिल संलग्न पत्रबाट देखिन आउने।

परिषद् एवम् आयोगको टोलीबाट अनुसन्धान भई पेस भएको विवरण सही हो भन्ने कुरा अन्यथा प्रमाणित नभएसम्म अदालतले अनुमान गर्नुपर्ने भन्ने प्रमाण ऐन, २०३१ को दफा ६(ङ) मा व्यवस्था भएको पाइन्छ । सो कुरा अदालतले अनुमान गर्नुपर्ने होइन भन्ने कुरा प्रमाण पुऱ्याउने भार त्यस्तो कुरा खण्डन गर्न चाहने पक्षको नै हुने कानूनी व्यवस्था पनि प्रमाण ऐन, २०३१ को दफा २९ मा भएको र सोअनुसार पुनरावेदिकाले अदालतको अनुमान खण्डन गर्न प्रमाण पुऱ्याउन सकेको पनि नदेखिएको हुँदा विशेष अदालत काठमाडौंबाट अभियोग दाबीबमोजिमको कसुर ठहर भएको फैसला मिलेको देखिने।

तसर्थ विवेचित आधार, कारण एवम् प्रमाणहरूबाट प्रतिवादी उषा शर्मा (यादव) ले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ ले परिभाषित कसुर गरेको ठहऱ्याई निज प्रतिवादीलाई सोही ऐनको दफा १६(१) बमोजिम ६ महिना कैद र रू.१०,०००।- जरिवानासमेत हुने ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०७३।३।९ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पुस ११ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७०-WO-०४२०, उत्प्रेषण, *शम्भु भारती वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

खरिद सम्झौताबमोजिमको कार्यको गुणस्तरीयता नभएको भन्ने कुरा सम्झौताको अवधि समाप्त भएपछि जानकारीमा आएको अवस्थामा समेत सम्झौताविपरीत कार्य गर्ने पक्षलाई कानूनबमोजिम कारबाही गर्न सक्ने नै देखिने।

निवेदकलाई सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०६८।३।२२ मा ३ वर्षको लागि कालोसूचीमा राख्ने गरी निर्णय भएको देखिन्छ । सो निर्णय बदरका लागि रिट निवेदक मिति २०७०।९।३ मा मात्र अदालत प्रवेश गरेको पाइयो । ३ वर्षका लागि कालोसूचीमा राख्ने गरी भएको निर्णय बदरका लागि सो निर्णय भएको २ वर्ष ६ महिना भुक्तान भएपछि मात्र प्रस्तुत रिट दायर हुन आएको र हाल उक्त निर्णयबमोजिमको अवधि भुक्तानसमेत भइसकेको पाइन्छ। जुन निर्णय बदरका लागि रिट निवेदन दायर भएको थियो सो निर्णयबमोजिमको कार्य सम्पन्न भई निवेदक भगवती ट्रेडर्ससमेतलाई कालोसूचीमा राख्ने समयावधि समाप्त भई कालोसूचीबाट हटिसकेको देखिँदा निवेदनको औचित्य नै समाप्त भएको पाइने।

अतः विवेचित तथ्य एवम् प्रमाणको आधारमा रिट निवेदकलाई कालोसूचीमा राख्ने भनी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०६८।३।२२ मा भएको निर्णयबमोजिमको ३ वर्षको समयावधि व्यतित भई निवेदनको औचित्य नै समाप्त भएको देखिँदा रिट जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

उपरजिस्ट्रारः इन्दिरा शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल जेठ १४ गते रोज २ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-WO-०४६८, उत्प्रेषण, *उर्मिलादेवी झासमेत वि. पुनरावेदन अदालत हेटौंडासमेत*

एकासगोलका अंशियारहरूबिच अंश दर्तासमेतका मुद्दा चली विचाराधीन रहेको अवस्थामा विपक्षी रेणु झाले रौतहट जिल्ला अदालतमा दायर गरेको महिला घरेलु हिंसा मुद्दामा निज रेणु झा तथा

निजका छोरीहरूको भरणपोषणको लागि मासिक रू.४५००।- भराइदिने भन्नेसमेतको आदेश तथा सो आदेशलाई सदर गरेको पुनरावेदन अदालतको आदेशबाट आफूहरूको संवैधानिक हक अधिकारमा आघात परेकोले उक्त आदेशहरू उत्प्रेषणको आदेशले बदर गरी पाउन निवेदन मागदाबी लिएको देखिने।

निवेदन दाबीको महिला घरेलु हिंसा मुद्दा (CG-३७६) मा वादी दाबी नपुग्ने ठहरी रौतहट जिल्ला अदालतबाट मिति २०७१।९।२४ मा फैसला भइसकेको भन्ने रौतहट जिल्ला अदालतको लिखित जवाफबाट देखिन आयो। रौतहट जिल्ला अदालतको फैसलाबाट नै निवेदन दाबीको विवादित विषयको निरूपण भइसकेको भनी निवेदकतर्फका विद्वान् वरिष्ठ अधिवक्ताले बहसको क्रममा स्वीकार गर्नुभएको पाइयो। यसरी साधारण क्षेत्राधिकारबाट नै मूल मुद्दा नै फैसला भइसकेको अवस्थामा सो मुद्दाको कारबाहीको क्रममा जारी भएको आदेशउपर परेको प्रस्तुत रिट निवेदनको औचित्यता समाप्त भएको देखियो । औचित्यहीन विषयमा निरर्थक प्रयोजनको लागि रिट जारी हुन नसक्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: महेश खनाल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल चैत ५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-CI-१७०१, जग्गा खिचोला, *राम अशिष यादव वि. दुखरन राय अमात*

विवादको नक्सा नं. ५ को जग्गा वादी दुखरन राय यादवले आफ्नो कि.नं १६९ भित्रको हो भनी र पुनरावेदक प्रतिवादी रामअशिष यादवले उक्त न.नं ५ को जग्गा आफ्नो कि.नं ५७३ भित्रको हो भन्ने विषय नै प्रस्तुत मुद्दाको विवादको विषय देखिन्छ। उक्त जग्गाको नाप हेर्दा, दक्षिणमा ६ फिट, पूर्वमा र पश्चिममा ११७ फिट, उत्तरमा शून्य फिट भएको र उक्त जग्गामा ८ फिट मोटो करमाको रूख-१ समेत भएको, उक्त न.नं ५ को जग्गा रूख निज प्रतिवादी रामअशिष यादवले नै भोग गरी आएको भन्ने उल्लेख भई आएको देखिन्छ। मिसिल संलग्न नक्सा प्रिन्ट हेर्दा, उक्त जग्गाको आकृति उत्तरबाट दक्षिण सिधा रहेको भन्ने देखिन्छ। अर्थात् प्रतिवादीको कि.नं ५७३ को जग्गा र अन्य कि.नं १५० र कि.नं १५१ को जग्गाको उत्तर दक्षिण रेखाङ्कन पूर्ण रूपमा सिधा रहेको कुरा नापी कार्यालयको नक्सा ब्लुप्रिन्टबाट देखिन्छ भने अदालतबाट भई आएको नक्सामा उक्त सिधा रेखा केही छड्के भई २०२४ सालमा भएको सर्वे नक्सामा देखिने ठीक सिधा रेखाको हदसम्म मिल्न भिड्न आएको देखिँदैन । २०२४ सालमा नै सम्पन्न भएको नापी कार्यालयको नक्सामा पक्षहरूबिच विवाद नदेखिएको स्थिति र अदालतबाट भई आएको नक्सामा वादीले दाबी गरेको क्षेत्र साबिक सर्वे नक्सासँग केही फरक पर्न गएको र सर्वे नक्सा प्रतिवादीको दाबीबमोजिम नै देखिएको स्थितिमा नापी कार्यालयको नक्सा प्रिन्ट नै आधिकारिक मान्नुपर्ने।

वादीले निज पुनरावेदकबाहेकका अन्य प्रतिवादीहरूसमेत उपर सुरू अदालतमा मुद्दा दायर गरेको देखिएको र उक्त अदालतबाट विवादित जग्गाहरूको नाप नक्सा हुँदा अन्य प्रतिवादीहरूको जग्गासमेत निजहरूको साबिक जग्गा स्रेस्ताभन्दा केही बढेको अवस्था मिसिल संलग्न कागजातबाट देखिन्छ । साथै सुरू अदालतले वादीको नपुग जग्गाको हकमा कुनतर्फ खिचोला गरेको भन्ने कुरा यकिन गर्न नक्सा प्रिन्टबमोजिम ट्रायल चेक गरी नापी कार्यालयको नक्साबमोजिम के कति जग्गा रहेको छ भन्ने कुरासमेत भिडाई फैसला गर्नुपर्नेमा सो गरेको देखिँदैन । अतः साँध सँधियारमा रहेका विवादित कि.नं. का जग्गाहरूको क्षेत्रफलसमेत बढेको देखिएको स्थितिमा वादीको जग्गा निज प्रतिवादीले नै खिचोला गरेको भन्ने अर्थ गर्नु कानूनसम्मत हुने नदेखिँदा सुरू अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत जनकपुरको फैसलाले प्रमाणको वस्तुनिष्ठ मूल्याङ्कन नगरेको हुँदा उक्त फैसला मिलेको छैन भन्ने पुनरावेदन जिकिर र सोही बेहोराको पुनरावेदकका तर्फबाट उपस्थित विद्वान् कानून

व्यवसायीको बहस जिकिरसमेत अन्यथा देखिएन। यस स्थितिमा वादीको कि.नं.१६९ न.नं.४ को क्षेत्रफल नाप नक्साअनुसार ०-७-८ रही स्रेस्ताभन्दा ०-०-४ जग्गा कम भएको अवस्थामा न.नं.५ को ०-०-३-१३१/२ जग्गा जोड्दा वादीको स्रेस्ता र ट्रायल चेकअनुसार लगभग पुगेको देखिएको अवस्था रहेकोले न.नं. ५ को ०-०-३-१३१/२ जग्गा र सो जग्गामा रहेको करमाको रूख १ समेत प्रतिवादी रामअशिष यादवले खिचोला गरेको ठहऱ्याई वादीलाई चलनसमेत चलाई दिने गरी भएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत जनकपुरको फैसला मिलेको देखिन नआउने।

अतः उपर्युक्त विवेचित आधार प्रमाणबाट पुनरावेदक प्रतिवादी रामअशिष यादवका नाउँमा दर्ता स्रेस्ता रही निजकै भोगमा रहेको उक्त न.नं.५ को जग्गाको नक्सा आकृति प्रकृतिसमेतबाट उक्त जग्गा कि.नं.५७३ भित्रको देखिएको र नक्साको प्रकृतिसँग मेल नखाएको स्थितिमा न.नं ५ को क्षेत्रफल ०-०-३-१३१/२ जग्गा वादीको ठहऱ्याई सो जग्गामा रहेको करमाको रूख १ समेत प्रतिवादी रामअशिष यादवले खिचोला गरेको ठहऱ्याएको सुरू महोत्तरी जिल्ला अदालतको मिति २०७०।२।१२ को फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।९।२० को फैसला नमिलेकोले उल्टी भई पुनरावेदक प्रतिवादीको भोगचलन रहेको उक्त न.नं ५ जनिएको जग्गामा समेत प्रत्यर्थी वादीको फिराद दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: कमलकान्त जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल पुस १९ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-WO-०८१६, उत्प्रेषण / परमादेश, *हेमचन्द्र झा वि. पुनरावेदन अदालत जनकपुरसमेत*

अ.बं.१७ नं.को अधिकारक्षेत्र भनेको मुद्दाको काम कारबाहीमा बेरीत भएमा वा म्याद नाघेको देखिएमा त्यस्तो कारबाहीलाई बदर गरी कानूनबमोजिम गर्न लगाउनसम्म सक्छ । तर मातहत अदालत वा अड्डाको विचाराधीन मुद्दामा प्रत्यक्ष वा परोक्ष असर पर्ने गरी पुनरावेदन तहबाट आदेश गर्न मिल्दैन । त्यसरी विचाराधीन मुद्दालाई असर पर्ने देखिएमा त्यस्तो आदेश रिट क्षेत्रबाट बदर हुन सक्छ । अंश मुद्दा विचाराधीन भएको अवस्थामा अदालतले वादी प्रतिवादीबाट पेस भएका प्रमाणसमेत बुझी वादी प्रतिवादी सबैबाट श्री सम्पत्तिको तायदाती माग गरेको अवस्थामा रहेको अ.बं.१७ नं. को बाटोबाट त्यस्तो आदेशलाई निष्क्रिय तुल्याई दिएको अवस्था देखिने।

तायदाती आदेश बदर गर्दा अंश पाउँ भनी दाबी गर्ने वादीलगायतका अंश नपाउने वा आफूसँग श्रीसम्पत्ति नभएको अन्य प्रतिवादी अंशियारहरूसमेत अंश हकबाट वञ्चित हुनेसमेतको अवस्था सिर्जना हुन सक्छ। पुनरावेदन अदालतबाट भएको आदेशको परिणामबाट अंशजस्तो नैसर्गिक हक अधिकारबाट वञ्चित हुने अवस्था पर्न सक्छ। त्यसबाट विचाराधीन अंश मुद्दामा प्रत्यक्ष असर पर्ने नै हुन्छ। यसरी मातहतको अदालतमा चलिरहेको मुद्दामा प्रत्यक्ष असर पर्ने गरी अ.बं. १७ नं.को निवेदनबाट आदेश गर्न मिल्दैन । अंश पाउने वा नपाउने भन्ने विषय स्वतन्त्र ढङ्गबाट जिल्ला अदालतले निर्णय गर्ने हो । त्यसमा कुनै पनि किसिमको अंकुश लगाउन नमिल्ने।

कालिकान्त झासमेतको प्रतिउत्तर पत्रमा भारतको सम्पत्ति बन्डा भयो भनेका छन् । नेपालको सम्पत्ति बन्डा भएको छैन । नेपालमा मानो छुट्टिएर बसेको अवस्था पनि होइन । यसरी भारतमा भएको सम्पत्तिको बन्डा हुँदैमा नेपालको सम्पत्तिउपर निवेदकको हक गुम्न जाने भन्ने हुँदैन । नेपालको सम्पत्तिमा पनि कानूनबमोजिमको बराबर हक लाग्ने नै हुने।

तसर्थ, मिसिल संलग्न प्रमाण कागजातको यथोचित मूल्याङ्कन भई जिल्ला अदालतबाट

इन्साफ हुने र त्यस्तो इन्साफमा चित्त नबुझ्ने पक्षलाई पुनरावेदनको रोहमा माथिल्लो अदालतमा आउने कानूनी अधिकार रहे भएकै देखिन्छ । सुरू धनुषा जिल्ला अदालतको मिति २०७०।०९।२६ को आदेश बदर गर्दा जिल्ला अदालतले गर्ने निर्णयमा असर पुग्ने देखिन्छ । पक्षहरूले के कुन सम्पत्ति पाउने, कुन नपाउने निर्णय सुरू अदालतमा चलेको अंश चलन मुद्दामा बोलिने विषय हुनाले धनुषा जिल्ला अदालतको मिति २०७०।९।२६ को तायदाती फाँटवारी झिकाउने आदेश, पक्षहरूबिच भारतीय अदालतमा अंश मुद्दा परी सन् १९८१ मा अंश भराई दिने गरी इन्साफ भएकाले सोही मिति सन् १९८१ लाई मानो छुट्टिएको मिति कायम गरी मुद्दाको कारबाही अघि बढाउनु भनी बदर गर्ने गरी भएको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।२।१ को आदेश उत्प्रेषणद्वारा बदर गरिदिएको छ । सुरू अदालतबाट अंश मुद्दाको अन्तिम किनारा नलागुन्जेलसम्म सुरू अदालतको काम कारबाहीमा हस्तक्षेप नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा परमादेश आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: हिरा डंगोल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल भदौ ४ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CI-११६४, उत्प्रेषण / परमादेश, *गोपाल कृष्ण महर्जन वि. आवास तथा भौतिक योजना मन्त्रालय, सिंहदरबारसमेत*

मापदण्डविपरीतको घर भत्काउने गरी भएको उक्त निर्णयानुसार ७ दिनभित्र अनियमित रूपमा निर्माण गरेको घरको भाग भत्काउन / हटाउन मिति २०६८।४।९ मा निवेदकलाई काठमाडौं महानगरपालिका वडा नं.३१ को ठेगानामा म्याद जारी गरेकोमा निवेदकको निर्माणाधीन घरमा मध्यपुर नगरपालिका वडा नं.१७ र काठमाडौं महानगरपालिका वडा नं.११ बस्ने मानिसहरू साक्षी राखी मिति २०६८।४।११ मा टाँस तामेल गरेको देखिने ।

काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको कार्यालयबाट निवेदक गोपालकृष्ण महर्जनको नामका उल्लिखित सबै म्यादहरू निज बसोबास गरेको ठेगाना काठमाडौं महानगरपालिका वडा नं. २५ मा म्याद जारी गर्नुपर्नेमा सो नगरी ऐ. वडा नं.३१ को ठेगाना राखी म्याद जारी गरी सो वडाबाहेक अन्य वडामा बसोबास गर्ने मानिसहरू साक्षी राखी टाँस तामेल गरेको देखियो । उक्त कानूनी व्यवस्थाअनुसार निवेदकको नामको म्याद निज बसोबास गर्ने वास्तविक ठेगानामा जारी गरी तामेल गरेको नदेखिने ।

निवेदक गोपाल कृष्ण महर्जनको बसोबास गरेको ठेगाना काठमाडौं महानगरपालिका वडा नं.२५ उल्लेख गरी काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको कार्यालयमा दिएको निवेदन र सो निवेदनसाथ पेस गरेको निजको नागरिकताको प्रमाणपत्र एवम् जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपिसमेतमा सोही ठेगाना उल्लेख गरेको देखिन्छ । तर समितिको कार्यालयबाट निवेदक बसोबास गर्ने उक्त ठेगानामा म्याद जारी नगरी निवेदकको निर्माणाधीन घर भएको ऐ. वडा नं.३१ को ठेगानामा म्याद जारी गरी ऐ.वडाका स्थानीय साक्षी नराखी अन्य वडामा बस्ने मानिसहरू साक्षी राखी निर्माणाधीन घरमा म्याद टाँस तामेल गरेको देखिने ।

उक्त समितिको कार्यालयले निवेदक बस्ने वास्तविक ठेगाना आफ्नो कार्यालयको फायलबाट देखिँदादेखिँदै निवेदक बसोबास नभएको ठेगानामा म्याद जारी गरी स्थानीयभन्दा बाहेकका मानिसहरूलाई साक्षी राखी तामेल गरेको उल्लिखित सबै म्यादलाई रीतपूर्वक तामेल भएको देखिन आएन । यसरी बेरीतपूर्वका तामेल गरेको उक्त म्यादहरूले कानूनी मान्यता पाउन नसक्ने ।

काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको कार्यालयबाट निवेदकको नाममा जारी गरी तामेल गरेको म्यादहरूले कानूनी मान्यता पाउन नसक्ने देखिएकाले त्यस्तो बेरीतपूर्वक

तामेल गरेको म्यादहरूलाई आधार लिई उक्त समितिले मिति २०६७।६।२४ को निवेदकको घर जग्गा रोक्का राख्ने र मिति २०६८।४।१ को मापदण्डविपरीत बनेको निवेदकको घर भत्काउने एवम् मिति २०६८।४।६ को उक्त मिति २०६८।४।१ को निर्णय कार्यान्वयन गर्ने गरी भएको निर्णयहरूमा निवेदकलाई सुनुवाइको पर्याप्त मौका दिएको नदेखिँदा उक्त निर्णयहरू प्राकृतिक न्यायको सिद्धान्तअनुकूल रहेको देखिन आएन। अत: प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएका उल्लिखित निर्णयहरूले कानूनी मान्यता पाउन सक्ने नदेखिने।

कुनै निर्णयबाट कसैको हक अधिकारमा आघात पर्दछ भने निर्णय गर्नुपूर्व सुनुवाइको मौका दिनु पर्ने कुरा अनिवार्य र स्वाभाविक हुन्छ । सुनुवाइको मौका नदिई कसैका विरूद्ध निर्णय गर्नु हुँदैन भन्ने कुरा नै प्राकृतिक न्यायको सिद्धान्त हो। कसैको विरूद्ध कुनै निर्णय गरिन्छ भने उसलाई आफ्ना कुरा भन्ने मौका प्रदान गर्न निर्णयकर्ताले सूचना जारी गर्नुपर्ने।

कसैलाई कुनै सूचना वा जानकारी नै नदिइकन उसको विरूद्ध निर्णय गरिन्छ भने त्यहाँ प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन हुन जान्छ र त्यस्तो निर्णय अमान्यसमेत हुन्छ । प्राकृतिक न्यायको सिद्धान्तबमोजिम जसको विरूद्ध निर्णय गरिन्छ सो व्यक्तिलाई आफ्ना कुरा भन्ने मौका दिनु पर्ने हुन्छ। सुनुवाइको लागि उचित अवसर तथा मौका नदिई गरेको निर्णयले न्यायिक प्रक्रियामा वैधानिकता प्राप्त गर्न सक्दैन। त्यस्तो निर्णय प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल तथा बदरयोग्य हुने।

यसप्रकार काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको कार्यालयबाट निवेदकका नाममा जारी भएका उल्लिखित सबै म्यादहरूले कानूनी मान्यता पाउन नसकेको अवस्थामा सो म्यादलाई आधार लिई निवेदकलाई सुनुवाइको मौकासमेत नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने गरी मिति २०६७।६।२४ को निवेदकको घर जग्गा रोक्का राख्ने मिति २०६८।४।१ को मापदण्डविपरीत बनेको घर भत्काउने तथा सो घर भत्काउने निर्णय कार्यान्वयन गर्ने मिति २०६८।४।६ को का.उ.न.वि. यो.का. समितिको निर्णयलाई उत्प्रेषणको आदेश जारी गरी बदर गर्नुपर्नेमा सो नगरी रिट निवेदन खारेज हुने ठहऱ्याएको पुनरावदेन अदालत पाटनको मिति २०६८।८।२१ को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई पुनरावेदक निवेदकको मागबमोजिम उक्त समितिले गरेका उल्लिखित निर्णयहरू बदर हुने र मिति २०६७।६।२४ मा रोक्का गरेका कि.नं.९०१, ९०२ र ९०३ का घर जग्गा फुकुवासमेत हुने।

इजलास अधिकृत: रामचन्द्र खड्का

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल फागुन ५ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CI-०५७०, उत्प्रेषण, *छत्रबहादुर प्रजापति वि. प्रमुख मध्यपुर थिमी नगरपालिका, भक्तपुर*

नापी कार्यालय, भक्तपुरले मध्यपुर नगरपालिका वडा नं.३ सिट नं.१०२-११९१-०८ को कि.नं.१०८ र ११७ ऐ. सिट नं.१०२-११९१-१४ को कि.नं.१७७ को कित्ता नक्सामा दक्षिणतर्फ बाटो उल्लेख भएको मालपोत कार्यालय, भक्तपुरको दिने गणेशबहादुर प्रजापति लिने नारायणप्रसाद आचार्य भई मिति २०६२।१०।१२ मा र.नं.७४२ बाट पारित लिखतको कैफियतमा गोरेटो बाटो उल्लेख भएको देखिँदा सो बाटो अवरोध गर्न मिल्दैन । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६५(१)(घ) बमोजिम उक्त अवरोध हटाउने भनी जग्गाधनी आशाहरि प्रजापति र छत्रबहादुर प्रजापतिलाई जानकारी दिने गरी मध्यपुर थिमी नगरपालिकाले मिति २०६९।१२।२ मा निर्णय गरी जग्गाधनीहरूलाई मिति २०६९।१२।४ मा पत्राचारसमेत गरेको देखिने।

निवेदक स्वयम्ले कि.नं.३१३ को जग्गाको दक्षिणमा गोरेटो बाटो भएको स्वीकार गरेको र सो जग्गाको पूर्वतर्फ रहेको कि.नं.१६०६ को जग्गा मिति २०६२।१०।१२ मा र.नं.७४२ बाट पारित भएको

लिखतको कैफियतमा सो जग्गामा गोरेटो बाटो छ भनी उल्लेख भएको पाइन्छ। नापीको नक्सा ट्रेसबाट समेत कि.न.३१३ को दक्षिणतर्फबाट गोरेटो बाटो रहेको देखिन्छ । जग्गा नयाँ नापी भएपछि जग्गा दर्ता गरिपाउँ भनी निवेदकले नापी कार्यालयमा दर्ता गराएको निवेदनमा बाटोको विवाद उठाएको नदेखिने। नापी शाखाबाट गोरेटो बाटो कायम हुने गरी नाप नक्सा भएपछि जग्गा नाप जाँच ऐनले तोकेको म्यादभित्र सम्बन्धित नापी टोलीमा यी निवेदकले उजुर गरेको भन्ने मिसिलबाट देखिँदैन। विवादित जग्गामा उल्लेख गरेको गोरेटो बाटो हिमालय प्रा.वि.जाने चलन चल्तीको बाटो रहेको भन्ने सो विद्यालयको पत्रबाट समेत देखिने।

उक्त बाटो परापूर्वकालदेखि नै चलन चल्तीमा रहेको भन्ने नगरपालिकामा पेस भएको प्राविधिकको स्थलगत प्रतिवेदनसमेतबाट देखिँदा विवादित जग्गामा सार्वजनिक रूपमा प्रयोग हुने गरेको गोरेटो बाटो रहे भएको देखिन आयो। सार्वजनिक रूपमा चलन चल्तीमा रहेको गोरेटो बाटोलाई निवेदकले आफ्नो हक भोगको भनी तारबार लगाई आवागमनमा अवरोध गरेको देखिँदा निवेदकको सो कार्य कानूनसम्मत नदेखिने।

कि.नं.३१३ भन्दा पूर्वतर्फ रहेको कि.नं.१६०६ को जग्गा मिति २०६२।१०।१२ मा र.नं.७४२ बाट पारित लिखतको कैफियतमा गोरेटो बाटो उल्लेख भएको, निवेदकले नै कि.नं.३१३ को जग्गाको दक्षिणमा गोरेटो बाटो भएको स्वीकार गरेको, नक्सा ट्रेसबाट कि.नं. ३१३ को जग्गाको दक्षिणतर्फबाट गोरेटो बाटो रहेको देखिने। सो गोरेटो बाटो निवेदकले तारबार लगाई आवागमनमा अवरोध गरेको कुरा नगरपालिकाकोमा पेस भएको स्थलगत प्राविधिक प्रतिवेदनबाट देखिएको र नगरपालिकाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६५(१)(घ) बमोजिम उक्त अवरोध हटाउन मिति २०६९।१२।२ मा निर्णय गरी मिति २०६९।१२।४ मा निवेदकहरूलाई पत्राचार गरेको देखिँदा नगरपालिकाबाट कानूनी प्रक्रिया पूरा गरी गरेका उल्लिखित निर्णय र पत्रसमेतका काम कारबाहीलाई मान्यता दिई रिट निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।५।१९ को फैसला मनासिब नै देखिने।

तसर्थ विवादित जग्गामा रहेको सार्वजनिक रूपमा प्रयोग हुने चलन चल्तीको बाटोमा निवेदकले तारबार लगाई अवरोध गरेकोले कानूनबमोजिमको प्रक्रिया पूरा गरी सो अवरोध खुलाउनु नगरपालिकाको कानूनी कर्तव्य पनि हो । सोहीअनुसार नै नगरपालिकाले गरेको काम कारबाहीको कारणले निवेदकको सम्पत्तिसम्बन्धी हक हनन् भएको अवस्था नदेखिँदा नापी कार्यालयको नक्सा ट्रेस र मध्यपुर थिमी नगरपालिकाको मिति २०६९।११।२२ को स्थलगत प्रतिवेदन, मिति २०६९।११।२८ को राय प्रतिवेदन, मिति २०६९।१२।२ को निर्णय र च.नं.२८४ मिति २०६९।१२।४ को पत्रसमेतका सम्पूर्ण काम कारबाहीलाई मान्यता दिई पुनरावेदन अदालत पाटनबाट मिति २०७०।५।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: रामचन्द्र खड्का

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल फागुन ५ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-०८४५, लागु औषध खैरो हेरोइन, *नेपाल सरकार वि. राजु लामासमेत*

वारदात मिति २०६७।०२।१९ सम्म संजिव भन्ने राजु लामाले नागरिकता प्राप्त गरेको देखिँदैन। सो हुँदा निजको उमेर यकिन गर्नका लागि निजले अध्ययन गरेको विद्यालयबाट प्राप्त गरेको प्रमाण-पत्रलाई आधार लिनु पर्ने देखियो । निजले अध्ययन गरेको तरूण माध्यमिक विद्यालय बालाजुको TRANSFER CERTIFICATE मा २०६५ सालमा कक्षा ८ को परीक्षा दिएको र जन्ममिति २०५१।३।४ भनी उल्लेख भएको देखिन्छ। सो प्रमाण-पत्रका आधारमा वारदात मिति २०६७।२।१९ मा निजको उमेर १५ वर्ष ९ महिना १५ दिन अर्थात् १६ वर्षभन्दा कम उमेर

रहेको देखियो । सो हुँदा सुरू एवम् पुनरावेदनबाट निज प्रतिवादी संजिव भन्ने राजु लामाको उमेर १६ वर्ष नपुगेको भनी बालबालिकासम्बन्धी ऐनबमोजिम सजाय निर्धारण गरेको मिलेको देखिँदा १६ वर्ष उमेर पुगेकोले सोहीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी रोहित गुरूङको नाममा रहेको बा.२५ प ९८२९ नं. को मोटरसाइकल लागु औषध कारोबारमा प्रयोग भएकोले उक्त मोटरसाइकल जफत गर्नुपर्नेमा सो नगरी सुरू एवम् पुनरावेदन अदालतबाट भएको फैसला त्रुटिपूर्ण छ भन्ने पुनरावेदन जिकिर रहेको छ । प्रतिवादीहरूलाई पक्राउ गर्न गएको अवस्थामा निजहरू मोटरसाइकल स्टार्ट गरी भाग्न लागेकोले तत्काल नियन्त्रणमा लिई निजहरूको शरीर खानतलासी गर्दा पाइन्टको दायाँपट्टिको खल्तीबाट प्लाष्टिकको पोका फेला परेको सो पोकामा खैरो हिरोइनजस्तो देखिने धुलो फेला परेको हो भन्ने बरामदी खानतलासी मुचुल्का बेहोरा रहेको देखिन्छ। उक्त मुचुल्काको बेहोराबाट प्रतिवादी रोहितको बा.२५ प ९८२९ नं. को मोटरसाइकलको डिक्की वा अन्य कुनै भागभित्र लुकाई छिपाई ओसारपसार गर्दै रहेको अवस्थामा भेटिएको भन्ने देखिँदैन। मोटरसाइकलबाट भाग्न लागेको अवस्थामा मोटरसाइकलभन्दा बाहिर खानतलासी गरेको भन्ने बरामदी मुचुल्काको बेहोराबाट निजले उक्त मोटरसाइकलबाट लागु औषध ओसारपसार गरेको देखिन आएन । सो हुँदा उक्त मोटरसाइकल बरामद नगर्ने ठहर्‍याई तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा वादी नेपाल सरकारको तर्फबाट परेको पुनरावेदनका हकमा तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई परिवर्तन गर्नुपर्ने अवस्था देखिन नआउने।

पुनरावेदकले बरामदी मुचुल्कामा उल्लिखित लागु औषध मबाट बरामद भएको हो, उक्त लागु औषध मैले १ महिनाअघिदेखि सेवन गर्न सुरू गरेको हुँ भनी अनुसन्धान अधिकारीसमक्ष र अदालतमा बयान गर्दासमेत सोही बयान बेहोरासँग मेल खाने गरी बयान गरेको देखिन्छ । प्रतिवेदक प्रहरी निरीक्षक अनुपम श्रेष्ठ तथा प्र.ह. बृजकिशोर यादवसमेतले जनक अधिकारीबाट २ पोका लागु औषध बरामद भएको हो भनी बकपत्र गरेको र उक्त बरामदी लागु औषध सेवन गर्नका लागि राखेको हो भनी गरेको बयानलाई वादी पक्षबाट अन्यथा प्रमाणित गराउन नसकेको र बरामदी मुचुल्कामा रोहबरमा रहेका मानिसहरू कसैलाई पनि बकपत्र गराई दाबी पुष्टि गराउन सकेको देखिन आएन। यी पुनरावेदकका साक्षी विशाल श्रेष्ठले जनक अधिकारी नराम्रो चरित्रको मानिस होइन, निजले १ / २ महिनादेखि लागु औषध सेवन गर्ने गरेको छ भन्ने सुनेको हुँ हाल सेवन गर्दैनन्, निजलाई सजाय हुनु हुँदैन सफाइ पाउनु पर्छ भनी प्रतिवादीको बयानलाई पुष्टि हुने गरी बकी लेखाई दिएको देखिन्छ। प्रतिवादीका साक्षी र प्रतिवेदकहरूको बकपत्रबाट समेत सेवनसम्म गरेको पुष्टि भएको अवस्थाले बरामद भएको लागु औषधको मात्रालाई हेर्दा यी पुनरावेदकले सेवन गर्नका लागि साथमा राखेको भन्ने देखिन आएकोले लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(छ) बमोजिमको कसुर गरेको देखिन आउने।

तसर्थ उल्लिखित आधार, कारण र प्रमाणबाट प्रतिवादीहरू रोहित गुरूङका नाममा रहेको बा.२५ प ९८२९ नं. को मोटरसाइकल जफत नगरी र प्रतिवादी राजु लामालाई १६ वर्षभन्दा कम उमेरको भई निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ बमोजिम सजाय गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सो हदसम्म सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०७०।३।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। पुनरावेदक जनक अधिकारीका हकमा सुरू काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गरी लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(च) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम ५(पाँच) वर्ष कैद र रू. ५(पाँच) हजार जरिवाना

हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७०।३।१८ को फैसला सो हदसम्म केही उल्टी भई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम ६(छ) महिना कैद र रू.१०,०००।– (दश हजार) जरिवाना हुने।

इजलास अधिकृत: चिन्तामणि शर्मा

इति संवत् २०७५ साल माघ २२ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-१३४७, लागु औषध (डाइजेपाम तथा नाइट्रोभेटसमेत), *नेपाल सरकार वि. नारायण के.सी.*

प्रतिवादी तिर्थराज गिरीले मौकामा अनुसन्धान अधिकारीसमक्ष तथा सुरू अदालतमा बयान गर्दा, निजको साथबाट बरामद भएको ३० थान डाइजेपाम र ३० थान नुर्फिन भारत रक्सौलको अम्बे मेडिकलबाट रू.२,२५०।- मा आफूले सेवन गर्न खरिद गरी ल्याएको, बिक्रीको लागि ओसारपसार गरेको होइन भन्ने उल्लेख गरी बयान गरेको पाइयो । त्यसैगरी, अर्का प्रतिवादी नारायण के.सी.ले अनुसन्धान अधिकारीसमक्ष तथा सुरू अदालतमा बयान गर्दा, निजबाट बरामद भएको नाइट्रोभेट ३० वटा भारत रक्सौल स्थित अम्बे मेडिकलबाट रू. १५०।- मा खरिद गरी सेवनका लागि ल्याएको भनी बयान गरेको देखिने।

सो बयान बेहोरालाई समर्थन हुने गरी प्रतिवादी तिर्थराज गिरीका साक्षी पुरन ढुङ्गानाले सुरू अदालतमा बकपत्र गर्दा निज प्रतिवादी लागु औषधको सेवनकर्तासम्म रहेको, सो बरामद भएको लागु औषध बिक्री वितरणका लागि नभई आफैँले सेवन गर्नका लागि ल्याएको भन्ने उल्लेख गरी बकपत्र गरेको अवस्था देखिने।

प्रतिवादीहरूले निजहरूबाट बरामद भएको लागु औषधहरू सेवन गर्ने प्रयोजनका लागि भारतबाट ल्याएको भनी स्वीकार गरिरहेको अवस्था छ। अर्कोतर्फ, प्रतिवादीहरूले अभियोग माग दाबीबमोजिमको लागु औषध ओसारपसारको कसुर गरेको भन्ने प्रमाणित गर्ने भरपर्दो आधार प्रमाणको अभाव देखिन्छ । यस अवस्थामा बरामदी लागु औषधको मात्रा र प्रकृतिलाई समेत विचार गर्दा प्रतिवादीहरूलाई लागु औषध सेवन गरेकोसम्म ठहर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने देखिँदैन । निजहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, सुरू पर्सा जिल्ला अदालतले मिति २०६९।१।३१ मा प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (ङ) र (च) को कसुरमा ऐ. ऐनको दफा १४(१) को खण्ड (झ) अनुसार जनही ३(तीन) वर्ष कैद र रू.२,००,०००।– (दुई लाख रूपैयाँ) जरिवाना हुने ठहऱ्याएको हदसम्म उक्त फैसला केही उल्टी हुने ठहऱ्याई दुवै प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुरमा ऐ. ऐनको दफा १४(१) को खण्ड (ज) बमोजिम जनही २ (दुई) महिना कैद र रू.२,०००।– (दुई हजार) जरिवाना हुने ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।८।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दीपिका थापा मगर

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल पुस २४ रोज ३ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-CR-०१९७, लागु औषध खैरो हेरोइन, *नेपाल सरकार वि. सुमन धिताल*

प्रतिवादी शेरे भन्ने सुमन धितालले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा, निजबाट बरामद भएको लागु औषध सोनु भाइ माडवारीसँग रू.२,५००।- मा खरिद गरेको भन्ने व्यक्त गरेको देखिन्छ। निज प्रतिवादीले सुरू अदालतमा बयान गर्दा, लागु औषधको किनबेच तथा ओसारपसारको कार्यमा इन्कार रही बयान गरेको देखियो । साथै, प्रतिवादीको

साक्षी कालु तामाङले सुरू अदालतमा गरेको बकपत्रमा निज प्रतिवादी लागु औषधका सेवनकर्ता मात्र रहेको तर बेचबिखन र कारोबारमा संलग्न नरहेको भन्ने उल्लेख गरेको पाइने।

निज प्रतिवादी लागु औषध बिक्री वितरण एवम् ओसारपसार गर्ने कार्यमा मुख्य कसुरदारको रूपमा संलग्न रहेको सम्बन्धमा वादी पक्षबाट भरपर्दो प्रमाण प्रस्तुत हुन सकेको देखिँदैन । प्रस्तुत मुद्दाको बरामदी मुचुल्का, परीक्षण प्रतिवेदन, प्रतिवेदकहरूको बकपत्र, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयानलगायतका प्रमाणको आधारमा निज प्रतिवादी लागु औषध बिक्री वितरणको कार्यमा मतियारसम्म रहेको भन्ने देखिने । कसुरमा ठहर भई सजाय गर्दा कसुरदारको सो आपराधिक कार्यमा रहेको भूमिकालाई प्रमाणको आधारमा विश्लेषण गरी सोही अनुपातमा सजाय गरिनु पर्ने हुन्छ । कसुर प्रमाणित हुँदैमा सबै कसुरदारलाई मुख्य कसुरदारसरह समान सजाय गरिनु न्यायोचित नहुने। प्रतिवादी लागु औषधको कारोबारमा मुख्य कसुरदारको रूपमा संलग्न रहेको भन्ने तथ्ययुक्त प्रमाणको अभावमा अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयानकै आधारमा निजलाई मुख्य कसुरदार ठहऱ्याई सजाय गरिनु उपयुक्त नदेखिने।

तसर्थ, सुरू काठमाडौं जिल्ला अदालतबाट प्रतिवादी शेरे भन्ने सुमन धितालालाई लागु औषध बिक्री वितरणसमेतको कार्यमा मतियारसम्म रहेको ठहऱ्याई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ अनुसार अपराध गरेबापत हुने सजायको आधी २(दुई) वर्ष ६(छ) महिना कैद र रू १०,०००।- (दश हजार रूपैयाँ) जरिवाना गर्ने गरी मिति २०६८।१।१९ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनले मिति २०७०।१।८ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दीपिका थापा मगर

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल पुस २४ गते रोज ३ शुभम्।

**इजलास नं. ५**

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-CR-०४२८, गैंडा मारी खाग बिक्री व्यवसाय, *गादर पुर्जा मगर वि. नेपाल सरकार*

लाहुरे भन्ने गादर पुर्जा मगरले आफ्नो बयानमा २०६० साल माघ महिनामा प्र.डम्बरबहादुर प्रजा, चम्का जेठा भन्ने मुक्तिबहादुर पुन, सूर्यबहादुर पुन भएर निकुञ्जको भवानीपुर नन्दनताल एरियामा गैंडा मारी ताम्लिङ भोटेलाई बिक्री गरी मैले रू.२५०००।– (पच्चिस हजार) पाएको हुँ । मैले मारेको अन्तिम पटकको गैंडा यही नै हो भनी गैंडा मारेको र खाग बिक्रीबाट आर्थिक लाभ लिएको हो भनी आफूले गरेको कसुरमा साबिती भई बयान गरेका र निजले उल्लेख गरेको स्थानमा चोरी सिकारीले गैंडा मारी खाग काटी लगेको भन्ने मिति २०६०।१०।२० को घटनास्थल प्रकृति लास जाँच मुचुल्का र मिसिल संलग्न आधार प्रमाणहरूबाट लाहुरे भन्ने गादर पुर्जा मगरले राष्ट्रिय निकुञ्ज तथा वन जङ्गल संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९(१) को कसुर अपराध गरेको पुष्टि भएको देखिन्छ । तसर्थ राष्ट्रिय निकुञ्ज तथा वन जङ्गल संरक्षण ऐनको दफा २६(१) को कसुर गरेको देखिँदा दफा २६(१) बमोजिम १५ वर्ष कैद र रू.१,००,०००।– (रू. एक लाख) जरिवाना गर्ने गरी भएको चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा चितवनको फैसला निज प्रतिवादीका हकमा सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसलालाई अन्यथा गर्नुपर्ने देखिएन । अतः पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६९।३।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल माघ २५ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-CR-१५९८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चित्ररेखा देवीसमेत*

वारदात गोली प्रहारबाट भएको छ । वारदातको जरिया नरेश यादव र गणेशी यादवका बिच जग्गा सम्बन्धमा भएको विवादका बारेमा मृतकले एक पक्ष लिई मिल्न नदिएको कारण भन्ने देखिन्छ। सुरूले र पुनरावेदन अदालतले सफाइ दिएका प्रत्यर्थी प्रतिवादीहरूले मृतकलाई गोली हान्ने हनाउने सम्बन्धमा प्रत्यक्ष संलग्नता रहेको भन्ने देखिँदैन। केबल प्रतिवादी पक्षका मानिसहरू रहेको कारणले समूहगत पोल गरेको आधारमा कसुरदार ठहर गर्नु न्यायोचित नहुने । प्रतिवादीहरूउपर प्रतिवादी नरेश यादव र सुरेन्द्रकुमार यादवले अनुसन्धान अधिकारीसमक्षको बयानमा पोल गरी बेहोरा लेखाई दिए तापनि अदालतमा बयान गर्दा यी प्रतिवादीहरूउपर पोल गरेको देखिँदैन । निज प्रतिवादीहरूउपर परेको जाहेरी, मौकामा कागज गर्ने व्यक्तिहरूसमेतको मौकाको कागज एवम् बकपत्रसमेतबाट यी प्रतिवादीहरूले मृतकलाई कर्तव्य गरी मार्नमा के कस्तो भूमिका निर्वाह गरी वारदातमा संलग्नता रहेको सो तथ्य यकिन गरी खुलाउन सकेको नदेखिने।

कसैले कुनै व्यक्तिउपर दोष वा अभियोग लगाउँछ भने त्यसरी दोष वा अभियोग लगाउन मात्र पर्याप्त हुँदैन, सो कुरा प्रमाणको आधारमा पुष्टि पनि गर्नुपर्छ । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ भन्ने उल्लेख भएको पाइन्छ सोअनुसार वादीले कसुर प्रमाणित गर्न सकेको पाइँदैन । निज प्रतिवादीहरूको इन्कारी बयान निजहरूको साक्षीबाट समेतबाट पुष्टि भएको अवस्था देखिँदा केबल शङ्का र अनुमानकै भरमा मात्र कर्तव्य ज्यानजस्तो गम्भीर अपराधमा सजाय गर्नु न्यायोचित नदेखिँदा यी प्रतिवादीहरूको हकमा आरोपित कसुरमा अभियोग दाबीबाट सफाइ पाउने ठहर भएको सुरू फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको फैसला अन्यथा नदेखिने।

प्रतिवादीहरू राम अशिष यादव, चित्ररेखा देवी, बाबु साहेव भन्ने सरोजकुमार यादव, गोपाल भन्ने कामेश्वर यादव र हुसेनी कवारीको हकमा अभियोग दाबीबाट सफाइ दिने ठहर भएको सुरू महोत्तरी जिल्ला अदालतको मिति २०६९।६।१६ को फैसलालाई सदर गर्ने गरेको मिति २०७१।९।३० मा पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल माघ २५ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-००२२, जबरजस्ती करणी, *रनजित राई वि. नेपाल सरकार*

जाहेरवालीको बकपत्र, घटना विवरण कागजका लेखमाया मगरको बकपत्र तथा स्वयम् प्रतिवादीको अदालतको बयानसमेतबाट निजको अनुसन्धानको बयान पुष्टि भएको देखियो । जहाँसम्म रक्सीको सुरमा पीडितमाथि चढेजस्तो लाग्छ भनी जिकिर लिए तापनि प्रतिवादी स्वयम् पीडितको घर गएको अवस्था छ । पीडितको स्थिति हेर्दा लाटी, हिँड्डुल गर्न नसक्ने अवस्थाकी सुस्त मनस्थितिकी रहेको भन्ने जाहेरीमा उल्लेख भएको तथा निज पीडितको शारीरिक परीक्षण सम्बन्धमा मेची अञ्चल अस्पतालबाट निजको मानसिक अवस्था ठीक नभएको भनी उल्लेख भई आएको देखिन्छ। यस्ती पीडितलाई घरभित्र लगी करणी गर्दाकै अवस्थामा फेला परेको देखिन्छ । यसरी केबल अपराधबाट उन्मुक्ति पाउने अभिप्रायले बेसुरमा रहेको अवस्थामा आरोपित कसुर गरेको भनी उल्लेख गर्दैमा जबरजस्ती करणीजस्तो गम्भीर फौजदारी अपराधबाट सफाइ पाउने आधार हुन नसक्ने।

उल्लिखित सबुद प्रमाणहरूको विवेचनाबाट पीडित परिवर्तित नाम 'छ' लाई प्रतिवादी रन्जित

राईले जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा ऐ.महलको ३(५) नं. अनुसार ५ वर्ष कैद र ऐ.महलको ३ क. नं. बमोजिम थप ५ वर्ष कैद हुने ठहऱ्याएको पुनरावेदन अदालत इलामको मिति २०७२।७।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल माघ ११ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CI-००६४, रकम दिलाई पाऊँ, *धर्मलाल तामाङ वि. रामकृष्ण उप्रेती*

निर्माण कार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने निर्माण सामग्री वादी रामकृष्ण उप्रेतीले सप्लाई गरी आएको कुरा मिसिल संलग्न बिल भरपाइबाट देखिन्छ । उक्त बिल भरपाइमा धर्म एस निर्माण सेवाको छाप लगाइएको देखिन्छ । धर्म एस निर्माण सेवाबाट अ.बं. ७८ नं. बमोजिम बयान गर्दा वादीले निर्माण सामग्री आपूर्ति गरेको कुरालाई स्वीकार गरेको देखिन्छ । त्यसैगरी, जिल्ला अदालतमा मिति २०७०।९।३ मा पुनरावेदकले कागज गर्दा वादीलाई केही रकम दिन बाँकी रहेको र सो रकम दिन्छु भन्दाभन्दै विपक्षी आफैँले कलह उत्पन्न गरी विवाद उत्पन्न भएको हो। मैले निजलाई दिनु पर्ने रकम दिन्न भनेको छैन भनी वादीलाई रकम दिनु पर्ने कुरालाई स्वीकार गरेको पाइने।

पशुपति क्षेत्र विकास कोष तथा रफिना कन्सट्रक्सन, फ्रेन्डस कन्सट्रक्सन, धर्म एस निर्माण सेवाको संयुक्त उपक्रम (Joint Venture) कम्पनीको बिच पशुपति दक्षिण ढोकादेखि वनकालीसम्म सडक, ढल तथा विद्युत् लाइन सुधार तथा निर्माण कार्य गर्नका लागि ठेक्का सम्झौता भएकोमा उक्त संयुक्त उपक्रमका ठेकेदारमध्येका फ्रेन्डस कन्सट्रक्सन कम्पनी र रफिना कन्स्ट्रसन प्रा.लि. ले पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन नगरी बसेको देखिएबाट पनि पुनरावेदन अदालतको फैसलाले तोकेको दायित्वलाई स्वीकार गरी बसेको मान्नु पर्ने।

Joint Venture का साझेदारमध्येका धर्म एस. निर्माण सेवाको प्रो. धर्मलाल तामाङ ठेक्कामा सिर्जित दायित्वबाट पन्छिन मिल्दैन । वादीलाई केही रकम बुझाउन बाँकी रहेको तथ्यलाई स्वयम् पुनरावेदकले स्वीकार गरेकै देखिन्छ। तसर्थ ठेक्कामा निर्माण सामग्री आपूर्ति गरेबापत बुझाउनु पर्ने रकम पुनरावेदकले समेत तिर्नु बुझाउनु पर्ने नै हुने।

अतः प्रतिवादी डालबहादुर मगरबाट समेत वादीलाई रकम भराई दिने गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०७०।०९।१० को फैसलालाई केही उल्टी गरी प्रतिवादीहरू धर्म एस निर्माण सेवाका प्रो. धर्मलाल तामाङ, फ्रेन्डस कन्स्ट्रक्सन कम्पनीको सञ्चालक बालकृष्ण बुढाथोकी र रफिना कन्स्ट्रक्सन प्रा.लि.का सञ्चालक रविनकुमार जोशीबाट फिराद दाबीमा उल्लिखित रकममध्ये रू.२४,५३,०००।- दामासाहीले भराई लिन पाउने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१०।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल कात्तिक २३ गते रोज ५ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CR-११६३ र ०७१-CR-१०८४, जबरजस्ती करणी, *विश्वासचन्द्र चौधरी वि. नेपाल सरकार र नेपाल सरकार वि. विश्वासचन्द्र चौधरी*

प्रतिवादी विश्वासचन्द्र चौधरीले पीडितलाई पहिलेदेखि जबरजस्ती करणी गर्दै आएको, पीडित गर्भवती भई प्रतिवादीबाट पीडितलाई जबरजस्ती करणी गर्ने कार्यको निरन्तरता रहेको भन्ने कुरा किटानी

जाहेरी दरखास्त र पीडित बुटवल (५) को कागजबाट समेत देखिन आएको छ । यी १५ वर्षकी अवोध तथा निम्न आय स्तरकी बालिकालाई पटकपटक जबरजस्ती करणी भएको भनी यी प्रतिवादीलाई किटान गर्नुको अन्य कुनै कारण देखिँदैन । प्रतिवादीले पूर्वरिसइवीको कारण आरोप लगाएको भने पनि त्यसलाई पुष्टि गर्न अन्य कुनै प्रमाण नदेखिएबाट उक्त बयान बेहोरा विश्वसनीय छैन । पीडितको भाइ मदनसमेतले अनुसन्धानको सिलसिलामा र अदालतमा समेत आई यिनै प्रतिवादीको पहिचानसाथ किटानी रूपमा आरोप लगाएको सम्बन्धमा यी प्रतिवादीले सन्तोषजनक रूपमा त्यसलाई खण्डन गर्न सकेको नपाइएबाट निज पीडित बुटवल (५) अरू कसैको कारणबाट गर्भवती भएको भन्नेतर्फ कुनै वस्तुनिष्ठ तर्क रहेको नदेखिने ।

पीडित बुटवल (५) गर्भवती भएको अवस्था अन्तिम पटक करणी हुँदा प्रकाशमा आएको देखिँदैन । मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(क) कानूनी व्यवस्थाको अर्थ हेर्दा जबरजस्ती करणी हुँदाको अवस्थामा गर्भवती भन्ने साधारण तवरबाट छुट्टिन सक्ने स्वास्थ्य परीक्षणबाट पुष्टि भएको वा पीडितको आफ्नो जानकारीमा रहेको हुनु पर्ने प्रकृतिको देखिन्छ । गर्भवती भएको कारण पीडित शारीरिक रूपमा प्रतिवाद गर्न क्षमता कम भएको अवस्था थियो भनी अभियोग पत्रमा आरोप छैन । गर्भवती भएको भन्ने तथ्य घटनापश्चात् वैशाख २७।२८ गतेतिर स्वास्थ्यकर्मी लक्ष्मी थारू कहाँ जाँदा जाँच गर्नुपर्छ भनी २०७०।२।१ मा जाँच गर्दा मात्र गर्भवती भएको पुष्टि भएको छ । त्यसअघि गर्भको कुरा प्रकाशमा आएको वा पीडित आफैँले अनुभूति गरेको अवस्था देखिएको छैन । गर्भवती भएको सामान्य लक्षण प्रकाशमा आएका वा अनुभूति भएको भए प्रतिवादीले उन्मुक्ति पाउन सक्ने अवस्था थिएन । तर घटना भएको केही समयपछिसम्म प्रकाशमा नआएको गर्भको विषयलाई स्वाभाविकरूपमा गर्भवती भएको थाहा जानकारी हुँदाहुँदै जबरजस्ती करणी गरेको भनी विश्वास गरी सजाय गरिहाल्नु उक्त जबरजस्ती करणीको ३(क) नं. को मनसाय देखिँदैन । यस अवस्थामा प्रतिवादी विश्वासचन्द्र चौधरीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(क) नं. बमोजिम थप सजाय गर्नु मनासिब र न्यायोचित मान्न नमिली वादी नेपाल सरकार तथा प्रतिवादी पुनरावेदनतर्फका विद्वान् कानून व्यवसायीहरूको बहस तथा वादी नेपाल सरकार तथा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार, कारणहरूबाट प्रतिवादी विश्वासचन्द्र चौधरीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. बमोजिम ६(छ) वर्ष कैद र ऐ. १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाट रू.२०,०००।- (बीस हजार) क्षतिपूर्ति भराई पाउने गरी भएको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०७०।५।२० को फैसला सो हदसम्म सदर हुने र प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(क) नं. बमोजिम थप ५ (पाँच) वर्ष कैद गर्ने गरेको हदसम्म सुरू अदालतको फैसला मिलेको नदेखिँदा सो हदसम्म सो फैसला उल्टी हुने ठहऱ्याई भएको पुनरावेदन अदालत बुटवलको मिति २०७१।४।१८।१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर : विनोदकुमार बनिया

इति संवत् २०७४ साल भदौ १२ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-००६३, जबरजस्ती करणी, *रमेश सुनार वि. नेपाल सरकार*

पीडित सुतिरहेको रातको अवस्थामा प्रतिवादी आई कपडा जबरजस्ती खोली मलाई जबरजस्ती करणी गरेको र भोलिपल्ट २३ गतेका दिन घरमा कोही नभएको अवस्थामा समेत निज प्रतिवादीले रक्सी सेवन गरी मलाई मेरो हात समाई घर कोठामा लगी डर धाक देखाई जबरजस्ती करणी गरेको भन्ने बेहोरासहितको पीडित संकेत नं. ५२ (ण) ले गरेको घटना विवरण कागजलाई पुष्टि हुने गरी "There was lacerated teared hymen so there was

sexual intercourse in the past" भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदन र बालिकाको कन्याजाली च्यातिएको थियो भन्ने स्वास्थ्य परीक्षण गर्ने चिकित्सकको सुरू अदालतमा गरेको बकपत्रबाट देखिँदा पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेको कुरा पुष्टि हुन आउने।

प्रस्तुत वारदातमा हाडनाताको सम्बन्धमा जबरजस्ती करणी भएको पुष्टि हुनाले प्रतिवादीले जबरजस्ती करणी महलको १ र २ नं. विपरीत कसुर गरेको हुँदा ऐ.३(२) नं. बमोजिम ८ वर्ष कैद र हाडनाता पर्ने आफ्नै छोरीलाई करणी गरेको हुनाले निज प्रतिवादीलाई हाडनातामा करणी गर्नेको महलको १ नं. को कसुर गरेबापत १० (दश) वर्ष कैद सजायसमेत थप गरी जम्मा १८(अठार) वर्ष सजाय हुने ठहर गरेको पुनरावेदन अदालत तुलसीपुरको फैसला मनासिब नै देखिने।

जबरजस्ती करणी र हाडनातासम्बन्धी करणीको व्यवस्था मुलुकी ऐनमा छुट्टाछुट्टै महलमा त्यससम्बन्धीको कसुर गरेमा हुने सजायको व्यवस्था स्पष्ट रूपमा गरेको पाइन्छ। प्रतिवादीले मुलुकी ऐन, दण्ड सजायको १० नं. ले खत पटक खापी सजाय गर्नु पर्दा जुन ऐनको ठूलो सजाय सजाय छ सोही ऐनले मात्र सजाय गर्नुपर्दछ भनी लिएको प्रश्नका सम्बन्धमा निर्णय गर्नुपर्दा, कानूनले प्रस्ट रूपमा हाडनाता करणी भए गरेको ठहरेमा हाडनाता करणी गर्नेको महलबमोजिम थप सजाय गर्नुपर्दछ भनी विद्यायिकी कानूनले स्पष्ट लेखेको अवस्थामा जबरजस्ती करणीअन्तर्गत सजाय भइसकेपछि हाडनातामा कसुर कायम गरी थप सजाय हुनु पर्ने होइन भन्ने जिकिरको आधारमा प्रतिवादीलाई सजायमा छुट गर्न मनासिब देखिन नआएकोले अभियोग माग दाबीबमोजिम जबरजस्ती करणी र हाडनाता करणी दुवैतर्फ प्रतिवादीलाई सजाय हुने ठहर गरेको पुनरावेदन अदालत तुलसीपुरको फैसलालाई अन्यथा मान्न नमिल्ने।

तसर्थ: माथि विवेचित आधार एवम् प्रमाणबाट प्रतिवादी रमेश सुनारलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको १ र २ नं. विपरीतको कसुरमा ऐ. महलको ३(२) नं. बमोजिम ८ वर्ष कैद सजाय र ऐ. महलको २ नं. बमोजिम हाडनाता करणी गर्ने महलमा लेखिएको सजायसमेत थपी सजाय हुने हुँदा हाडनाता करणीको महलको १ नं. बमोजिम हुने थप कैद १०(दश) वर्षसमेत गरी १८ (अठार) वर्ष कैद सजाय हुने र क्षतिपूर्तिबापत ४०,०००।- (चालिस हजार रूपैयाँ) समेत निज प्रतिवादी रमेश सुनारबाट पीडितलाई भराउने भनी ठहर गरेको सुरू प्यूठान जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत तुलसीपुरको मिति २०७२।९।२२ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई, हिरा माया अवाल
इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-०४९४, नाता कायम, *टिकाराई श्रेष्ठ वि. विक्रमराज श्रेष्ठ*

बुढासुब्बा मन्दिरमा विवाह गरेको भन्ने कुरा काल्पनिक भएको भनी प्रतिवादी विक्रमराज श्रेष्ठले वादी दाबीलाई इन्कार गरेको देखिन्छ। यसरी प्रतिवादीले आफूले वादी टिकाराई श्रेष्ठसित विवाह गरेकै कुरामा इन्कार गरेको अवस्थामा बुझिएका कर्णबहादुरको भनाइ अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभएसम्म प्रमाणमा लिन मिल्ने पनि भएन। वादीका साक्षीले वादी र प्रतिवादीहरू लोग्ने स्वास्नीजस्तो भई हिँड्ने गरेको भनी लेखाए पनि वादीले भनेअनुसार भनी बकपत्र गरेबाट वादी प्रतिवादी लोग्ने स्वास्नी नै हुन् भनी किटानीसाथ भन्न नसकेको र वादीले बुढासुब्बा मन्दिरमा गई विवाह गरेको भनी फिरादमा उल्लेख गरे पनि त्यसरी विवाह गरेको भन्ने देखिने प्रमाण पेस गर्न सकेको पनि नदेखिने।

वादीका साक्षीहरूले पनि किटानीसाथ वादी प्रतिवादी लोग्ने स्वास्नी हुन् भनी लेखाउन नसकेको, बुझिएका कर्णबहादुर राइले लेखाइदिएको बेहोरा अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको र विवाह भएको

भनिएको मितिपश्चात्का लिखतमा वादीका पतिको नाम कर्णबहादुर राई भन्ने देखिएको अवस्थामा केवल पेस भएका फोटाहरूको आधारमा मात्र प्रतिवादीले वादीलाई विवाह गरेको भनी वादी प्रतिवादीबिचको लोग्ने स्वास्नीजस्तो संवेदनशील नाताका विषयमा अनुमान गरी बोल्न मिल्ने नहुँदा सुरू मोरङ जिल्ला अदालतले वादी प्रतिवादीबिच लोग्ने स्वास्नीको सम्बन्ध कायम हुने ठहर गरेको फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत विराटनगरको फैसला अन्यथा नदेखिने।

तसर्थ माथि विवेचित आधार प्रमाणबाट सुरू मोरङ जिल्ला अदालते वादी दाबीबमोजिम वादी प्रतिवादीबिच लोग्ने स्वास्नीको नाता कायम हुने ठहर गरेको फैसला उल्टी गरी वादी प्रतिवादीहरूबिच मिति २०६२।११।२१ मा विवाह गरेको पुष्टि गर्ने प्रमाण वादीले पेस गर्न नसकेको भन्ने आधारमा वादी प्रतिवादीबिच नाता कायम नहुने भनी वादी दाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६८।१२।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-१७२३, जबरजस्ती करणी, *नेपाल सरकार वि. उत्तमकुमार तामाङ*

प्रस्तुत मुद्दामा प्रतिवादी उत्तमकुमार तामाङको बयान तथा पीडितको बकपत्रबाट समेत प्रतिवादीले पीडितको योनि बाहिर लिङ्ग दलेको भन्नेसम्म देखिन्छ। शारीरिक परीक्षणबाट पीडितको कन्याजाली नच्यातिएको तथा योनिको अवस्था सामान्य रहेको भन्ने योनिभित्र र बाहिर वीर्यसमेत नरहेको देखिएबाट समेत प्रतिवादीले पीडितको योनिमा लिङ्ग छिराई करणी गरेको भन्ने नदेखिने।

प्रस्तुत मुद्दामा प्रतिवादीले पीडितको योनिमा लिङ्ग प्रवेश गराई वीर्य स्खलन नगरेको, पीडितको तिघ्रा र योनि देख्दा प्रतिवादीलाई उत्तेजना आई लिङ्ग खडा भएकोले योनि बाहिर लिङ्ग दल्दा वीर्य स्खलन भएकोलाई जबरजस्ती करणी नै भएको हो भनी मान्न सकिने अवस्था छैन। तथापि प्रतिवादीले योनिमा लिङ्ग प्रवेश गराउन खोज्दा नछिरेपछि पीडित रोएकोले योनि बाहिरै लिङ्ग दलेको कुरामा प्रतिवादी साबित रहेबाट उक्त पुनरावेदक वादी नेपाल सरकार प्रत्यर्थी प्रतिवादी तपसी कुर्मी भएको जबरजस्ती करणी मुद्दामा (ने.का.प.२०६३, अङ्क ९, नि.नं. ७७६२ मा) प्रतिपादित सिद्धान्तसमेतको आधारमा प्रतिवादीको सो कार्य जबरजस्ती करणीको उद्योग गरेकोसम्म देखिने।

प्रस्तुत मुद्दामा मिति २०६८।८।१ गतेको वारदातमा मिति २०६८।८।१८ मा जाहेरी परी मिति २०६८।८।२९ मा मात्र स्वास्थ परीक्षण भएको र पीडितको स्वास्थ्य राम्रो भएको, पीडितको शारीरिक परीक्षण प्रतिवेदनमा योनिको अवस्था सामान्य भएको रहेको, कन्याजाली नच्यातिएको, शरीरमा संघर्षको चिह्न र योनिभित्र बाहिर वीर्यको संकेत नरहेको भन्ने उल्लेख हुँदा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्दा आधार लिएको ने.का.प.२०६३, अङ्क २, नि.नं. ७६५२ र ने.का.प.२०६६, अङ्क ५, नि.नं. ८१४२ मा प्रतिपादित सिद्धान्तको तथ्य र प्रस्तुत मुद्दाको तथ्य फरक फरक देखिँदा सो आदेशमा आधार लिएको नजिर प्रस्तुत मुद्दाको तथ्यसँग आकर्षित हुनसक्ने नदेखिने।

यस अवस्थामा निज प्रतिवादीलाई के कस्तो सजाय हुने भन्ने सम्बन्धमा मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं. मा जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधारमा सजाय हुन्छ भन्ने व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दाका पीडित बालिक ४ वर्षकी भन्ने देखियो। जबरजस्ती करणीको महलको ३(१) मा १५ वर्षभन्दा मुनिकी बालिका भए दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद सजाय हुने व्यवस्था

रहेको पाइन्छ । तर प्रस्तुत मुद्दामा पीडित ४ वर्षकी देखिएको हुँदा यदि प्रतिवादीलाई जबरजस्ती करणी गरेको ठहरेको भए उक्त महलको ३(१) बमोजिम निज प्रतिवादीलाई न्यूनतम दश वर्ष कैदको सजाय हुनेमा निजले जबरजस्ती करणीको उद्योग गरेको देखिँदा निज प्रतिवादीलाई सोही महलको ५ नं. बमोजिम आधा ५ वर्ष कैदको सजाय हुने ठहर गरेको सुरू मोरङ जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत विराटनगरको फैसला अन्यथा नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थः विवेचित आधार, प्रमाण र कानूनी व्यवस्थासमेतको आधारमा सुरू मोरङ जिल्ला अदालतले प्रतिवादी उत्तरकुमार तामाङलाई मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुने ठहर गरेको फैसलालाई पुनरावेदन अदालत विराटनगरबाट सदर हुने ठहर गरेको मिति २०६९।१०।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-१५५२, जबरजस्ती करणी, *नेपाल सरकार वि. लाटु वि.क.*

प्रतिवादी विक्रम भन्ने लाटु वि.क.ले आफैँले जन्माएको छोरीको छोरी (नातिनी) लाई जबरजस्ती करणी गरेको कसुर स्थापित भई जबरजस्ती करणी र हाडनातातर्फ सजाय गरेउपर प्रतिवादीको यस अदालतमा पुनरावेदनपत्र पर्न आएको देखिएन । यसरी प्रतिवादीले पुनरावेदन अदालत पोखराको फैसला स्वीकार गरेको अवस्थामा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको देखिने ।

अपाङ्गता भएकी पीडितलाई करणी गरेतर्फ जबरजस्ती करणीको महलको ३(क) नं. बमोजिम सजाय नगर्ने गरेको पुनरावेदन अदालत पोखराको फैसला मिलेन भन्ने जिकिरका सम्बन्धमा हेर्दा, पीडितकी आमा परिवर्तित नाम "ग" कुमारीले मेरो १२ वर्षकी छोरीलाई मेरो बुबा नाताका व्यक्तिले जबरजस्ती करणी गरेको भनी मौकामा जाहेरी दिएको देखिन्छ । जाहेरवालीले मौकामा जाहेरी दिँदा पीडित छोरी मानसिक रूपमा अपाङ्गता भएको भनी उल्लेख गरेको पाइँदैन । निजको अदालतसमक्षको बकपत्रमा समेत पीडित छोरी मानसिक रूपमा अपाङ्गता रहेको भनी भन्न सकेको नदेखिने ।

यसरी आधिकारिक निकायबाट पीडित अपाङ्ग रहेको प्रमाण वादी पक्षले पेस गर्न नसकेको र स्वयम् पीडितको आमाले दिएको जाहेरी र अदालतमा गरेको बकपत्रमा अपाङ्गताको कुरा उल्लेख नभएको अवस्थामा केवल सर्जमिनलगायतका केही व्यक्तिले पीडित अपाङ्ग रहेको भनी भनेकै आधारमा मात्र प्रतिवादीलाई अपाङ्गतातर्फ सजाय गर्नु कानूनत: नमिल्ने ।

अत: प्रतिवादीलाई जबरजस्ती करणीको ३(क) नं. बमोजिम थप सजाय नगर्ने गरेको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पोखराको मिति २०७१।१२।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल साउन २२ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CR-१६०४, जबरजस्ती करणी तथा हाडनाता करणी, *मिनबहादुर कार्की वि. नेपाल सरकार*

प्रतिवादीले अदालतसमक्ष कसुरमा पूर्ण रूपमा इन्कार रही बयान गरे तापनि मौकामा बयान गर्दा

पीडित धादिङ २४(४) लाई घरमा एक्लै देखेर मलाई करणी गर्न मन लागेपछि निजसँग करणी गर्न माग्दा पीडितले हुन्छ भनेर भनेपछि सहमतिमा एक पटक शारीरिक सम्पर्क राखेको हो । जबरजस्ती करणी गर्ने कार्य भएको छैन। पीडित आँखा नदेख्ने र मेरो भतिजी नाता पर्ने व्यक्ति हो भनी बेहोरा लेखाएको पाइयो । प्रतिवादीले मौकामा बयान गर्दा सहमतिमा करणी गरेको भने तापनि अदालतसमक्ष करणी गरेको होइन भनी बेहोरा लेखाएको पाइन्छ । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा Vagina posterior Vanginal: wall tear which was sutured with cat gut.

Hymen: lacaration at 6 O'clock position at the stage of healing.

Opinion: Nature of Injury Found on her hymen and vagina suggest that they are the result of recent forcefull sexual intercourse भनी उल्लेख भएको छ। यस अवस्थामा पीडितउपर करणी भएको कुरा पुष्टि हुन आउने।

जबरजस्ती करणीको वारदातको प्रमाणको कडी भनेको स्वयम् पीडित हुन्छ। अर्को कडी भनेको पीडितको शारीरिक परीक्षणको रिपोर्ट हो। जबरजस्ती करणीजस्तो फौज्दारी अपराधमा पीडितले व्यक्त गरेको कुरा महत्त्वपूर्ण प्रमाणको रूपमा हेरिन्छ। पीडित स्वयम् घटना वारदातको चश्मदिद गवाह पनि हो । यहाँ प्रत्यक्षदर्शीको रूपमा रहेकी पीडित स्वयम्ले प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको कुरा दर्साई अदालतमा समेत आई बकपत्र गरेको देखिन्छ। निजको बकपत्रलाई निजको मौकाको स्वास्थ्य परीक्षण प्रतिवेदन र घटनास्थल मुचुल्काले पनि पुष्टि गरेको छ। यदि पीडितउपर जबरजस्ती करणी नभएको भए पीडितले आजीवन सामाजिक रूपमा दाग लाग्ने गरी जबरजस्ती करणीजस्तो जघन्य अपराधमा मौकामा र अदालतमा आई प्रतिवादीले जबरजस्ती करणी गरेको हो भनी आरोप लगाउनु पर्ने कुनै कारण विद्यमान देखिँदैन । यस अवस्थामा पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेको कुरा स्थापित हुन आउने।

पीडित दृष्टिविहीन "ख" वर्गको अपाङ्ग रहेको कुरा पीडितले पेस गरेको मिसिल संलग्न अपाङ्गता भएको व्यक्तिको वैयक्तिक विवरणको फोटोकपीबाट देखियो। उक्त परिचयपत्र कहीँकतैबाट बदर भएको देखिँदैन । पीडित र प्रतिवादीबिच नाता रहेको कुरा स्वयम् प्रतिवादीले अदालतसमक्षको बयानमा समेत उल्लेख गरेबाट प्रतिवादीले स्वीकार गरेको कुरामा प्रमाण ऐन, २०३१ को दफा ४ बमोजिम प्रमाण बुझ्नु नपर्ने हुँदा थप विवेचना गरिरहन नपर्ने।

अत: प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) अनुसार ५(पाँच) वर्ष कैद, सोही महलको ३(क) अनुसार ५(पाँच) वर्ष कैद र हाडनाता करणीको महलको ३ नं. अनुसार ६ महिना कैद हुने र पीडितलाई रू.एक लाख क्षतिपूर्ति दिलाई दिने गरी सुरू धादिङ जिल्ला अदालतबाट भएको मिति २०७२।८।२८ को फैसला सदर गर्ने गरी उच्च अदालत, पाटनबाट मिति २०७३।६।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल साउन २२ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-०१२६, जबरजस्ती करणी, *नेपाल सरकार वि. निश्चल पौडेल*

अभियोग दाबी पुष्टि गर्न प्रमाणका रूपमा वादी पक्षले अघि सारेको पीडित जाहेरवाली परिवर्तित नाम ४७(च) कुमारीको अदालतसमक्षको बकपत्र हेर्दा प्रतिवादीले मलाई जबरजस्ती करणी गरेको छैन । प्रतिवादीले सजाय पाउने पर्ने होइन भनी अनुसन्धानको सिलसिलामा दिएको जाहेरीको ठीक विपरीत हुने गरी बकपत्र गरेको पाइयो। यसबाट जाहेरवालीले मौकामा दिएको जाहेरी बेहोरा समर्थित हुन आएको देखिन आएन। त्यस्तै पीडितकी आमा परिवर्तित नाम ४७(ए) कुमारीले अदालतसमक्ष बकपत्र गर्दा २०७१।११।३० गते म, मेरी छोरी जाहेरवालीसँग प्रिन्स होटलमा

थिएँ । निश्चल पौडेलले परिवर्तित नाम ४७(च) कुमारीलाई जबरजस्ती करणी गरेको भन्ने कुरा झुठा हो । निश्चल पौडेललाई सजाय हुनु हुँदैन भनी अनुसन्धानका क्रममा गरेको कागज बेहोराको विपरीत हुने गरी बेहोरा उल्लेख गरेको पाइने ।

पीडक प्रतिवादी निश्चल पौडेलको स्वास्थ्य प्रतिवेदन हेर्दा निजको लिङ्ग तथा शरीरको भागमा कुनै घाउ चोटपटक तथा निलडाम लागेको छैन । शरीर तथा कपडामा कुनै रगत तथा योनिरस केही नपाइएको भन्ने उल्लेख छ भने पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा निजको शरीरको भागमा कुनै घाउ चोटपटक तथा निलडाम लागेको छैन । कन्याजाली च्यातिएको छ । योनि सुन्निएको र घाउ चोट लागेको छैन । निजको शरीर र कपडामा कुनै रगत तथा वीर्य केही नपाइएको भन्ने उल्लेख भएको देखियो । पीडितको शारीरिक परीक्षण गर्ने डा.निशा नेपालले अदालतमा आई बकपत्र गर्दा पीडित ४७(च) कुमारीको छातीमा टोकेको दागहरू, शरीरमा निलडामहरू, योनि सुन्निने, कोतारेको दागहरू नभेटिएको तथा शारीरिक सम्पर्कबाहेक एथलेटिक्स खेल्ने साइक्लिङ गर्ने औंलालगायतका वस्तुहरू घुसाउने गर्दा पनि कन्याजाली च्यातिन सक्छ भनी उल्लेख गरेको पाइन्छ । पीडितले अदालतमा बकपत्र गर्दा सवाल जवाफ १४ मा मैले स्कुटर चलाउने कारण त्यस्तो रिपोर्ट देखिएको हुन सक्छ भनी उल्लेख गरेको देखियो। यस अवस्थामा अन्य कारणबाट पनि पीडितको कन्याजाली च्यातिएको हुनसक्ने तथ्य पुष्टि हुन आयो। यसरी जबरजस्ती करणी गरेको भन्ने मौकाको जाहेरी र पीडितको अनुसन्धान अधिकारीसमक्ष भएको किटानी जाहेरीलाई अन्य प्रमाणद्वारा समर्थित गरेको नदेखिने।

प्रतिवादी निश्चल पौडेलले अदालतसमक्ष बयान गर्दा मैले पीडित भनिएकी जाहेरवाली परिवर्तित नाम ४७(च) कुमारीलाई जबरजस्ती करणी गरेको होइन भनी कसुरमा इन्कार रही बयान गरेको पाइयो। निज प्रतिवादीका साक्षी विष्णुप्रसाद न्यौपानेले प्रतिवादी निश्चल पौडेलले जाहेरवालीलाई जबरजस्ती करणी गरेको भन्ने कुरा झुठ्ठा हो, मिति २०७१।११।३० गते म निश्चलसँग एउटै कोठामा थिएँ भनी प्रतिवादीको इन्कारी बयानलाई समर्थन गरी बकपत्र गरेको देखिन्छ। यस अवस्थामा पीडित स्वयम्‌ले जबरजस्ती करणी भएको छैन भनी अदालतमा उपस्थित भई स्वतन्त्र रूपमा बकपत्र गरेबाट र विशेषज्ञको बकपत्रबाट समेत जबरजस्ती करणी भएको प्रमाणित नहुँदा प्रतिवादीउपरको आरोप प्रमाणित हुनुको सट्टा आरोप खण्डित हुन गएको।

अतः अभियोग दाबीबाट प्रतिवादी निश्चल पौडेललाई सफाइ दिने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।८।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल जेठ २ गते रोज ४ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-MS-००१५, अदालतको अवहेलना, *भूमिराज निरौला वि. अनिल जोशीसमेत*

निवेदकको भनाइअनुसार विपक्षी न्यूज २४ टेलिभिजनले यसरी प्रसारित गरिएको भनिएको सामग्री आफू र आफ्नो पार्टीलाई गाली गलौज गरी तथा बेइज्जत गरी तत्काल हुन गइरहेको संविधानसभाको निर्वाचनमा आफूहरूलाई प्रतिकूल असर पार्न प्रसारित गरिएको भन्ने भएकोमा सो संविधान सभाको कार्यसमेत सम्पन्न भइसकेको छ। यसैगरी यसै विषयलाई लिएर यी निवेदकले गाली बेइज्जती मुद्दासमेत काठमाडौं जिल्ला अदालतमा दयर गरी मुद्दा विचाराधीन अवस्थामा रहेको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिन आएको छ । सो सम्बन्धमा यी निवेदकले अन्यथा भन्न सकेको पाइँदैन । यसरी यसै विषयलाई लिएर चलेको गाली बेइज्जती मुद्दा चलिरहेको अवस्थामा

सो मुद्दामा ठहरेबमोजिम हुने नै देखिन्छ । लिखित जवाफ प्रस्तुतकर्ताले अदालतको आदेशको अवज्ञा गरेको पनि छैन र भविष्यमा पनि गर्ने छैन भनी लिखित जवाफ दिएको परिप्रेक्ष्यमा विपक्षीहरूलाई अदालतको अवहेलनामा सजाय गरिपाउँ भन्ने निवेदन माग दाबीअनुसार विपक्षीहरूलाई अदालतको अवहेलनामा सजाय गर्नुपर्ने देखिन नआउने ।

अतः यस अदालतबाट अन्तरिम आदेश जारी भएको रिट निवेदन नै खारेज हुने गरी यस अदालतबाट आदेश जारी भई अन्तरिम आदेशको औचित्यता नै समाप्त भइसकेको, संविधान सभाको निर्वाचनमा प्रतिकूल असर पार्ने गरी हाम्रो विरूद्धमा सामाग्री प्रस्तुत गरिएको भनिएकोमा सो निर्वाचन पनि सम्पन्न भइसकेको, विपक्षीहरूले आफूहरूले अन्तरिम आदेशको अवज्ञा गरी निवेदक विरूद्ध कुनै भ्रामक समाचार प्रसारण गरी अदालतको अवहेलना नगरेको भनी उल्लेख गरेको, यसै विषयलाई लिएर गाली बेइज्जती मुद्दासमेत यी निवेदकले दायर गरी उक्त मुद्दा कारबाहीको अवस्थामा रहेको भन्ने देखिएको र सोमा ठहरेबमोजिम हुने नै भएकोजस्ता माथि उल्लिखित आधार कारणहरूबाट विपक्षीहरूले अदालतको अवहेलना गरेको भन्ने देखिन आएन । त्यसैले निवेदन मागअनुसार विपक्षीहरूलाई अवहेलनामा सजाय गर्न मिलेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल मङ्सिर ११ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-CI-१२३४, मोही निष्कासन गरी कुतबाली भराइ पाऊँ, *लक्ष्मणप्रसाद साह तेली वि. अनिलप्रसाद साह*

दाबीको कि.नं. १७२ को ज. वि. ०-११-० र कि.नं.१७५ को ०-३-३ जग्गामा प्रत्यर्थी अनिलप्रसाद साह मोही भएको कुरामा कुनै विवाद रहेको देखिएन । साथै, जग्गाधनीलाई घरसारमा नै बाली बुझाउन जाँदा बुझी नलिएकोमा २०६४ सालको कुतबाली धरौटी राखिपाउँ भनी प्रत्यर्थी अनिलप्रसाद साहले भूमिसुधार कार्यालय, बारामा मिति २०६४।११।३० निवेदन दिँदा धरौटी बुझ्न मिलेन भनी उक्त निवेदन दरपिठ भएको अवस्था देखिन्छ । तसर्थ, उल्लिखित दरपिठको बेहोराबाट प्रत्यर्थी अनिलप्रसाद साहले मोहीको हैसियतले आफ्नो कानूनी दायित्व नै पूरा गरेन भनी भन्न नमिल्ने ।

अतः माथि विवेचित तथ्य र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतबाट मोहीले निवेदन दाबीको जग्गाको कुतबाली नबुझाएको आधारमा मोही निष्कासन गर्ने गरी भूमिसुधार कार्यालय, बाराबाट मिति २०७०।१।८ मा भएको निर्णय ने.का.प. २०६२ नि.न. ७५४९ पृष्ठ ६७० मा प्रतिपादित नजिरको आधारमा मिलेको नदेखिँदा उल्टी भई मोही निष्कासन गरिपाउँ भन्नेसम्मको निवेदन माग दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।१२।२२ मा भएको फैसला मिलेके देखिँदा सदर हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल मङ्सिर २२ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-१३८४, अंश दर्ता चलन, *कमलबहादुर लामा वि. चन्द्रबहादुर लामासमेत*

पुनरावेदक वादी र प्रतिवादीहरूको हेटौंडा र काठमाडौंको विष्णु बुढानिलकण्ठमा घर जग्गा रहेको तथ्य मिसिलबाट देखिन्छ । मूल पुरूष भिमबहादुर लामाका ५ छोराहरूमध्ये जेठा रामबहादुर लामाको नाउँमा हेटौंडामा रहेको जग्गा र.नं.१८९ बाट कित्ताफोड गरी रामबहादुर लामा, प्रस्तुत मुद्दाका वादी कमलबहादुर लामा र प्रत्यर्थी प्रतिवादी कमलबहादुर लामाबिचमा जनही ११/११ कट्ठाका दरले मिति २०३७।११।१३ गते लिखत पारित गरी लिने दिने कार्य भएको देखिन्छ । अन्य अंशियारहरू चन्द्रबहादुर लामा,

बलबहादुर लामा र आमा ठूलीमाया लामालाई उक्त हेटौंडाको जग्गा भाग लगाएको देखिँदैन । चन्द्रबहादुर लामासमेतले काठमाडौं विष्णु बुढानिलकण्ठ गा.वि.स. मा रहेको घरजग्गा भोग गरी आएको भन्ने देखिन्छ । यसबाट वादी कमलबहादुरसमेत ३ भाइले हेटौंडामा र चन्द्रबहादुरले काठमाडौंमा आआफ्नो भागको सम्पत्ति छुट्याई अलग-अलग व्यवहार गरी आएको देखिन्छ । पुनरावेदक वादी र प्रतिवादीहरूबिचमा पहिले नै नरमगरम मिलाई घरसारमा अंशबन्डा भई अलगअलग व्यवहार भएको भन्ने कुरा निजहरूको व्यवहारबाट प्रमाणित हुन आएको पाइने ।

काठमाडौं विष्णु बुढानिलकण्ठ गा.वि.स. वडा नं. ७ख कि.नं. ८, ३२ र १०० को जग्गाहरू वादी प्रतिवादीकी आमा ठूलीमायाको मिति २०५१।१२।१८ मा मृत्यु भएपछि मिति २०५८।१०।२६ मा प्रतिवादीहरू चन्द्रबहादुर लामा र बलबहादुर लामाको नाममा नामसारी भई आएको मिसिलबाट देखिन्छ । यसरी नामसारी गर्दा अन्य अंशियारहरू स्व. रामबहादुर लामा, पुनरावेदक वादी कमलबहादुर लामा र प्रत्यर्थी प्रतिवादी प्रेमबहादुर लामासमेतले हक दाबी छाडी प्रत्यर्थी प्रतिवादीहरू चन्द्रबहादुर लामा र बलबहादुर लामाका नाउँमा नामसारी गर्न मन्जुरी गरी मिति २०५८।१०।२८ मा निवेदन दिई सनाखत सहिछापसमेत गरिदिएको पाइयो । उक्त मन्जुरीको कागजमा काठमाडौं जिल्ला विष्णु गा.वि.स. वडा नं. ७क का कि.नं. ८, ३२ र १०० का जग्गामा हामी दाजुभाइ रामबहादुर लामा-१, प्रेमबहादुर लामा-१ र कमलबहादुर लामा-१ समेत जना ३ ले आमा ठूलीमायाको नाम कट्टा गरी चन्द्रबहादुर लामा र बलबहादुर लामाको नाममा संयुक्त पुर्जा दिएमा आफ्नो हक छोड्ने मन्जुरीनामासाथ छोडपत्र गरिदिएका छौं । पछि कुनै प्रकारको उजुरबाजुर गरेमा यसै कागजद्वारा बदर गरिदिएमा हामीहरूको मन्जुरी छ भन्ने उल्लेख भएको देखियो । उपर्युक्त कागजबाट काठमाडौंमा रहेका प्रत्यर्थी प्रतिवादीहरू बलबहादुर लामा र चन्द्रबहादुर लामालाई आमाको नामको जग्गा नामसारी गरी हक भोग कायम गर्न यी पुनरावेदक वादीसमेतले मन्जुरीनामा गरी हक छाडी दिएको देखिएबाट यी वादी प्रतिवादीहरू पहिलेदेखि घरसारमा छुट्टिभिन्न भई बसेको भन्ने नै देखिन आउने ।

स्व.रामबहादुर लामाको श्रीमती प्रतिवादी सानुमाया लामाले प्रतिउत्तर फिराउँदा २०३९ सालमा आपसी सहमतिबाट विभिन्न लिखत पारित गरी जग्गाको चोसोमोसो, नरम गरम मिलाई हालसम्म आ-आफ्नो अंश भागको जग्गा विधि व्यवहार मिलाई अलगअलग भोगचलन गरी आएका छौं भनी उल्लेख गरेको देखिन्छ । प्रत्यर्थी प्रतिवादीहरू बलबहादुर लामा र चन्द्रबहादुर लामाले आफ्नो नाममा कायम रहेको सम्पत्ति आफ्ना छोराछोरीहरूको नाममा छुट्टाई दिएको मिसिलबाट देखिन आउँछ । यसबाट हेटौंडामा रहेको जग्गा यी पुनरावेदक वादीसमेतका ३ अंशियारको भागमा र काठमाडौंमा रहेको घरजग्गा चन्द्रबहादुर लामा र बलबहादुर लामा तथा निजहरूकी आमाको भागमा हुने गरी घरसारमा अंशबन्डा गरेको भन्ने नै व्यवहार प्रमाणबाट देखिन आउने ।

पुनरावेदक वादी कमलबहादुर लामाले २०३७।११।१३ मा र.नं. १८९ बाट आफ्नो भागको जग्गा श्रीमतीको नाममा दर्ताफारी छुट्टाई लिएकोसमेत देखिन्छ । ५ जना अंशियारको नाममा रहेको सम्पत्ति हेर्दासमेत अस्वाभाविक रूपमा धेरै वा थोरै भागमा परेको भन्ने पनि देखिँदैन । हेटौंडा बसेका ३ जना अंशियारले त्यहाँ रहेको १-१३-० जग्गा कित्ताकाट गरी जनही ११ कट्ठा लिएको देखिन्छ । काठमाडौंमा बसोबास गर्ने अन्य अंशियारले सो कुरालाई अन्यथा नभनी स्वीकार गरेको पाइयो । तत्कालीन अवस्थामा एक जना अंशियारले हेटौंडामा ११ कट्ठा जग्गा पाउँदा काठमाडौं बस्ने चन्द्रबहादुर लामा, निजकी आमा तथा भाइ बलबहादुर लामासमेत ३ जनाको भागमा काठमाडौं विष्णु बुढानिलकण्ठ गा.वि.स. को लगभग ४ रोपनी जग्गा छुट्याई अंशबन्डा गरेको देखिन्छ । तत्कालीन मूल्याङ्कनका दृष्टिले हेर्दा पनि यसबाट

वादी कमलबहादुर लामासमेतलाई मर्का परेको देखिँदैन। भाग शान्ति दामासाहीले नै बन्डा लगाइएको पाइयो । वादी प्रतिवादीहरूले आआफ्नो नाउँमा रहेको सम्पत्ति लामो समयदेखि आ-आफ्नै तरिकाले भोगचलन गरी दर्ता फुटाई आ-आफ्नो नाममा नापी दर्ता कायम गरेकोसमेतका समग्र तथ्यबाट वादी प्रतिवादीहरूबिच अंशबन्डा भएको थिएन भनी मान्न मिल्ने नदेखिने।

अत: वादी प्रतिवादीहरूले घरसारमा अंशबन्डा गरी भोगचलन गरेको भन्ने कुरा हेटौंडामा स्व.रामबहादुर लामाको नाममा रहेको जग्गा ३ जना अंशियार वा निजको परिवारका नाउँमा दर्ता फारी गरी आ-आफ्नो नाउँमा कायम गरी नापीसमेत गरी भोगचलन गरी आएको देखिएको, हेटौंडामा बसेका अंशियारहरूले आआफ्नो छुट्टाछुट्टै व्यवहार गरेको देखिएको, वादी प्रतिवादीको आमाको मृत्युपछि आमाको नाउँको जग्गा काठमाडौंमा रहेका प्रत्यर्थी प्रतिवादीहरू बलबहादुर लामा र चन्द्रबहादुर लामाको नाउँमा हक कायम गर्न यी पुनरावेदक वादीसमेतका अंशियारले मन्जुरी गरी हक छाडी दिएको देखिएको, वादी प्रतिवादीहरूको नाउँमा कायम भएको घर जग्गा समानुपातिक र नरम गरम मिलेकोसमेत देखिएको, लामो समयको अन्तरालसम्म भिन्नभिन्न बसी आएको अवस्थामा अहिले आएर मात्र मुद्दा गरेको देखिएको तथा हेटौंडामै रहेकी प्रत्यर्थी प्रतिवादी सानीमाया लामाले समेत घरसारमा बन्डा गरी आ-आफ्नो गरी भोगचलन गरी नापी नक्सासमेत गरेको हो भनी प्रतिउत्तरमा उल्लेख गरेकोजस्ता आधार प्रमाणबाट यी पुनरावेदक वादी कमलबहादुर लामाले २०३३ सालमा नै घरसारमा अंशबन्डा गरी अंश लिई भिन्न बसेको भन्ने नै देखिँदा निजले प्रतिवादीहरूबाट पुन: अंशबन्डा गर्न पाउने देखिन आएन। तसर्थ माथि उल्लिखित समग्र आधार प्रमाणबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१०।१९ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७५ साल भदौ १७ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-CR-१२४५, जालसाजी, *कमलबहादुर लामा वि. बलबहादुर लामासमेत*
- ०७१-CR-१२४६, जालसाजी, *कमलबहादुर लामा वि. चन्द्रबहादुर लामासमेत*
- ०७१-CR-१२४७, जालसाजी, *कमलबहादुर लामा वि. बलबहादुर लामासमेत*
- ०७१-CI-१३८३, हालैको बकसपत्र लिखत बदर, *कमलबहादुर लामा वि. चन्द्रबहादुर लामासमेत*
- ०७१-CI-१३८५, अंशबन्डा लिखत दर्ता बदर, *कमलबहादुर लामा वि. चन्द्रबहादुर लामासमेत*

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CI-१२५७, अंश चलन, *अप्सरा गोठे वि. मन्ते गोठेसमेत*

कुनै व्यक्तिले कसैलाई स्याहार-सुसार गरी वा केही कुरा गरी रिझाएकोमा सोबापत रिझिने व्यक्तिले रिझाउने व्यक्तिलाई खुसीले कुनै सम्पत्ति हक छाडी दिएमा त्यस्तो सम्पत्ति बकस हुन्छ। तर यी प्रतिवादीहरूले के कुन काम गरेबापत भजगोविन्द प्रधानबाट उक्त सम्पत्ति हालैको बकसपत्र भएको हो भन्ने कुरा मिसिल संलग्न कागजातबाट देखिँदैन। यस प्रकार नाता सम्बन्ध पनि नभएको र भजगोविन्दले यी प्रतिवादीहरू मैया केशरी गोठे र निर्मलादेवी गोठेलाई नै बकसपत्र दिनुपर्ने औचित्यपूर्ण आधारसमेत नदेखिएको अवस्थामा बकसपत्र लेखिएको कारणले मात्र निजी सम्पत्ति भन्नु मनासिब नहुने।

बकसपत्रको कागज हेर्दा कि.नं. २५४ र २५५ को जग्गा भन्ने मात्र उल्लेख भएको देखिन्छ तर मिसिल सामेल संयुक्त नामको कागज र तायदाती फाँटवारी हेर्दा सो जग्गामा घरसमेत रहेको भन्ने देखिन आउँछ । उक्त जग्गामा बनेका घरहरू के-कुन निजी स्रोतबाट बनेको भन्ने यी प्रतिवादीहरूले लेखाउन देखाउन सकेको अवस्था छैन । यस अवस्थामा उक्त जग्गामा निर्मित घरहरू सगोलकै आर्जनबाट निर्माण भएको हो भन्ने पुष्टि हुने ।

पुनरावेदक वादी गौरी नारायण गोठेबाहेकका व्यक्तिहरूका बिचमा यी निजी आर्जन भनी हाल दाबी गरिएका कित्ताहरूमध्ये कि.नं. ४९८ को घरजग्गा मदन गोठेको श्रीमती मंगलादेवी कासुला गोठेको नाममा, कि.नं. २५४ को घरजग्गा मोहनकाजीको श्रीमती मैयाकेशरी गोठेको नाममा यथावत् कायम राख्ने र कि.नं. २५५ को घरजग्गा निर्जलादेवी गोठे र रन्जनादेवी गोठेको संयुक्त नाममा राख्ने गरी व्यवहारले बन्डा गरेको देखिएबाट निजी आर्जनको भन्ने भनाइ खण्डित भएबाट यी वादीलाई मात्र उक्त सम्पत्तिबाट वञ्चित गर्नु न्यायको रोहमा मिल्ने नदेखिने ।

वादी र प्रतिवादीहरूको बिचमा रीतपूर्वक अंशबन्डा भएको भन्ने पुष्टि हुन नसकेको अवस्था र विवादित कि.नं. २५४ र २५५ को जग्गासमेत यी प्रतिवादीहरूले हालैको बकसपत्रबाट प्राप्त गरेको देखिए तापनि सो बकसपत्र दिने र लिनेबिचको सम्बन्धबाट बकसपत्रको औचित्यता पुष्टि गर्न नसकिरहेको अवस्थामा उक्त विवादित सम्पत्तिमा समेत यी वादीसमेतको अंश लाग्ने नै देखिन आउँछ । पुनरावेदन अदालत पाटनबाट विवादित कि.नं. २५४ र २५५ को जग्गाबाट वादीले अंश नपाउने ठहर गरी भएको फैसला सो हदसम्म मनासिब मान्न मिल्ने नदेखिने ।

तसर्थ उपर्युक्तबमोजिमका प्रमाण र तथ्यहरूको आधारमा वादी प्रतिवादीका बिचमा यसअघि रीतपूर्वक अंशबन्डा भएको नदेखिएकाले फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी सम्पूर्ण सम्पत्तिलाई ५ भाग लगाई त्यसको १ भाग वादीले अंश पाउने ठहरी सुरू जिल्ला अदालतबाट भएको फैसला मिलेकै देखिन्छ । कि.नं. २५४ र २५५ को घर जग्गालाई हालैको बकसपत्रबाट आएको देखिँदा सो सम्पत्तिबाट वादीले अंश पाउन नसक्ने ठहरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७२।५।२१ को फैसला सो हदसम्म उल्टी भई उक्त कि.नं. २५४ र २५५ को घरजग्गासमेतबाट वादीले अंश पाउने ।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७५ साल भदौ १७ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-११०९ र ०७१-RC-०१४५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कैलास यादवसमेत र नेपाल सरकार वि. निर्मला यादव*

प्रत्यक्षदर्शी हुँ भनेका जाहेरवालाले पहिलो जाहेरीमा निर्मला यादवले कुटपिट गरी मारेको भनी यी प्रतिवादीहरू कैलाश यादव र जगराम यादवको बारेमा कुनै उल्लेख गर्न नसकेको अवस्थामा दोस्रो जाहेरीमा मात्र यी प्रतिवादीहरूको समेत संलग्नतामा कर्तव्य गरी मारेको भनी उल्लेख गरेको देखिन्छ । प्रत्यक्ष देखेको हुँ भन्ने जाहेरवालाले पहिलो जाहेरीमा कुनै कुरा उल्लेख नगर्नु र पछि अर्को जाहेरी दिई अन्य प्रतिवादीहरूको समेत संलग्नता रहेको थियो भनी उल्लेख गर्नुलाई विश्वसनीय मान्न सकिने अवस्था नरहने ।

प्रहरी चौकी वगहीले इलाका प्रहरी कार्यालय, कृष्णनगरलाई लेखेको पत्रमा समेत निर्मला यादवको संलग्नतामा कुटपिट भएको बुझिएको भनी उल्लेख भए पनि सो कुरा मिसिल सामेल अन्य प्रमाणबाट पुष्टि भएको पाइँदैन । घटना विवरण कागज गर्नेहरू गुरूप्रसाद कोरी र रामप्रसाद कोरीले ३ नै जना प्रतिवादीको संलग्नतामा कुटपिट भएको भने पनि उक्त भनाइलाई अदालतमा उपस्थित भई बकपत्र गरी समर्थन गराउन सकेको देखिँदैन । वस्तुस्थिति मुचुल्का कागज गर्नेहरू कृपाशंकर तिवारी, रामसजिवन तिवारी र मुक्तनाथ

तिवारीले ३ जना प्रतिवादीहरूको संलग्नतामा कुटपिट भएको भन्ने सुनी थाहा पाएको हो देखेको होइन भनी उल्लेख गरेका र निजहरूले अदालतमा उपस्थित भई बकपत्र गरेकोसमेत नदेखिएबाट निजहरूको भनाइलाई समेत प्रमाणमा ग्रहण गर्न नमिल्ने ।

प्रतिवादीहरूले अदालतमा वारदातमा संलग्न रहेकोमा इन्कार रही बयान गरेको र निजहरूको बयानलाई निजका साक्षीहरूले समेत समर्थन गरेको देखिएको छ । प्रतिवादी निर्मला यादवले अनुसन्धान अधिकारीसमक्ष कैलाश यादवको सम्म संलग्नतामा वारदात घटाएको भनेपनि अदालतमा बयान गर्दा सो कुरा उल्लेख गरेको देखिँदैन । यस्तो अवस्थामा सोचविचार गरी दिएको दोस्रो जाहेरी र सोही बेहोराअनुरूप हुने गरी निजको छोरी तारजहाँ खाँले गरेको संदेहात्मक बकपत्र मात्रको आधारमा निज प्रतिवादीहरूलाई दोषी करार गर्न मनासिब देखिँदैन । कर्तव्य ज्यानजस्तो गम्भीर फौजदारी कसुरमा तथ्यगत आधारबिना शङ्का र अनुमानको भरमा प्रतिवादीहरूलाई सजाय गर्नु फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुन जाने हुँदा निजहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

घटनास्थल मुचुल्कामा प्रतिवादी निर्मला यादवसमेतले कुटपिट गरेको भनी उल्लेख गरेको स्थानमा माटो धसारिएको, संघर्षका संकेतहरू देखिएको भन्ने उल्लेख भएको देखिन्छ । लास जाँच प्रकृति मुचुल्कामा मृतकको दायाँ आँखा किनारमा चोट रहेको भन्ने देखिन्छ । शव परीक्षण प्रतिवेदन हेर्दा Abrasion Right Fore Head भन्ने उल्लेख भएको देखिन्छ । मृतकको मृत्यु टाउको (निधार) मा लागेको चोटको कारण हुन सक्छ भनी शव परीक्षण प्रतिवेदन गर्ने डा. अनुपा पोख्रेलले अदालतमा बकपत्र गरेको देखिन्छ । मृतकको बहिनी तारजहाँ खाँले प्रतिवादीसमेतको मिलेमतोमा कुटपिट भएको र सोही कारण मृत्यु भएको भनी अनुसन्धान अधिकारीसमक्ष कागज गर्नुका साथै अदालतमा बकपत्र गरेको देखिन्छ । घटना विवरणका मानिसहरू गुरूप्रसाद कोरी र रामप्रसाद कोरीले प्रतिवादी निर्मला यादवसमेतले कुटपिट गरेको भनी उल्लेख गरेको देखिन्छ । यसबाट प्रतिवादी निर्मला यादवले मृतक र निजको बहिनीले गाली गरेको विषयमा तत्काल उठेको रिसका कारण मृतकलाई कुटपिट गरेको भन्ने निजको अनुसन्धान अधिकारीसमक्षको बयान पुष्टि भइरहेको अवस्था छ । निज प्रतिवादी निर्मला यादवले आफ्नो भैँसीले गहुँ खाएको विषयमा मृतकसँग भएको विवादको कारण आवेशमा आई तत्काल प्राप्त बाँसको लठ्ठी र ढुङ्गाले प्रहार गरेको र सोही चोटको कारण उपचारको क्रममा मृतकको मृत्यु भएको देखिन आउने ।

प्रतिवादी निर्मला यादवले मृतकलाई मार्नु पर्ने पूर्वरिसइवी थियो भनी कुनै प्रमाण वादी पक्षले पेस गर्न सकेको देखिँदैन । खेतमा रहेको गहुँ भैंसीले खाइदिएको विषयमा भएको सामान्य विषयमा निजहरूबिचमा विवाद भएकोसम्म देखिएको अवस्था छ । प्रतिवादीले धारिलो हतियार प्रहार गरी कुटपिट गरेको नदेखिई तत्काल प्राप्त लठ्ठी र इँटाका टुक्राबाट आक्रमण गरेको देखिँदा प्रतिवादी निर्मला यादवले मृतकलाई मार्ने नियतले प्रहार गरेको नभई तत्काल उठेको रिसइवीका कारण प्रहार गरेको पुष्टि हुन आयो । ज्यान मार्ने मनसायले नै कुटपिट गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन नसकेको र ज्यान लिनुपर्नेसम्मको इवी पनि नरहेको र लुकिछिपी हानेको भन्ने पनि नदेखिएको अवस्थामा निज प्रतिवादी निर्मला यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्नु मनासिब नदेखिई निज प्रतिवादीलाई ऐ. १४ नं. बमोजिम सजाय गर्नु विधायिकाको मनसायअनुरूप हुने ।

तसर्थ उपर्युक्त प्रमाणहरूको आधारमा प्रतिवादीहरू कैलास यादव र जगराम यादवलाई सुरू अदालतबाट सफाइ दिने गरी भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।५।३ मा भएको फैसला मिलेकै देखिँदा

सदर हुने ठहर्छ । प्रतिवादी निर्मला यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।५।३ मा भएको फैसला केही उल्टी भई निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल कात्तिक १ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-११४६, सार्वजनिक इनारको जग्गा बनाएको घर टहरा हटाई चलन, *सुरेश राउत कुर्मीसमेत वि. भिखारी राउत कुर्मी*

विवादित कि.नं.२३९ को जग्गाको सुरू मिसिल संलग्न नापी शाखा रौतहटको फिल्डबुक उतार फारामको प्रमाणित प्रतिलिपि हेर्दा, जोताहाको नाममा इनार भनी उल्लेख गरेको र कैफियत महलमा यो इनारको जग्गा सार्वजनिक हो भनी बेहोरा जनाएको देखियो । सुरू मिसिल संलग्न रहेको मिति २०६९।६।१९ को नक्सा मुचुल्का हेर्दा नक्सा कैफियतमा न.नं. ४ मा कि.नं. २३९ को विवादित इनार र भत्किएको फुसको घर पाइप (चापाकल) समेत भएको विवादित जग्गा हो भनी उल्लेख गरेको देखिन्छ । सो न.नं. ४ को क्षेत्रफल ०-०-४-३ उल्लेख भएको देखिन्छ । उक्त कि.नं. २३९ को जग्गा पुनरावेदक प्रतिवादीहरूका नाममा दर्ता भएको वा दर्ताको प्रक्रियामा रहेको भन्ने देखिँदैन भने यी पुनरावेदक प्रतिवादीहरूले उक्त जग्गा आफ्ना नाममा दर्ता भएको भनी भन्न र सोको प्रमाण पेस गर्न सकेको पनि नदेखिने ।

गाउँ पञ्चायतलाई सार्वजनिक जग्गालाई संरक्षण गर्ने अधिकार मात्र कानूनले अधिकार दिएको र सार्वजनिक जग्गा कसैलाई हस्तान्तरण गर्न वा भोगचलन गर्न दिने अधिकार रहेको देखिँदैन । यस्तो अवस्थामा जोकहा गाउँ पञ्चायतले अनधिकृत रूपमा चलन पुर्जी दिँदैमा उक्त जग्गामा भोगका आधारमा मात्र यी पुनरावेदक प्रतिवादीहरूको स्थायी स्वामित्व कायम हुन सक्ने नदेखिने । नापीको फिल्डबुकमा कि.नं. २३९ मा सार्वजनिक इनार भनी उल्लेख भएको र अदालतबाट भएको नक्सा मुचुल्काबाट समेत न.नं. ४ मा इनार र फुसको भत्किएको घर पाइप (चापाकल) समेत रहेको देखिँदा विवादित न.नं. ४ कि.नं. २३९ को जग्गा यी पुनरावेदक प्रतिवादीको भन्न मिल्ने देखिएन । न.नं. ४ कि.नं. २३९ को जग्गा नापीको फिल्डबुकमा सार्वजनिक देखिएको, सो जग्गा यी पुनरावेदक प्रतिवादीहरूका नाममा दर्ता नभएको भन्ने तथ्य निर्विवाद रूपमा रहेको छ भने दर्ता हुने प्रक्रियामा रहेको अवस्थासमेत नभएकोमा वादी दाबीबमोजिम फैसला गर्नुपर्नेमा सुरू जिल्ला अदालतले वादी दाबी पुग्न सक्दैन भनी गरेको फैसला उल्टी गरी वादीको पुनरावेदन जिकिरबमोजिम उक्त न.नं. ४ कि.नं. २३९ को जग्गा सार्वजनिक कायम गरी उक्त जग्गामा यी पुनरावेदक प्रतिवादीहरूले बनाएको भत्किएको फुसको घर हटाउने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसलालाई अन्यथा मान्नु पर्ने नदेखिने ।

तसर्थ, उल्लिखित आधार प्रमाणबाट सुरू अदालतबाट भएको नक्सा मुचुल्काको न.नं. ४ कि.नं. २३९ को जग्गालाई वादी दाबीबमोजिम सार्वजनिक कायम गरी प्रतिवादीले बनाएको भत्किएको फुसको घर हटाइदिने गरी फैसला गर्नुपर्नेमा वादी दाबी पुग्न सक्दैन भनी सुरू रौतहट जिल्ला अदालतबाट मिति २०६९।९।१६ मा भएको फैसला उल्टी गरी वादी दाबीअनुसार उक्त न.नं. ४ कि.नं. २३९ को जग्गालाई सार्वजनिक कायम गरी प्रतिवादीले बनाएको घर हटाई दिनेसमेत ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।८।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

इति संवत् २०७५ साल साउन २८ गते रोज २ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CR-०३२१, आवेशप्रेरित हत्या, *नेपाल सरकार वि. सीताराम चौधरी*

प्रस्तुत वारदातमा यी प्रतिवादीहरू आफ्ना गाउँका मानिसहरूको समूहका तर्फबाट वारदात स्थलमा उपस्थित भएको अवस्था छ । दुई पक्षबिच परस्पर विवाद कुटाकुट र हानाहान भएको तथ्यमा विवाद छैन । घटनास्थलमा लाठीहरू बरामद भएको मुचुल्काबाट देखिन्छ । मृतक कृष्णबहादुरको लास मुचुल्का हेर्दा निजको शरीरको टाउको टुप्पीको वरिपरि एक मात्र चोट भएको र सोमा पाँचवटा टाँका लगाएको भन्ने देखिन्छ । मृत्युको कारण Due to head injury भन्ने देखिन्छ । यसरी १२/१२ जना प्रतिवादीलाई एकै पटक रिस उठ्ने अवस्था सिर्जना भई एकै ठाउँ टाउकोमा प्रहार गरेको विषय पनि विश्वसनीय देखिएन । त्यस्तै उक्त मृतकलाई लागेको चोट कसले प्रहार गर्दा लागेको हो भन्ने पनि खुल्दैन । फौजदारी न्यायमा शङ्काको सुविधा प्रतिवादीमा जाने सिद्धान्त सर्वस्वीकार्य नै छ । साथै फौजदारी कसुरमा प्रतिवादीमाथिको अभियोग नि:सन्देह रूपमा प्रमाणित गर्ने भार वादी पक्षमा निहित रहने हुन्छ । सो कुरा प्रमाण ऐन, २०३१ को दफा २५ मा स्पष्ट रूपमा उल्लेख गरेको छ । प्रस्तुत मुद्दामा यो, यी प्रतिवादीले प्रहार गरेको यो यस्तो चोटबाट नै मृतकको मृत्यु भएको भन्ने कुरा वादी पक्षले प्रमाणित गर्न सकेको देखिँदैन । सोबाट प्रस्तुत वारदातमा ज्यानसम्बन्धीको १४ नं. को अवस्था नदेखिने ।

प्रतिवादीहरूको समूह र मृतकका गाउँलेको समूहबिच दोहरो कुटपिट हानाहानको कारण लाग्न गएका चोटका कारण मृतकको मृत्यु भएको, यसै प्रतिवादीले हानेको चोटबाट नखुले पनि उक्त वारदातमा प्रतिवादीहरूको संलग्नता रहेको, मार्ने योजना तथा पूर्वतयारी केही नभएको, दुई गाउँले समूहबिच भएको वादविवादमा मौली गाउँका मृतक कृष्णबहादुर र सलौरा गाउँका यी प्रतिवादीहरूको बिचमा झगडाको क्रममा केही गर्दा वा कसैको चोटले मृतक घाइते भई उपचारका क्रममा निजको मृत्यु भएको छ । प्रतिवादीहरू आफूले वारदात नघटाएको भनी इन्कार रहेका र यसै प्रतिवादीले हानेको चोटबाट मृतक घाइते भएका हुन् भनी मिसिलबाट पुष्टि नभएको र दुवै पक्षबाट व्यक्ति घाइते भएको भन्ने कुरा घा जाँच फारामबाट देखिएको तथ्य, परिस्थितिबाट उक्त वारदातमा कर्ताले नसोचेको अनिच्छित परिणाम अर्थात् भवितव्य ज्यानको वारदात हुन गएको देखिने ।

फौजदारी अपराध हुनको लागि आपराधिक कार्य (Actus reus) र आपराधिक मनसाय (Mens rea) दुई तत्त्वको विद्यमानता रहन्छ । आपराधिक कार्यमा मनसायको कुन प्रकृतिको विद्यमानता रहेको छ भन्ने कुराले सजाय निर्धारणमा महत्त्वपूर्ण हुन्छ । सोको आधारमा नै अपराधको गाम्भीर्य मापन गरी दायित्व बहन गराउने गरिन्छ । अनिच्छित वा अन्जानमा भएको कार्यमा कर्तालाई कम जिम्मेवार तुल्याउनको लागि मुलुकी ऐन, ज्यानसम्बन्धीको ५ र ६ नं.मा त्यस्तो कार्यलाई भवितव्यको संज्ञा दिएको देखिन्छ । प्रस्तुत वारदातमा पनि कर्ता (Doer) प्रतिवादीहरूको योजना, मनसाय र कल्पनाभन्दा बाहिरको अकस्मात घटना घट्न गएको देखियो । अनिच्छित कार्यबाट भएको कसुरलाई गम्भीर कसुर मानी ठूलो दण्ड गरिनु न्यायसम्मत हुन नसक्ने ।

घटनास्थलमा प्रतिवादीहरू १२ जना रहेका र वारदात सिर्जना गर्न कुन प्रतिवादीको कस्तो भूमिका रहेको भनी न्यायकर्ताले मिसिल संलग्न प्रमाणको मूल्याङ्कनबाट कसुरको मात्रा निर्धारण गरी सजाय गर्न सक्ने नै हुन्छ । प्रस्तुत वारदातमा पनि ज्यानसम्बन्धीको ६(२) नं. बमोजिम प्रतिवादीहरूको कसुरको मात्राको आधारमा निजहरूलाई फरक फरक कैदको सजाय निर्धारण भएको देखिन्छ । पुनरावेदन अदालतको सो फैसला प्रतिवादीहरूले चित्त बुझाई

बसेको अवस्थामा फरकफरक कैद सजाय गरेतर्फ अब विचार हुन सक्ने स्थिति पनि रहेन । तसर्थ प्रतिवादीहरूउपरको ज्यानसम्बन्धीको महलको १४ नं. दाबीको वारदातलाई भवितव्यमा परिणत गरी ज्यानसम्बन्धीको ६(२) नं. बमोजिम सजाय गरेको सुरू अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत तुलसीपुरको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अत: प्रतिवादीहरूले ज्यानसम्बन्धी महलको ६(२) नं. बमोजिम कसुर गरेको ठहऱ्याई प्रतिवादीमध्येका सीताराम चौधरी, बसन्त चौधरी, पुनाराम चौधरी, राजेन्द्र चौधरी र मनोज चौधरीसमेतलाई १ वर्ष कैद गरी प्रतिवादी बसन्त चौधरीको उमेर १५ वर्षको भएकोमा निजलाई सोको आधा सजाय ६ महिना कैद हुने भए तापनि बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) ले सजाय स्थगन गर्दै प्रतिवादीमध्येका भरत चौधरी, प्रेमलाल चौधरी र दीपक गौतमलाई उक्त महलको ६(२) नं. बमोजिम ६ महिना कैद र रू. ५००।- जरिवाना गरी प्रतिवादीमध्येका भीमबहादुर चौधरी, संजीव चौधरी, भरत आचार्य र नन्दु भन्ने नन्दलाल चौधरीलाई जनही ९ महिना कैद र रू. ५००।– जरिवाना हुने ठहऱ्याएको सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०६७।१२।७ फैसला सदर गरेको पुनरावेदन अदालत तुलसीपुरको मिति २०६९।९।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : टेकराज जोशी

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल असार २६ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CR-०९९०, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. कुलदिप के.सी.समेत

प्रत्यक्षदर्शी भनिएका जाहेरवाला माधव घिमिरे र ओमप्रसाद सुवेदीले प्रतिवादीमध्येका अर्जुन गुरूङले खुकुरीले र प्रतिवादी कृष्ण गुरूङले तरबारले पीडित बविन के.सी.लाई हात खुट्टामा प्रहार गरेका हुन् यी अन्य प्रतिवादीहरूले फलामको रड प्रयोग गरी गम्भीर घाइते बनाएको भनी मौकाको जाहेरी बेहोरा तथा कागज बेहोरालाई समर्थन गर्दै सोहीबमोजिम अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ । तर यी प्रतिवादीहरू कुलदीप के.सी. समेतले धारिलो हतियार प्रयोग गरी कुटपिट गरेका हुन् भनी स्पष्ट रूपमा भन्न सकेको देखिँदैन । त्यस्तै पीडितको घाउ जाँच केस फाराममा पनि धारिलो हतियारको चोटबाहेक अन्य घाउ चोटहरू रहेको भन्ने देखिएको छैन । यी जाहेरवाला तथा प्रत्यक्षदर्शी ओमप्रसाद सुवेदी, दिलबहादुर श्रेष्ठ, रविन्द्र बुढासमेतले पीडित बविन के.सी.सँग प्रतिवादीहरू अर्जुन गुरूङ र कृष्ण गुरूङको पुरानो रिसइवी रहेको र सोही रिसइवीका कारण निज अर्जुन गुरूङ र कृष्ण गुरूङले खुकुरी तथा तलवारले प्रहार गरेको भन्ने बेहोरा लेखाई दिएको देखिन्छ। यी कुलदिप के.सी. समेतका प्रतिवादीहरूले समेत धारिलो हतियारले चोट छाडेका हुन् भनी भन्न सकेको पाइँदैन । प्रतिवादीमध्येका अर्जुन गुरूङसँग पीडित बविन के.सी.को पूरानो रिसइवी रहेको भन्ने कुरा मिसिल संलग्न अर्जुन गुरूङको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी बविन के.सी.समेत भएको ज्यान मार्ने उद्योग मुद्दाको फैसलाको प्रतिलिपिबाट पुष्टि हुन आएको छ। साथै यी प्रतिवादीहरू कुलदिप के.सी. समेतले अदालतमा बयान गर्दा आरोपित कसुरमा पूर्ण इन्कारी रहेको देखिन्छ भने निजहरूको इन्कारी बयान समर्थित हुने गरी निजका साक्षीले अदालतमा उपस्थित भई बकपत्रसमेत गरिदिएको देखिने।

प्रतिवादीहरूले कसुरमा पूर्ण इन्कार रही बयान गरेको अवस्था एकातर्फ छ भने अर्कोतर्फ जाहेरवालालगायतका प्रत्यक्षदर्शीहरूले अर्जुन गुरूङ र कृष्ण गुरूङले नै खुकुरी र तरबारले प्रहार गरेको भनी कागज एवं बकपत्र गरिदिएको देखिन्छ। पीडितको घाउ जाँच केस फाराम धारिलो हतियारले लागेकोबाहेक अन्य घाउ चोटहरू नदेखिएको भन्ने छ। साथै पीडित वविन के.सी.सँग फरार प्रतिवादीहरू अर्जुन गुरूङ

र कृष्ण गुरूङको पूर्वरिसइवी रहेको कारण वारदात घटेको मुद्दाको समग्र विवरणबाट देखिन्छ । निजहरूबाहेक अन्य प्रतिवादीहरूसँग रिसइवी रहेको भन्ने देखिन आएन । साथै ज्यान मार्ने उद्योग (Attempt to murder) मा दुराशययुक्त मनसाय, योजना, तदअनुरूपको तयारीपश्चात् सुनिश्चित उद्देश्यमा पुग्ने क्रममा तेस्रो पक्षको हस्तक्षेप रहनु ज्यान मार्ने उद्योगको निमित्त अनिवार्य मानिन्छ । वारदातमा तेस्रो पक्षको उपस्थिति देखिँदैन । पीडित वविन के.सी.समेतले फरार अर्जुन गुरूङलाई पूर्व कुटपिट गरेको भन्ने तथ्य मिसिलमा देखिएकै छ । अन्य प्रतिवादीको घाइतेलाई मार्न उद्योग गर्नुपर्ने रिसइवी नियत देखिँदैन । यी प्रतिवादीहरूले ज्यान मार्ने उद्योग गरेको भन्ने वारदातको प्रकृतिबाट देखिँदैन । यसको अलावा फौजदारी मुद्दामा वादी दाबी प्रमाणित गर्ने भार वादी पक्षको हुने कुरा प्रमाण ऐन, २०३१ को दफा २५ मा स्पष्ट उल्लेख छ । प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूउपरको दाबी निर्विवादरूपमा प्रमाणित गर्न सकेको नदेखिने ।

तसर्थ, ज्यान मार्ने उद्योगको आरोपित कसुर प्रमाणित गर्ने निश्चित प्रमाणको अभावमा यी प्रतिवादीहरू कुलदिप के.सी., परशु चौधरी, गौरसिंह महर, सुमन के.सी., कुमार भट्टराई र कुलबहादुर के.सी. लाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू जिल्ला अदालतले मिति २०६८।८।५ को फैसला सदर गरेको हदसम्म पुनरावेदन अदालत तुलसीपुरको मिति २०७०।३।११ को फैसला मिलेकै देखिँदा सदर हुने र पीडितलाई परेको घाँ चोटलाई दृष्टिगत गर्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवालाले सकार गर्न आएमा वादी पक्ष कायम गरी कुटपिटतर्फ कारबाही किनारा गरिदिने ठहर्छ । कुटपिटतर्फ परिणत नगरेको हदसम्म सो फैसला केही उल्टी हुने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७३ साल असार २६ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-WO-०७०८, उत्प्रेषण / परमादेश, *मिनादेवी यादव वि. लालबहादुर साह सुडीसमेत*

निवेदक र फुसी यादव छुट्टिभिन्न नभई एकाघरका बुहारी ससुराको नाता भएको बेहोरामा कुनै विवाद रहेको छैन । ससुरा फुसी यादवले वादी लालबहादुर साह सुडीलाई मिति २०६०।२।४ मा कपाली तमसुक गरिदिएको देखिन्छ । सो बेहोरामा कुनै विमति रहेको पाइँदैन । फुसी यादवले लालबहादुर साह सुडीसँग ऋण लिएपश्चात् आफ्नो नाउँको जग्गा मिति २०६२।१०।१७ मा र मिति २०६३।३।९ मा राजीनामा लिखतबाट निवेदकका पति वीरेन्द्र यादवलाई साक्षी राखी माधुरी मानन्धरलाई बिक्री गरेको देखिन्छ । त्यसको करिब ५ वर्षपछि सोही जग्गा जस्ताको तस्तै स्वरूपमा माधुरी मानन्धरबाट उक्त जग्गा मिति २०६७।११।६ मा र.नं.३९९९ बाट हालैदेखिको बकसपत्रको बेहोरा पारी खुसी यादवको एकाघरको छोरा बुहारी तथा वीरेन्द्र यादवको श्रीमती यी निवेदकले प्राप्त गरेको पाइने ।

लेनदेन मुद्दाका वादी लालबहादुर साह सुडीले मिनादेवीका नामको कि.नं.१३९८, १४००, १९१, २०४, ५९३ र ५९९ समेत देखाई सोही कित्ता जग्गाबाट लेनदेनको बिगो असुल गर्न निवेदन दिएको तथा धनुषा जिल्ला अदालतबाट उक्त जग्गाहरूको तायदाती पञ्चकृते मूल्याङ्कन गरी लिलामी सूचना प्रकाशित गरिएको र मिति २०७२।३।१४ गते डाँक लिलाम हुँदा वादीले आफ्नो बिगो रू.४,०८,७९६।– मा डाँक लिलाम सकार गरी लिएको देखिन्छ । उल्लिखित तथ्यमा कसैको विवाद रहेको नपाइने ।

फुसी यादवले वादी लालबहादुर साह सुडीलाई मिति २०६०।२।४ मा कपाली तमसुक गरिदिएको अवस्था र माधुरी मानन्धरबाट उक्त जग्गा मिति २०६७।११।६ मा एकाघरकी बुहारीको नाउँमा बकसपत्र गरी ल्याउँदासम्मको समयमा ससुरा र बुहारी

एकासगोलमा नै रहेको देखिन्छ । यसमा दुवै पक्षको अन्यथा जिकिर रहेको नपाइने ।

एकासगोलमा रही ससुराले लिएको ऋणको भागीदार यी निवेदकसमेत भएको पाइन्छ । एकाघरमा हुँदा ऋण खाएको अवस्थामा निवेदकको अंशबाट समेत जायजात गरी भरिभराउ गरी दिनुपर्ने अवस्था सिर्जना हुन जाने नै देखियो । एकाघरका ससुराले कमाएको सम्पत्तिमा यी निवेदिकाको जति अंश हक लाग्छ त्यसैगरी उनै ससुराले लिएको ऋणको दायित्वमा यिनको पनि समान दायित्व रहने । कपाली तमसुकको कागज गरी ऋण लिएपछि पैतृक सम्पत्ति अन्यत्र हस्तान्तरण गरी पुनः हालको बकसपत्रको लिखतमार्फत यी निवेदिकाको नाउँमा सम्पत्ति प्राप्त हुँदैमा सो सम्पत्तिबाट एकाघरको ऋण तिर्न पर्ने दायित्वबाट उन्मुक्ति मिल्ने गरी अर्थ गर्न दण्ड सजायको २६ नं. को कानूनी व्यवस्था र उल्लिखित सिद्धान्तको रोहमा मिल्ने देखिन नआउने ।

अतः उल्लिखित आधार, कारण, प्रमाण, कानून र प्रतिपादित सिद्धान्तको रोहबाट निवेदिका मिनादेवी र लेनदेन मुद्दाका यी प्रतिवादी फुसी यादव एकाघर सगोलका बुहारी ससुरा भएको र निजहरूको बिचमा अंशबन्डा भएकोसमेत नदेखिई दण्ड सजायको २६ नं. बमोजिम सगोलका अंशियार मिनादेवीको नाउँको सम्पत्तिबाट लालबहादुर साह सुडीको ऋण असुल गर्ने प्रयोजनको लागि एकाघरकी बुहारीको नाउँको जग्गा बिगोबापत लिलामी गर्ने प्रयोजनको रोक्का राखिएको जग्गा फुकुवा गर्न मिलेन भनी धनुषा जिल्ला अदालतबाट मिति २०७१।८।२१ मा भएको आदेश सदर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।९।३ को आदेश न्याय र कानूनसङ्गत नै देखिई यी निवेदिकाको कानूनी हक हनन् भएको नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषण परमादेशलगायतको आदेश जारी गरिरहन पर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

इति संवत् २०७५ साल माघ २८ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६७-CI-१३७२, जग्गा खिचोला चलन, *राम दुलारी कापड वि. राम नन्दन कापडसमेत*

मिसिल संलग्न मिति २०६३।५।९ गते भई आएको नक्सा मुचुल्का हेर्दा विवादित भनी नक्सा नं. ५ (क)(ख)(ग)(घ)(ङ)(च)(छ) समेत गरी ०-०-१६.४ जग्गा जनिएको छ । सो नक्सा (क) मा पूर्व मुखको काठको २ तल्ले घरसमेत गरी (ख), (ग) र (घ) मा खपडाको फुसको घर हाते पाइपसमेत प्रतिवादी रामनन्दन कापडसमेतको भोगमा रहेको भन्ने जनिई सो घर पुरानो रहेको बेहोरा उल्लेख भएको देखिने ।

वादीले ती घरहरू कहिले निर्माण गरेको हो सो कुरा फिरादमा उल्लेख गर्न सकेको पनि पाइँदैन । वादी प्रतिवादीहरू दाजुभाइ नाता पुस्ताका व्यक्तिहरू भएको र दाजु भाइबाट नै जग्गा प्राप्त गरे पनि घरहरू वादीले निर्माण गरेको कुनै प्रमाणबाट पुष्टि हुन आएको देखिँदैन । साबिक दाता रामेश्वरकै नाउँमा हुँदा सो घरबास रहेको भन्ने प्रतिवादीहरूको कथन व्यावहारिक र मिल्दो नै देखिन आउने । जग्गा प्राप्त गर्नुपूर्व नै घर बसोबास रहेको भन्ने लिखतमा उल्लेख नभए पनि नक्सा गर्दा पुरानो घर भन्ने जनिएकोले लिखतमा नलेखिएकै आधारमा मात्र वादीले जग्गा प्राप्त गरिसकेपछि घर निर्माण गरेको होला भनी मान्न सक्नेसमेत नदेखिने ।

देवानी मुद्दामा आफ्नो दाबी प्रमाणित गर्ने भार वादीमा हुन्छ । आफ्नो दाबी प्रमाणहरूबाट पुष्टि गराउन सक्नुपर्छ । सबै दाजुभाइहरूको छेउछाउमा घर बसोबास भएको तर प्रतिवादीको यो विवादित घरबाहेक अरू स्थानमा बसोबास रहेको भन्ने प्रमाणसमेत रहेको छैन । सबै अंशियारको बसोबास एकै ठाउँमा रहेपछि प्रतिवादीको बसोबास पनि सोही स्थानमा रहनु स्वाभाविक नै देखिने ।

अत: दाबीको जग्गा नाता पुस्ताको बिचमा बिक्री व्यवहार भएको र घर पुरानो हुँदा वादीले हकप्राप्त

गर्नुअगावै प्रतिवादीको बसोबास रहेको पुष्टि हुँदा सो घर खिचोला गरेको भन्न मिल्ने नदेखिने ।

तसर्थ, माथि उल्लिखित आधार, कारण र प्रमाणबाट वादीले खरिद गर्नुभन्दा अगावै प्रतिवादीहरूको बसोबास रहेको घर खिचोला गरेको भन्न नमिल्ने देखिँदा खिचोला ठहर गरेको धनुषा जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी पुग्न सक्ने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०६७।१।३० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: केदारनाथ पौडेल, कालिबहादुर साम्यू लिम्बू

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल कात्तिक १३ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CI-१५८३, जग्गा खिचोला घर उठाई चलन, *सत्यनारायण मण्डलसमेत वि. बुलन्ती देवीसमेत*

कि.नं. १२९ को जग्गा वादीको नाउँमा दर्ता भएको तथ्यमा विवाद देखिँदैन । जग्गाधनी पुर्जामा सोको क्षेत्रफल ०-२-१७ देखिन्छ । अदालतमा प्राप्त ट्रायलचेक प्रतिवेदनबाट कि.नं १२९ को उत्तरतर्फ पूर्वपश्चिम ३२ मिटर क्षेत्रफल भएको देखिन्छ भने अदालतको आदेशबाट भएको नक्सामा न.नं. १० र ११ गरी उत्तरतर्फ पूर्वपश्चिम ३० मिटर मात्र भएको पाइन्छ । सोबाट वादीको २ मिटर जग्गा पुगेको नदेखिने । प्रतिवादीले उक्त घर अहिले मात्र बनेको होइन भनी जिकिर लिए पनि कि.नं. ३८३ को ट्रायल चेकबाट उत्तरतर्फ ४ मिटर भएको देखिन्छ । त्यसैगरी कि.नं. ३८२ को उत्तरतर्फ ३ १/४ मिटर भएको पाइन्छ । नक्साबाट कि.नं ३८३ चार मिटर कि.नं ३८२ पनि चार मिटर भएको देखिन्छ । यसबाट प्रतिवादीको कि.नं. ३८२ र ३८३ को जग्गा पुगेको देखियो । न.नं. ९ को ०-०-१ क्षेत्रफलमा घरको हिस्सासमेत देखिन्छ । उक्त बनेको घरको हिस्सा र विवादित क्षेत्रसमेत वादीकै कि.न. १२९ भित्रको उत्तरपश्चिमतर्फको जग्गा देखिँदा उक्त जग्गामा प्रतिवादीले घर बनाई खिचोला गरेको देखिने ।

तसर्थ उल्लिखित विवेचित आधार कारणबाट सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६३।३।१९ मा भएको फैसला केही उल्टी भई न.नं. ९ मा देखाइएको घरसमेत वादीको कि.नं.१२९ भित्रकै जग्गामा परेकाले सो न.नं. ९ मा देखाइएको २ मिटर घर जग्गामा प्रतिवादीले खिचोला गरेको देखिँदा वादीले सो २ मिटर जग्गामा भएको खिचोला मेटाई घर उठाई चलन चलाई पाउने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०६६।४।३२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल असोज १७ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७०-CI-११८६, अबन्डा जग्गा अंश हक कायम दर्ता बदर दर्ता चलन, *हरिमोहन प्रसाद श्रेष्ठसमेत वि. विष्णुमोहन प्रसाद श्रेष्ठ*

विवादित जग्गाहरू पैतृक सम्पत्तिबाट आएको भन्ने तथ्यमा समेत विवाद देखिएको छैन । पुनरावेदक हरिमोहनप्रसाद २ वर्षको नाबालक रहेको अवस्थामा जिमिन्दार बाजे इन्द्रप्रसादले उपर्युक्त जग्गाहरूको रसिद दिएको देखिन्छ । प्रतिवादीले उपर्युक्त कुरालाई अन्यथा भन्न सकेको देखिँदैन । उमेर नपुगेको बच्चाको नाउँमा रसिद गरिदिएको कार्य विभिन्न कारणले व्यवहार मिलाउन दा.खा. गरिदिएको तथ्य देखिन आउँछ । रसिद निजी दिएको आधारले मात्र जग्गाहरू निजी हुने र बन्डा गर्नु नपर्ने भन्ने नदेखिने ।

वादी दाबीको ०-१०-० मिन्ही घडेरीको सम्बन्धमा बन्डा लाग्ने कुरामा पक्षहरूको बिच विवाद रहेकोसमेत देखिएको छैन । वादी प्रतिवादीहरूबिच २०२२ सालमा बन्डा हुँदा सगोलमा रहेका ५ अंशियारहरूमध्ये अष्टमाया र नारायणप्रसादले पश्चिम

तौलिहवाको जग्गा मात्र अंश भाग छुट्ट्याई दाबीको जग्गाको हक छाडी दिएको देखिएको छ। फिरादीका दाजु कृष्णमोहन निसन्तान रहेको र निजको परलोकसमेत भइसकेको देखिँदा प्रतिवादीले ५ जना अंशियार छौं अंशियार लोप हुने गरी लिएको दाबी मिलेको छैन भन्ने प्रतिउत्तर जिकिरसँग समेत सहमत हुने अवस्था छैन। अत: विवादित जग्गाहरू अबन्डा रहेको र वादी प्रतिवादीहरू तीन अंशियार देखिएको हुँदा आफ्नो अंश हक र हिस्सा छुट्ट्याई पाउने नै देखिन आउने।

वादी दाबीका जग्गाहरूसमेत बन्डा गर्ने गरी प्रतिवादीहरू मदनमोहन, मदनमोहनको छोरा बुहारी हरिमोहनप्रसाद, रोशनी श्रेष्ठ, छोरा शरद श्रेष्ठसमेतको बिचमा र.नं.४३८२ मिति २०५१।१०।१८ मा अंशबन्डा लिखत पारित भई उपर्युक्त बन्डाअनुसार प्रतिवादीहरू रोशनी श्रेष्ठ, शरद श्रेष्ठको नाउँमा रहेकोसमेत देखिन आउने । दाबीबमोजिम वादीको अंश हक लाग्ने जग्गाहरू नै प्रतिवादीहरूले बन्डा गरी एकआपसमा लिएको देखिँदा वादीको अंश हकमा उक्त मितिको बन्डापत्र लिखत र सो लिखतबमोजिम भएको दर्तासमेत बदर हुने नै देखिन आउने।

प्रस्तुत मुद्दामा वादीको फिराद परी प्रतिवादीहरूले सुरू म्यादै गुजारी बसेको कारणबाट दाबीबमोजिमको अबन्डा जग्गाहरूको हक कायम गरी लिखत र दर्तासमेत बदर गरी खिचोला मेटाई पाउने ठहरी मिति २०५९।१०।२२ मा फैसला भएउपर प्रतिवादीहरूको तर्फबाट बेरीतको म्याद बदर गरी प्रतिउत्तर दर्ता गरिपाउँ भन्ने बेहोराको सर्वोच्च अदालतमा २०६३ सालमा रिट नं.३३१० को उत्प्रेषण / परमादेशको रिट निवेदन दर्ता भई प्रतिवादीहरूको नाउँमा जारी भएको बेरीतपूर्वकको म्याद र उक्त मितिको फैसला तथा फैसलाको आधारमा मालपोत कार्यालय, सिराहालाई लेखेको जनाउ पुर्जीलगायतका काम कारबाही त्रुटिपूर्ण देखिन आएकोले उत्प्रेषणको आदेशद्वारा बदर भई प्रतिउत्तरपत्र दिए लिई कारबाही गर्नु भनी मिति २०६५।११।३० मा परमादेशको आदेश जारी भएपश्चात् प्रस्तुत मुद्दामा प्रतिवादीहरूको तर्फबाट प्रतिउत्तरपत्र दर्ता भई मुद्दाको कारबाही सुरू भएकोसमेत देखिन आउने।

पैतृक सम्पत्तिबाट कुनै पनि अंशियारलाई विमुख वा निरअंशी बनाउन नहुने मान्यता अंशबन्डासम्बन्धी प्रचलित कानूनले आत्मसात् गरेको देखिन्छ । साथै पैतृक सम्पत्तिको अंशियारहरूबिच नरम गरम र रोखपोख मिलाई बन्डा गर्नुपर्ने भन्ने विषय अंशबन्डाको कानूनी दायराभित्र नै पर्न आउँछ। पैतृक सम्पत्ति बाँडफाँड हुँदा अंशियारहरूले जग्गामा नरम गरम मिलाई बन्डा छुट्ट्याउनुपर्ने हुन आउने । बदर भइसकेको फैसलाको आधारबाट कायम भएको कित्ताकाट हेर्दा सडक बाटोतर्फ पूरै आफ्नोतर्फ पारी वादीले कित्ताकाट गरी आफ्नो नाउँमा लिएको नक्सा मुचुल्काबाट देखियो । पैतृक सम्पत्ति अंशियारहरूका बिचमा न्यायोचित रूपमा भाग शान्तिले बराबर पर्ने गरी पाउनु पर्दछ भन्ने अंशबन्डाको मनसाय हो। सडकतर्फ पूरा कित्ता आफूलाई पर्ने गरी र पछाडिको जग्गामा बाटो निकास नै नराखी र मूल सडकसँग नजोडिएको पछाडिको जग्गा पुनरावेदकतर्फ रहने गरी भएको कित्ताकाट न्यायोचित र अंशबन्डाको महलको मनसायविपरीत समेत रहेको देखिने।

साबिक कि.नं.५२७ लाई कित्ताकाट गरी कि.नं.८५२ र ८५३, कि.नं.६६७ कित्ताकाट गरी कि.नं.८५८ र ८५९ भएकोमा बाटोको मुखतर्फ पर्ने गरी कि.नं.८५८, कि.नं.६४५ लाई कित्ताकाट गरी कि.नं.८५४ र ८५५ भएकोमा बाटोतर्फ पर्ने गरी कि.नं.८५४ र कि.नं.६४६ लाई कित्ताकाट गरी कि.नं.८५६ र ८५७ मध्ये कि.नं.८५६ बाटोको मुखतर्फ परेको देखियो । नरम गरम रोखपोख नमिलाई सडकतर्फका जग्गाहरू वादीको पर्ने गरी कित्ताकाट गरेको देखिँदा यस्तो कित्ताकाटले मान्यता पाउनेसमेत नदेखिने। वादीले एकतर्फी रूपमा गराएको फैसला र मालपोत कार्यालयलाई लेखिएको जनाउ पुर्जीलगायतका अन्य काम कारबाहीसमेत यस अदालतबाट मिति २०६५।११।३० बदर भइसकेको हुँदा मालपोत कार्यालय, सिराहाबाट गरेको उक्त

कित्ताकाटसमेत बदर हुने नै देखिने।

अत: विवादित कि.नं.६४६, कि.नं.६६७, कि.नं.५२७ र कि.नं.६४५ जग्गा अबन्डा रहेको देखिँदा अंशियारहरूले आफ्नो आफ्नो भाग हिस्सा नरम गरम रोखपोख मिलाई छुट्ट्याई लिन पाउने नै हुन्छ । नरम गरम नै नमिलाई वादीलाई सडकतर्फ मात्र पर्ने गरी कित्ताकाट भएका विवादित जग्गाहरू नै दाबीअनुसार लिखत बदर गरी वादीको हक कायम हुने गरी भएको पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।२।७ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई वादीको नाउँको उक्तबमोजिमको विवादित जग्गा एकतर्फी फैसलाअनुसार भएका दर्ता कित्ताकाटसमेत बदर हुने ठहर्छ। सो ठहर्नाले अब वादीले पुनः विवादित जग्गाबाट नरम गरम रोखपोख मिलाई ३ भागको १ भाग बन्डा छुट्ट्याई लिन पर्ने।

इजलास अधिकृत: केदारनाथ पौडेल, कालिबहादुर साम्यू लिम्बू

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल कात्तिक १६ गते रोज ५ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-RB-०२५०, करारको यथावत् परिपालना गराउन उपयुक्त आदेश जारी गरिपाऊँ, *मधुसुदन महर्जन वि. भाइराजा महर्जन*

करारको प्रकृतिअनुसार गर्न नहुने कुनै काम कारबाही वा व्यवहार गर्न लागेको कारणबाट करारको परिपालना सम्भव नहुने भएको अवस्थामा त्यस्तो काम कारबाही वा व्यवहारबाट मर्का पर्ने पक्षले पुनरावेदन अदालतमा निवेदन दिन सक्ने हुन्छ। यसरी परेको निवेदनमा पक्षहरूबिच भएको करार वा प्रचलित कानूनबमोजिम हुने गरी कुनै खास काम कारबाही वा व्यवहार तत्काल रोक्ने गरी उपयुक्त आदेश जारी हुने देखिने। करारको दोस्रो पक्षले उपभोग गरेको विद्युत् सेवाको लाइन काट्ने र दैनिक काममा नै अवरोध सृजना गर्ने कामकारबाही दुई पक्षबिच भएको करारको सर्त र सहमतिविपरीत देखिएको भनी सो करारको परिपालना गराउने उद्देश्यले पुनरावेदन अदालत पाटनबाट आदेश भएको पाइने।

अहिले सम्झौताको अवधिसमेत व्यतित भइसकेको देखिएको र पुनरावेदन अदालतको आदेशमा कुनै व्याख्यात्मक कानूनी त्रुटिसमेत नदेखिएको हुँदा पुनरावेदन अदालत पाटनबाट मिति २०७१।८।१७ मा भएको आदेशलाई अन्यथा परिवर्तन गरिरहन नपर्ने।

इजलास अधिकृत: शिवप्रसाद आचार्य

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल असोज १५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-०१९९, उत्प्रेषण, *सिमान्त सुवेदीसमेत वि. पुनरावेदन अदालत बुटवलसमेत*

निवेदकहरू विपक्षी मोहनकुमार सुवेदीका अंशियार भएको कुरामा कुनै विवाद छैन । यी निवेदकहरूले मिति २०६६।१२।२२ मा विपक्षी मोहनकुमारले नगद अंश लिने गरी भएको मिलापत्र दूषित नियतले भएको, त्यसबाट आफ्नो अंशहक मार्ने नियतले दुराशयपूर्ण तरहले कम अंश लिई मिलापत्र गरेको हुँदा उक्त मितिको मिलापत्रलाई नै बदर गरिपाउँ भन्ने मागदाबी लिई छुट्टै फिराद दिई विपक्षी मोहनकुमारसमेतबाट अंशको दाबी गरी फिराद गरेको देखिने।

मिलापत्रलाई रिट निवेदकहरूले चुनौती दिई मिलापत्र बदरतर्फ नै मुद्दा चलिरहेको अवस्थामा उक्त मुद्दाको परिणामबाट रिट निवेदकहरूले दिएको अंश मुद्दामा पर्न सक्ने प्रभावलाई नजरअन्दाज गर्न मिल्दैन। मिलापत्र बदरतर्फ दिइएको अंश मुद्दाको अन्तरवस्तुमा प्रत्यक्ष असर हुनेमा त्यसतर्फ सोच विचार नगरी केबल अंश मुद्दाको कारबाही अगाडि बढाउँदै लैजाँदा

त्यसबाट उत्पन्न हुने परिणाम पनि एक पक्षीय हुने कुरामा द्विविधा छैन । किनभने मिलापत्र बदर मुद्दाको निर्णय नहुँदै सोसँग सम्बन्धित भई एकैसाथ लगाउमा रहेको अंश नामसारी मुद्दामा विपक्षी मोहनकुमार सुवेदीबाट मात्र तायदाती फाँटवारी माग गर्ने आदेशले प्रकारान्तले मिलापत्र बदरतर्फको दाबीलाई नै प्रभावित बनाउने हुने । अंश मुद्दामा एकैसाथ रहेको मिलापत्र मुद्दामा रिट निवेदकहरूले चुनौती दिएको विपक्षी मोहनकुमारले अंश बुझी गरेको मिलापत्रको परिणामलाई तायदाती आदेशले स्वीकार गरेको वा मान्यता दिएकोसरह देखिएको छ । यस्तो अवस्थामा मिलापत्र बदर मुद्दामा पछि हुने फैसलाको परिणामलाई पूर्वानुमान गरेको जस्तो हुन जाने । एकै लगाउमा रहेको अंश मुद्दा र मिलापत्र बदर मुद्दामा निर्णय नभएसम्म अदालतले रिट निवेदकका पति पिता मोहनकुमार सुवेदीले अंशबापत नगद लिएर गरेको मिलापत्रको विषयलाई मान्यता दिएसरह निष्कर्ष निकाल्ने गरी अन्य अंशियारलाई बाहेक गरी सो मिलापत्रबाट अलग भएका मोहनकुमार सुवेदीबाट मात्र अंशको तायदाती माग गर्ने गरी गरेको आदेश प्रथमदृष्टिमै त्रुटिपूर्ण र बदरभागी देखिन आउने । सुरु मिलापत्र बदर मुद्दाले रूपन्देही जिल्ला अदालतमा विचाराधीन मुद्दाले रिट निवेदकहरूले दायर गरेको अंश मुद्दामा तात्त्विक असर पार्न सक्ने अवस्थालाई नजर अन्दाज गरी विपक्षी मोहनकुमारबाट मात्र तायदाती फाँटवारी माग गरेको अवस्था देखिँदा रूपन्देही जिल्ला अदालतबाट मिति २०७२।२।१८ मा विपक्षी मोहनकुमार सुवेदीबाट मात्र तायदाती माग गर्ने गरी भएको आदेश र सो आदेशलाई सदर गर्ने गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७२।४।२८ को आदेश कानून र न्यायको दृष्टिबाट न्यायोचित नदेखिने ।

कसैले आफ्नो हक छोडपत्र गर्दा वा घटी अंश लिई मिलापत्र गर्दा त्यसबाट अंश पाउने अंशियारको हक पनि संकुचित हुन पुग्छ । त्यसैले मूल अंशियारले के कति अंश बुझेको छ र समस्त सम्पत्तिको तुलनामा उसले बुझेको सम्पत्ति न्यायोचित छ भने मात्र उसका श्रीमती छोराछोरीले अरू अंशियारबाट अंशको दाबी गर्न नसक्ने । मूल अंशियारले बुझेको अंश नै असमान वा सारभूत रूपले आफ्ना अंशियारलाई मर्का पार्ने गरी न्यून सम्पत्ति लिएको छ भने त्यस्तो अंशलाई अन्य अंशियारले अस्वीकार गरी अदालतमा दिइएको चुनौती विशेष रूपमा मननीय हुन पुग्दछ । त्यसैले त्यस्तो घटी अंश लिई गरिएको मिलापत्र बदरतर्फको दाबीबाट लगाउमै रहेको अंश मुद्दामा पर्न सक्ने असरतर्फ विचारै नगरी तायदाती फाँटवारी माग गरेको कानूनतः एवम् प्रक्रियागत रूपमा त्रुटिपूर्ण देखिन आउने ।

अतः विवेचित आधार र कारणबाट रिट निवेदकहरूले दायर गरी विचाराधीन रहेको मिलापत्र बदर तथा जालसाजी मुद्दामा प्रभाव पर्ने गरी रूपन्देही जिल्ला अदालतबाट मिति २०७२।२।१८ मा भएको तायदाती फाँटवारी माग गर्ने आदेश र सो आदेशलाई सदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।४।२८ मा भएको आदेशसमेत त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशले बदर हुने । रिट निवेदकहरूले दायर गरेको मिलापत्र बदर तथा जालसाजी मुद्दामा जे जो ठहर्ने हो कानूनबमोजिम फैसला गरी अंश नामसारी मुद्दामा तदनुरूप पुनः तायदाती फाँटवारी दाखिल गराउने सम्बन्धमा आदेश गर्नु भनी सुरु रूपन्देही जिल्ला अदालतका नाममा परमादेशको आदेश हुने ।

इजलास अधिकृतः राजेन्द्र वाग्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल असोज १ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-०८३९, परमादेश, *धर्मप्रसाद पौडेलसमेत वि. नेपाल राष्ट्र बैंक, बालुवाटारसमेत*

पारस्परिक सहयोग र सहकारिताको आधारमा सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासको लागि सामान्यतयाः देशका कृषक, कम पुँजीवाल वा निम्न आयवर्ग, श्रमिक, भूमिहीन तथा बेरोजगार, अन्य समाजसेवीहरू

सहकारी संस्था तथा संघहरूको गठन र सञ्चालन गर्ने गरेको कुरामा प्रायः आकर्षित हुने पाइने। सहकारी संघ तथा संस्थामा आबद्ध आफ्ना सदस्यहरूको आर्थिक तथा सामाजिक हितका लागि सेवा तथा सुविधा पुऱ्याउने उद्देश्यले सहकारीको सिद्धान्तअनुरूप सहकारी संघ, संस्थाहरूको स्थापना हुने गरेका छन् । आफ्ना सदस्यहरूलाई सेवा तथा सुविधा उपलब्ध गराउने उद्देश्यले सहकारी संस्थाका सदस्यहरूभित्र मात्र सीमित रहने गरी निक्षेप स्वीकार गर्ने र कर्जा दिने कार्य विभिन्न सहकारी संस्थाहरूले गर्दै आएको पाइन्छ। यसरी निक्षेप स्वीकार गर्ने र कर्जा दिने सम्बन्धमा सहकारी ऐन, २०४८ को दफा २६ को उपदफा (२) मा प्रावधान रहेको देखिने।

यसप्रकारको काम कारबाहीको लागि सहकारी संस्थाले सहकारी ऐन, २०४८ को दफा २६ को उपदफा (२), नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ र ७८ बमोजिम नेपाल राष्ट्र बैंकबाट स्वीकृति र इजाजतपत्र लिनु पर्ने हुन्छ। यसका साथै नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५ को उपदफा (१)(च) र दफा ७९(१) बमोजिम बैंकिङ कारोबार गर्ने सहकारी संस्थाहरूको नेपाल राष्ट्र बैंकबाट नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्नुपर्ने हुन्छ । तर प्रस्तुत विवादसम्बन्धी मिसिल कागजातबाट कानूनबमोजिम लिनु पर्ने स्वीकृति र इजाजतपत्र कतिपय सहकारी संस्थाले नलिएको र त्यस्ता सहकारी संस्थाहरूको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन नेपाल राष्ट्र बैंकबाट हुने नगरेको भन्ने देखिन आउने।

देशको आर्थिक एवम् मौद्रिक क्रियाकलाप विधिसङ्गत र उत्तरदायी तवरबाट सञ्चालित हुनुपर्दछ । केन्द्रीय बैंङ्कको हैसियतले नियमन गरिनुपर्ने कुराहरूउपर दृष्टि नदिने र सहकारी संस्थाको रूपमा दर्ता भएको सम्मका कारणबाट देशभरका हजारौं संख्याका सहकारी संस्थाहरूले निर्वाध रूपमा बैंकिङ कारोबार प्रकृतिको कार्य गर्ने हो भने अन्ततः यसबाट देशको आर्थिक गतिविधिमा नकारात्मक असर पर्ने सम्भावना रहने। सहकारीसम्बन्धी कुरामा नियमन गर्ने जिम्मेवार निकायहरू नेपाल सरकारको सम्बद्ध मन्त्रालय, सहकारी विभाग, सहकारी बोर्ड र नेपाल राष्ट्र बैंकका काम कारबाहीका बिच वाञ्छित समन्वय कायम गरी कानूनद्वारा निर्धारित प्रक्रिया र दायराभित्र रही बैंकिङ प्रकृतिको कारोबार गर्ने सहकारी संस्थाहरूको काम कारबाही र क्रियाकलाप सञ्चालन गर्नु गराउनु वाञ्छनीय देखिन आउने।

अतः बैंकिङ तथा वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरूले सहकारी ऐन, २०४८ तथा नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र लिने तथा नेपाल राष्ट्र बैंकबाट नियमित रूपमा निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने गर्नु वाञ्छनीय देखिँदा नेपाल सरकारका सम्बद्ध निकाय, नेपाल राष्ट्र बैंक तथा सहकारी संस्थाको नियमन गर्ने निकायहरूसमेतका बिच आवश्यक समन्वय कायम गरी सहकारी संस्थाहरूबाट सञ्चालन गरिने बैंकिङ प्रकृतिका कारोबारको नियमन र व्यवस्थापन गरी स्वस्थ र उत्तरदायित्वपूर्ण बैंकिङ कारोबारको व्यवस्था मिलाउन बैंकिङ प्रकृतिको कारोबार गर्ने सहकारी संस्थाहरूले नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिनुपर्ने तथा कारोबारको जानकारी लिने, अनुगमन गर्ने, तथ्याङ्क राख्नेसमेतका कार्यहरू गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः विकास श्रेष्ठ

इति संवत् २०७४ साल माघ १५ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-WO-०७५०, उत्प्रेषण, *हुमबहादुर खड्कासमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत*

सरकारी निकायबाट सञ्चालित महिला विकास कार्यक्रमको स्थायी पदमा तोकिएको अवधिसम्म सेवा गरेका महिला उम्मेदवारको हकमा मात्र प्रस्तुत कानूनी व्यवस्था लागू हुने हुँदा रिट निवेदकहरूको हकमा प्रस्तुत कानूनी व्यवस्था आकर्षित हुनसक्ने नदेखिँदा उक्त व्यवस्थाअनुसार

सेवा सुविधा पाउनुपर्छ भन्ने निवेदकहरूको माग दाबी प्रथमदृष्टिमै सान्दर्भिक देखिएन । निवेदकहरूले आफूहरू विकास सेवामा काम गरेको जिकिर लिए पनि उक्त पद र सेवा विकासतर्फको हो वा होइन स्पष्ट पार्न सकेको देखिँदैन र सो पुष्टि गर्ने कागजातसमेत मिसिल सामेल भएको पनि नदेखिने ।

निवेदकहरू निजामती सेवाका कर्मचारी नभई स्वास्थ्य सेवाका कर्मचारी भएको देखिँदा निजहरूको हकमा निजामती सेवा ऐन, नियमावली आकर्षित हुने पनि देखिँदैन । निवेदकहरूले स्वास्थ्य सेवा ऐन, २०५३ लागू भएपछि विभिन्न मितिमा भएको तह मिलान र स्तरवृद्धिको निर्णयलाई स्वीकार गरी बसेको अवस्थासमेत देखियो । यस अवस्थामा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८६(ख) को व्यवस्था विकासतर्फको सेवा अवधिको गणना गर्ने विषयसँग कुनै सान्दर्भिकतासमेत देखाएको नपाइने ।

अतः माथि उल्लिखित आधार र कारणबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ को प्रतिबन्धात्मक वाक्यांशअनुरूप राज्यले महिलाको संरक्षण सशक्तीकरण र विकासको लागि कानून बनाउन सक्ने नै हुन्छ । यसैगरी नेपालको संविधानको धारा १८ को स्पष्टीकरणले पनि महिला तथा पिछडिएका वर्गको संरक्षण सशक्तीकरण र विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न रोक नभएको भन्ने स्पष्ट व्यवस्था रहेको छ । यसैगरी महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धिको धारा ४ ले महिलाको हकमा राज्यले यस्तो सुविधाको लागि अल्पकालीन विशेष व्यवस्था गर्न सक्ने प्रावधान राखेको देखिन्छ । निजामती सेवा ऐन, २०४९ को दफा ७(१४) ले महिला विकासतर्फका कर्मचारीको हकमा ५ वर्ष अस्थायी सेवा पुगेका उम्मेदवारले सुरू एक पटकको लागि प्रतिस्पर्धामा परीक्षा दिई स्थायी नियुक्ति गरेको हकमा गरिएको उक्त व्यवस्थालाई अन्यत्र सेवा गरेका र पुरूष कर्मचारीको हकमा प्रस्तुत कानूनी व्यवस्था आकर्षित हुने देखिँदैन । यस अवस्थामा तत्कालीन संविधानको धारा १२, १३, १८ तथा वर्तमान संविधानको धारा १८ सँग निजामती सेवा ऐनको दफा ३७(क) को व्यवस्था विभेदकारी भई बाझिएको हुँदा बाझिएको हदसम्म बदर गरी स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९० र हालको दफा ९ अनुसार तहमिलान गरी स्तर वृद्धिको मितिहरू कायम हुने गरी स्तर वृद्धि गरिपाउँ भन्नेसमेत मागदाबी कानूनअनुकूल नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत**:** राजेन्द्र वाग्ले

कम्प्युटर**:** मन्दिरा रानाभाट

इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-WO-१३४४, उत्प्रेषण / परमादेश, *अधिवक्ता लक्ष्मण थपलियासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

स्थानीय तहको शासन सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिका संसद्मा विचाराधीन रहेको, सो विधेयकमा अन्य व्यवस्थाका अतिरिक्त संविधानको धारा २१७ बमोजिम स्थानीय तहमा रहने न्यायिक समितिको अधिकारक्षेत्र प्रयोग गर्ने विधि, तथा पुनरावेदन गर्न सक्नेसमेत व्यवस्था गरिएको भन्नेसमेत बेहोराको लिखित जवाफ रहेको छ । स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७४ स्थानीय तहको शासन सञ्चालनसम्बन्धी ऐन, जारी नहुँदासम्मको लागि जारी गरिएकोमा स्थानीय तहको शासन सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिका संसद्मा प्रस्तुत भइसकेको देखियो । अहिले उक्त आदेशको प्रयोजन नै समाप्त भइसकेको देखिन्छ । अतः निवेदन मागदाबीको प्रयोजन नै समाप्त भइसकेको अवस्था हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विकास श्रेष्ठ

इति संवत् २०७४ साल मङ्सिर १३ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६९-CI-११६१, लिखत दर्ता बदर, *श्रीमती दीर्गकुमारी खड्का वि. झपडबहादुर खड्का*

वादी र प्रतिवादीबिचमा नाता सम्बन्ध रहेको कुरामा कुनै विवाद देखिँदैन। वादी दाबीका उल्लिखित जग्गाहरू मिति २०२२।१२।२२ मा मूल्य रू.९५।– को हदमुनिको लिखतअनुसार प्रतिवादी दीर्गकुमारी खड्काले खड्गबहादुरसँग ४ किल्ला खुलाई खरिद गरी लिएको मिसिल संलग्न कागजातबाट देखिन्छ। उक्त लिखतको बेहोरा हेर्दा जग्गाको तिरोभरो बुझाई खानु भनी फार्से गरी लिएको पाइने। लिखत बेहोराको तपसिल खण्डमा दाइजोबापत किनी दिएको जग्गाहरू भन्ने उल्लेख भएको, लिखत साक्षीमा दीर्गकुमारीकै दाजु ईन्द्रबहादुर बसेको देखिएको एवम् लिखतमा घरतर्फका ससुरा, लोग्ने कसैको नाम उल्लेख भएको नदेखिई माइतीतर्फका बुबा एवम् बाजेको नाम उल्लेख भएको पाइयो। माइतीतर्फबाट पाएको दाइजो होइन, अंशबन्डा लाग्ने सगोलको सम्पत्ति हो भन्ने वादीको दाबी रहेको भए पनि सो तथ्य प्रमाणबाट पुष्टि भएको नदेखिने।

कि.नं.९६ र ९७ को जग्गा दाइजोबापत पाएको जग्गा होइन, २०३१ सालमा सर्भे नापी हुँदा निजको नाममा नापीसम्म भएको हो भन्ने वादीको दाबी पुष्टि हुने प्रमाण वादीले पुर्‍याउन सकेको देखिँदैन। प्रतिवादी दीर्गकुमारीले २०२२।१२।२२ को लिखतबाट उक्त जग्गा खरिद गरी लिएको भनी जिकिर गरेको देखिने। कि.नं. ९६ र ९७ जग्गा उक्त २०२२ सालको लिखतबमोजिमको जग्गा होइन भन्ने वादी दाबीसमेत देखिँदैन। विवादित जग्गा वादीका सौता तथा सौतेनी आमा पुनरावेदक प्रतिवादी दीर्गकुमारी खड्काका नाममा नापी भई निजकै नाममा जग्गाधनी दर्ता स्रेस्ता रहे भएको देखियो। दीर्गकुमारीको सौता चन्द्रमाया समान पुस्ताका नाताका मानिसले त्यस्तो दाइजोबापत प्राप्त गरेको जग्गामा अंश हक पाउने अवस्थासमेत नदेखिने।

अतः माथि विवेचित आधार, कारण र प्रमाणबाट विवादित जग्गा दीर्गकुमारी खड्काको स्त्री अंशधनअन्तर्गतको निजी सम्पत्ति भई वादीसँग बन्डा गरी रहनु नपर्ने प्रकृतिको सम्पत्ति देखिँदा लिखत बदर हुने ठहर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०६९।३।१४ को फैसला उल्टी भई वादीको फिरादपत्र दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: राजेन्द्र वाग्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल पुस २० गते रोज ६ शुभम्।

## इजलास नं. ११

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री अनिलकुमार सिन्हा,** ०७४-CR-१२२२, लागु औषध डाइजेपाम, *प्रेमनाथ न्यौपाने वि. नेपाल सरकार*

प्रतिवादी युवराज भन्ने प्रेमनाथ न्यौपानेको मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबित रहेको देखिए तापनि अदालतमा आई बयान गर्दा प्रतिवादी राजकुमार सर्राफ र फुर्वा भन्ने विएस मुक्तालाई चिन्दिन, लागु औषध मबाट बरामद भएको होइन, उक्त वारदातमा मेरो संलग्नता नहुँदा सजाय हुनु पर्ने होइन भनी कसुरमा पूर्णरूपमा इन्कार रही बयान गरेको देखिने। मौकामा अन्य प्रतिवादीहरू राजकुमार सर्राफसमेतसँग लागुऔषध बरामद हुँदाको अवस्थामा प्रतिवादी पक्राउ परेको देखिँदैन। प्रतिवादी वारदातको भोलि पक्राउ परेको देखिन्छ। यसरी पक्राउ परेको अवस्थामा निजको साथबाट कुनै लागु औषध बरामद भएको देखिँदैन। अन्य प्रतिवादीहरू राजकुमार सर्राफ र फुर्वा लामा भन्ने विएस मुक्तानले अदालतमा बयान गर्दा यी प्रतिवादीलाई आफूहरूले नचिनेको र उक्त वारदातमा प्रतिवादीको संलग्नता नभएको भनी बयान गरेको देखिने।

मिति २०७१।८।१८ गते सहअभियुक्तहरू राजकुमार सर्राफ र फुर्वा लामा भन्ने विएस मुक्तान पक्राउ परी तत्काल तयार भएको बरामदी मुचुल्कामा

कतै पनि ती दुई आरोपित व्यक्तिबाहेक कुनै तेस्रो व्यक्ति पनि वारदातस्थलमा उपस्थिति थियो र ती तेस्रो व्यक्ति तत्काल भागी गएको भन्ने बेहोरा खुलेको छैन । सहअभियुक्तहरूको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानभन्दा अगावै के कुन स्रोतबाट यी पुनरावेदकको नाम परिचय खुल्न आयो भन्ने तथ्य मिसिल संलग्न प्रमाणबाट खुलेको नदेखिने । घटना विवरण कागज गर्ने सुरेन्द्र श्रेष्ठसमेतले पुनरावेदक प्रेमनाथ न्यौपाने मौकामा भागी गएको भन्ने सुनी थाहा भएको भनी उल्लेख गरेको पाइन्छ तर सुनी थाहा पाएको भन्ने कुरालाई प्रमाणित गर्न निज वारदात स्थलबाट भागेको देख्ने प्रत्यक्षदर्शीले घटना विवरण कागज गर्नेलाई सुनाएको भन्न सक्नु पर्ने थियो । कसैले भनेको सुनेको भन्ने आधारमा मात्र त्यस्तो कथनलाई वस्तुनिष्ठ प्रमाण मान्न सकिँदैन । त्यस्तो सुनी थाहा पाएको भन्ने कुरा अन्य मालाकार कडीको रूपमा प्रमाणहरूबाट समर्थित भएमा मात्र आरोप पुष्टि हुन सक्छ । प्रतिवादी पुनरावेदक भागेको देख्ने वा पहिचान गर्ने कोही पनि फेला नपरेको अवस्थामा कसैले निज भागेको सुनेको हुँ भनी गरिदिएकोसम्मको कागज वा बकपत्रको प्रामाणिक महत्त्व नहुने ।

प्रतिवादीउपरको अभियोग दाबी शङ्कारहित रूपमा पुष्टि हुन नसकिरहेको यस अवस्थामा विनाप्रमाण प्रतिवादीलाई कसुरदार ठहर गरी सजाय गर्नु कानून र न्यायको रोहमा मिल्ने देखिँदैन । तसर्थ यी प्रतिवादी युवराज भन्ने प्रेमनाथ न्यौपानेलाई अभियोग माग दाबीबमोजिम कसुरदार ठहर गरी सुरू मकवानपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।१०।५ मा भएको फैसलालाई न्यायोचित मान्न नसकिने ।

अत: पुनरावेदक प्रतिवादी युवराज भन्ने प्रेमनाथ न्यौपानेलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम डेढ वर्ष कैद र रू.६५,०००।– (पैंसट्ठी हजार रूपैयाँ) जरिवाना हुने ठहऱ्याई मकवानपुर जिल्ला अदालतबाट मिति २०७२।२।५ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।१०।५ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी युवराज भन्ने प्रेमनाथ न्यौपानेले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७५ साल चैत २८ गते रोज ५ शुभम् ।

## इजलास नं. १२

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१३८४, लागु औषध ब्राउन सुगर, *नेपाल सरकार वि. दयाशंकर कौलिक*

वादी नेपाल सरकारले प्रतिवादीले २० ग्राम लागु औषध ब्राउन सुगर राखी ल्याएको उक्त यु.पी. ४० एफ ३०५० नं. को मोटरसाइकल जफत गरिपाउँ भन्ने पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा वादी नेपाल सरकारले प्रस्तुत मुद्दाको मिति २०७०।३।२० मा दायर गरेको अभियोग पत्रमा उक्त मोटरसाइकल जफत गरिपाउँ भनी माग दाबी नै गरेको देखिँदैन । अभियोग दायर गर्दा माग दाबी नै नलिएको विषयमा हाल यस अदालतमा पुनरावेदन गर्दा प्रतिवादीलाई अभियोग दाबीबमोजिम कैद तथा जरिवाना गरेको मिलेको छ, ओसारपसारमा प्रयोग भएको मोटरसाइकल जफत नगरेको मात्र मिलेको छैन भनी अभियोग दाबीबमोजिम गरिपाउँ भनी पुनरावेदन परेको देखिने ।

अभियोगमा जफतको दाबी नलिएको आधार, कारण तथा लागु औषध (नियन्त्रण) ऐन, २०३३ मा छुट्टै कानूनी दफाको उल्लेखसमेतका आधारमा वारदातमा प्रयोग भएको यु.पी. ४० एफ ३०५० नं. को मोटरसाइकल जफत नहुने ठहऱ्याएको पुनरावेदन अदालत नेपालगन्जको फैसलालाई अन्यथा भन्न मिलेन । साथै कसुर ठहरेको तर अभियोग पत्रमा वादी दाबी नभएको अवस्थामा लागु औषध ओसारपसारमा प्रयोग भएको साधन मोटरसाइकलका सम्बन्धमा

अदालत आफैँले दाबी सृजना गरी स्वतः जफत हुनु पर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादीको उक्त यु.पी. ४० एफ ३०५० नं. को मोटरसाइकल जफत हुने ठहऱ्याएको बाँके जिल्ला अदालतको संशोधित फैसला केहि उल्टी गरी मोटरसाइकल जफत नहुने गरी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।५।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल असार २४ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७२-CR-८४३, कर्तव्य ज्यान, *कमलराज शाही वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा प्रतिवादी राजेश थापाको पुनरावेदन परेको अवस्था छैन, सहप्रतिवादी कमलराज शाहीको मात्र पुनरावेदन परेको अवस्था छ। यी दुवै प्रतिवादीको हकमा यसै अदालतबाट साधकको रोहबाट फैसला हुँदा सुरू जिल्ला अदालतले अ.बं.१८८ नं. बमोजिम १० वर्ष कैद हुने भनी व्यक्त गरेको रायउपर पुनरावेदन अदालत सहमत नभएको फैसला सदर भएको अवस्था छ। माथि उल्लिखित प्रकरणमा यस मुद्दाका सहप्रतिवादी पुनरावेदन नगर्ने प्रतिवादी राजेश थापाको हकमा सुरू पुनरावेदन अदालतको राय सदर भई मुद्दा अन्तिम भएको अवस्थामा पुनरावेदन गर्ने प्रतिवादीको हकमा के गर्ने भनी हेर्दा, साधकको रोहबाट पुनरावेदनको फैसला यस अदालतबाट पुनर्विचार भए पनि यी प्रतिवादी कमलराज शाहीले यस अदालतमा पुनरावेदन गरेको सम्बन्धमा यस अदालतबाट निजको पुनरावेदन हेर्न बाधा पुग्ने देखिँदैन। न्याय प्रशासन ऐन, २०७३ को दफा १० ले पनि पुनरावेदन सुन्ने अदालतमा साधक र पुनरावेदन दुवै रोहबाट मुद्दा पेस भएमा पुनरावेदनकै रोहबाट हेरिनुपर्ने व्यवस्था गरेको छ। उक्त कानूनी व्यवस्थाको मर्म भनेको साधक र पुनरावेदनमध्ये पुनरावेदनलाई नै महत्त्व दिइनु रहेको भन्ने देखिन्छ। साधकको रोहमा यस अदालतबाट यी प्रतिवादी पुनरावेदकका हकमा साधक सदर हुने गरी भएको मिति २०७२।१२।२८ को फैसला स्वत: नै बदर हुने देखियो। प्रतिवादीले कानूनबमोजिम पुनरावेदन गरेको प्रस्तुत अवस्थामा उपर्युक्त बृहत् पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्तका आधारमा पनि प्रस्तुत मुद्दा पुनरावेदनको रोहमा हेर्न बाधा पर्ने नदेखिने।

यस मुद्दामा प्रतिवादी कमलराज शाही वारदात स्थलमा उपस्थित रहेको मात्र नभई निजसमेत भई अर्का प्रतिवादी राजेश थापासँगको मत सल्लाहमा मृतकलाई लुट्ने योजना बनाएको र सोही लुटने योजनाबमोजिम मृतकलाई एकान्त स्थलमा लगी लुट्ने क्रममा मृतक बुद्धिराम भारतीलाई बञ्चरो प्रहार गर्दा निजले गुहार मागेपछि प्रतिवादीहरू राजेश थापा र कमलराज शाहीसमेत वारदातस्थलबाट भागेको र सोही चोटबाट घाइते भएका बुद्धिराम भारतीको उपचारका लागि लैजाँदै गर्दा मृत्यु भएको तथ्य दुवै प्रतिवादीहरूले सुरू जिल्ला अदालतमा स्वीकार गरी अदालतलाई न्याय निरूपणमा समेत सहयोग गरेको भन्नेसमेत आधार लिँदै उक्त अदालतले निजहरूलाई अ.बं. १८८ नं. बमोजिम कम सजाय प्रस्ताव गरेको देखिने।

पुनरावेदक कमलराज शाहीले जिकिर लिएजस्तो निज घटनास्थलमा उपस्थित मात्र रहेको नभई बञ्चरो प्रहारबाट घाइते भई गुहार माग्दै भाग्दै गरेका मृतकलाई यी प्रतिवादीले झोला प्रहार गरी लडाएकोमा साबिती रहेको देखिँदा आफूले मृतकलाई चोट नछाडेको केबल घटनास्थलमा उपस्थित मात्र रहेको भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

यसरी प्रतिवादीसमेतले बञ्चरो प्रहारबाट गम्भीर घाइते भएका बुद्धिराम भारतीको सोही चोटबाट घाइते भई मृत्यु भएको सप्रमाण पुष्टि भइरहेको देखिन्छ। तसर्थ पुनरावेदकले आफू वारदात स्थलमा उपस्थित मात्र रहेको आफूले केही नगरेको र आफ्नो

प्रहारबाट मृतकको मृत्युसमेत नभएकाले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिमको कानूनी दायित्व मात्र आफूले बेहोर्नु पर्ने भनी लिएको पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । पुनरावेदन अदालत नेपालगन्जको फैसला सदर हुने ठहर्छ । अपराधको प्रकृति गम्भीर्य एवम् पुनरावेदकको संलग्नतासमेत विचार गर्दा पुनरावेदकको हकमा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कुनै विचार गरी रहनु पर्ने नदेखिने ।

उपर्युक्तबमोजिम प्रतिवादी कमलराज शाहीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू बाँके जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत नेपालगन्जको फैसला तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मिति २०७५।५।१ गतेदेखि लागू भएको मुलुकी अपराध संहिता, २०७४ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लागू भइसकेको, उपर्युक्त संहिताको दफा ४०(२) मा कानूनमा कुनै कसुर गरेबापतमा सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने व्यवस्था रहेको पाइन्छ । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत घटी सजाय हुने रहेछ भने घटी सजाय हुने कानूनी व्यवस्था भएको हुँदा यी प्रतिवादीलाई सर्वस्व हुने नभई जन्मकैदसम्म हुने ।

इजलास अधिकृत: अञ्चन भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल असार ३ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** ०७४-CR-६२४ र ०७४-CR-६८२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सीतादेवी कोइरीसमेत र भोला महतो कोइरी वि. नेपाल सरकार*

मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा घाँटीमा कस्दा दबाब परेर Cervical vertebra fracture भई मृतक रोशन पटेलको मृत्यु भएको भन्ने देखिन्छ । यसबाट मृतकलाई कर्तव्य गरी मारेकोमा विवाद देखिँदैन । मौकामा बुझिएका मानिसहरू नेमिलाल राउत, भिखारी यादव, रामकली देवी, रामदेव राउत, शान्तिदेवी बृजभूषण पटेलसमेतले अदालतमा आई बकपत्र गर्दा भोला महतोलाई घटनास्थलतर्फ जाँदै गरेको देखेको र फर्किँदा कपडामा माटो लागेको र एकदम हतास मनस्थितिमा थियो भनी बकपत्र गरेको र निज प्रतिवादीको घरबाट माटो लागेको हाफ पाइन्टसमेत बरामद भएको देखिँदा मौकामा बुझिएका मानिसहरू तथा अदालतमा आई गरिएको बकपत्रसमेतलाई खण्डन हुने गरी प्रतिवादी भोला महतोले वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको देखिँदैन । यसरी प्राप्त प्रमाणहरूको आधारमा तथा सुरू जिल्ला अदालत एवम् पुनरावेदन अदालतबाट शव परीक्षण प्रतिवेदन, जाहेरी दरखास्त र त्यसलाई समर्थन गर्ने गरी भएको बयान, बकपत्र तथा कागज प्रमाणहरूको मूल्याङ्कन गरी ती प्रमाणहरूको आधारमा प्रतिवादी भोला महतो कोइरीले कर्तव्य गरी मृतक रोशन पटेललाई मारेको निष्कर्षमा पुगेको देखिन्छ । उपर्युक्त फैसलाहरू खण्डित हुने गरी कुनै प्रमाण पेस हुन नसकेबाट निज प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा ऐ.१३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको फैसला मनासिब देखिन आउने ।

प्रतिवादीहरू बलिराम महतो र सीतादेवी महतोको हकमा हेर्दा, प्रतिवादीहरूले दाबीको कसुरमा पूर्णतया इन्कार रही बयान गरेका, मौकामा बुझिएका मानिसहरूले पनि निजहरूको उक्त वारदातमा संलग्नता पुष्टि गर्न सन्देहरहित तवरले भन्न नसकेका, प्रतिवादी बलिराम महतोलाई प्रत्यक्षदर्शी भनिएका

नेमिलाल राउतले पनि निज घटनास्थलतर्फ जाँदै गरेको देखेको भनी भन्न देखाउन नसकेको तथा रोशन पटेललाई मार्न यिनीहरू के कसरी भूमिका निभाएका वा सहयोग पुऱ्याएका थिए भन्ने विषयमा वस्तुनिष्ठ र सन्देहरहित आधार प्रमाणबाट वादी पक्षले प्रमाणित गर्न नसकेको अवस्थामा प्रतिवादीहरू सीतादेवी महतो र बलिराम महतोलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू जिल्ला अदालतको फैसला मिलेको र सोही फैसलालाई सदर गरेको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, विवेचित आधार, कारण तथा प्रमाणहरूसमेतबाट सुरू बारा जिल्ला अदालतबाट मिति २०७३।१।१४ मा भएको फैसलालाई सदर गर्ने ठहऱ्याई भएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७४।२।२३ को फैसला मिलेको देखिँदा सदर हुने। तथापी २०७५।५।१ देखि मुलुकी अपराध संहिता, २०७४ लागू भइसकेको परिप्रेक्ष्यमा यी प्रतिवादी भोला महतो कोइरीलाई सर्वस्व हुने कानूनी व्यवस्था नहुँदा जन्मकैदसम्म हुने।

इजलास अधिकृत: पाराश्वर कँडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल जेठ १४ गते रोज ३ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CR-१३०८, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. सुनिता वि.क.*

प्रतिवादी सुनिता वि.क.ले अदालतसमक्ष इन्कारी बयान गरे तापनि मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा जाहेरवालीहरूलाई गुल्मीबाट बुटवल हुँदै आफ्नो माइती घर कपिलवस्तु जिल्लाको मोतिपुर मधुवनसम्म पुऱ्याएको भन्ने खुलाई दिइएको पाइन्छ। सोही क्रममा निज पक्राउ परेको देखिन्छ। उल्लिखित जाहेरी दरखास्त, पीडितहरूको अदालतबाट प्रमाणित बयान र प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष गरेको बयानसमेतका आधारमा निज प्रतिवादीले पीडितहरूलाई कपिलवस्तु जिल्लाको मोतिपुरसम्म ल्याएको देखिए तापनि विदेश भारतसम्म पुऱ्याएको तथा निज प्रतिवादीले पीडितहरूलाई भारतमा लगी बेचबिखन गर्ने वा वेश्यावृत्तिमा लगाउने कार्यको लागि ल्याएको भन्ने कुरा निजको अनुसन्धान अधिकारीसमक्षको बयानका अलावा अन्य कुनै प्रमाणबाट पुष्टि भएको नपाइने।

पीडितहरूको अदालतबाट प्रमाणित अनुसन्धान अधिकारीको बयानमा निजहरूले बेचबिखनको लागि लैजाँदै गरेको हुनुपर्छ भनी आशङ्कासम्म गरेको देखिन्छ। अन्य कुराबाट बेच्न लान लागेको भन्ने देखियो भनी उल्लेख गर्न सकेको अवस्था छैन। निज पीडितहरूले अदालतमा उपस्थित भई बकपत्रसमेत गरेको अवस्था छैन। प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष भारतको दिल्लीस्थित विष्णु दाइमार्फत निजलाई बेचबिखन गर्न लागेको भनी उल्लेख गरे तापनि अदालतमा बयान गर्दा भारतमा लगि बिक्री गर्न लैजान लागेको हैन। उनीहरूले नै मसँग आएर तपाइँ कुबेत गएर आउनु भएकोले हामीलाई पनि पठाइदिनु पऱ्यो भनेकामा पासपोर्ट बनाई राख् विदेश पठाउने मानिस भएमा पठाई दिउँलासम्म भनेको हो भनी इन्कारी बयान गरेको देखिन्छ। अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले अदालतमा उपस्थित भई आफ्नो भनाइलाई पुष्टि हुने गरी बकपत्र गर्न सकेको अवस्थासमेत नदेखिने।

प्रतिवादीले पीडित किशोरीहरूलाई वेश्यावृत्तिमा लगाउने र बेचबिखन गर्ने उद्देश्यले लगेको वस्तुनिष्ठ प्रमाणबाट पुष्टि नभए तापनि पीडितहरूलाई संरक्षकको मन्जुरी, सहमति र अनुमतिबेगर ललाई फकाई विभिन्न प्रलोभनमा पारी कुबेत पुऱ्याई दिन्छु भनी श्रम शोषण गर्ने उद्देश्यले नेपाल सरहदभित्रै एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याएको तथा प्रतिवादीबाट

राहदानीसमेत बरामद भएको तथ्य स्थापित भई प्रतिवादीले ऐ. ऐनको दफा १५(१)(च) को कसुर गरेको देखियो। यस्तो अवस्थामा पुनरावदेन अदालत बुटवलले सुरू फैसला केही उल्टी गरी प्रतिवादीलाई ऐ. को दफा १५(१)(च) बमोजिम सजाय हुने ठहऱ्याएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अत: विवेचित तथ्य र कानूनी व्यवस्थाको विश्लेषणसमेतबाट प्रतिवादी सुनिता वि.क.लाई मानव बेचबिखन तथा ओसारपोसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) अनुसार १० वर्ष कैद र जरिवाना रू.१,००,०००।– (एक लाख रूपैयाँ) तथा निज प्रतिवादी सुनिता वि.क.ले पीडितहरूलाई विदेशमा लैजान लगेकोले सोही ऐनको दफा ३(१) को कसुरमा ऐ. को दफा १५(१)(ङ)(१) बमोजिम कैद वर्ष १० र जरिवाना रू.५०,०००।– (पचास हजार रूपैयाँ) र प्रतिवादी सुनिता वि.क. बाट पीडितहरूले ऐ. ऐनको दफा १७ बमोजिम रू ५०,०००।- क्षतिपूर्तिसमेत भराई लिने ठहऱ्याई सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६७।९।१२ मा भएको फैसला केही उल्टी गरी प्रतिवादी सुनिता वि.क.लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(च) बमोजिम १ वर्ष ६ महिना कैद हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।१०।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७५ साल वैशाख ५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-०९२९, जबरजस्ती चोरी, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. केदार श्रेष्ठ*

प्रतिवेदक भिमसेन घिमिरेको प्रतिवदेनबाट लु.१ प १६४४ नं. को भ्यानमा २ जना आशंकित व्यक्ति र लुटिएको सामानसहित पक्राउ गरेको भन्ने उल्लेख भई मौकामा प्रतिवादीहरू बुद्धबहादुर श्रेष्ठ र संगे लामालाई बरामदी सामानसहित आवश्यक कारबाहीको लागि पक्राउ परेका हुन् भनी उल्लेख भएको देखिन्छ। उक्त प्रतिवेदनमा यी प्रत्यर्थी प्रतिवादीको कुनै अस्तित्व देखिएको छैन। निज प्रतिवेदकको अदालतमा भएको बकपत्रबाट पनि सामान बरामद गर्दा चालक हरिबहादुर गन्धर्व, बुद्धकुमार श्रेष्ठ र संगे लामा थिए भनी उल्लेख भएको देखिन्छ। प्रत्यर्थी प्रतिवादीको चोरीमा संलग्नता रहेको सम्बन्धमा कुनै कुरा उल्लेख हुन सकेको छैन। यसबाट प्रत्यर्थी प्रतिवादीको चोरीमा संलग्नता रहेको भन्ने भनाइ नि:सन्देह रूपमा पुष्टि हुन सकेको नदेखिने।

प्रत्यर्थी प्रतिवादी सागर तथा किरण भन्ने केदार श्रेष्ठले अधिकारप्राप्त अधिकारीसमक्ष म काठमाडौंमा व्यापारको लागि कपडा लिन गएकोमा फर्कने क्रममा बसमा मात्र अन्य प्रतिवादीहरूसँग चिनजान भएको हो। निजहरूले म पाल्पा बसपार्कमा झरेपछि सँगै बुटवल जाऔंला भनेकाले बसेको थिएँ। सँगै चिया खाने, चियामा विष मिलाउने गरेको छैन। भ्यान बुद्धले खोज्न भनेकाले खोजेको र बुटवल गोलपार्कमा प्रहरीले रोकेपछि झरी गरिएको हो। मेरो वारदातमा संलग्नता छैन भनी इन्कारी बयान गरेको देखिन्छ। निज प्रतिवादीले अदालतमा बयान गर्दासमेत मिति २०६५।११।२७ गते रात्रीबसमा काठमाडौंबाट प्रतिवादीमध्येका बुद्धकुमार श्रेष्ठसँग पाल्पा सँगै आएको र भ्यानसम्म खोजी दिएको भनी बयान गरे पनि चोरीको आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। जाहेरवालाले प्रस्तुत मुद्दामा अदालतमा आई बकपत्र गर्दासमेत यी प्रतिवादी वारदातमा संलग्न रहेको देखिन भनी बकपत्र गरेको देखिन्छ। सार्वजनिक सवारीमा प्रतिवादी बुद्धकुमार श्रेष्ठसँग काठमाडौंबाट पाल्पासम्म सँगै जानु र पाल्पाबाट बुटवलसम्म जान भ्यान खोजिदिएको आधारमा निजको चोरीमा संलग्नता रहेछ भनी भरपर्दो र विश्वसनीय प्रमाणको अभावमा शङ्का र अनुमान गर्न पनि मिलेन। प्रत्यर्थी प्रतिवादीले आफू सागर श्रेष्ठ भन्ने व्यक्ति नभई केदार श्रेष्ठ भएको भनी नागरिकताको प्रमाणपत्रसमेतका कागजात पेस गरेको र अनुसन्धानमा सनाखत गर्ने बुद्धकुमार श्रेष्ठ

र संगे लामाले अदालतमा बकपत्र गर्दा देखाइएका व्यक्ति केदार श्रेष्ठ हुन्, सागर होइनन् । सागर श्रेष्ठ भनिएको व्यक्ति नवलपरासी जिल्लाको नवलपुर घर भएको व्यक्ति हो भनी बकपत्र गरिदिएको देखिन्छ । मिसिल संलग्न प्रमाणबाट प्रत्यर्थी प्रतिवादी केदार श्रेष्ठ नै सागर श्रेष्ठ भन्ने व्यक्ति हो र निजको चोरीको वारदातमा संलग्नता रहेको कुरा वादी नेपाल सरकारले शङ्कारहित तवरले पुष्टि गर्न सकेको पनि पाइएन । यस्तो अवस्थामा प्रत्यर्थी प्रतिवादीलाई सुरू जिल्ला अदालतले चोरीतर्फको अभियोग मागदाबीबमोजिम सजाय हुने गरी गरेको फैसला केही उल्टी भई चोरीतर्फ सफाइ दिने गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अत: वर्णित आधार प्रमाणबाट प्रत्यर्थी प्रतिवादीले जाहेरवालाको धनमाल चोरी गर्ने कार्यमा संलग्न भएको पुष्टि हुन नआएकोले सुरू जिल्ला अदालतबाट मुलुकी ऐन, चोरीको महलको १२ र १४(२) नं. बमोजिम १¹/₂ महिना कैद, बिगोको डेढी जरिवाना र जरिवानाबापत कैदसमेत गरी चोरीको १८ नं. ले १ वर्ष थप कैद सजाय हुने गरी गरेको फैसला केही उल्टी भई यी प्रतिवादी सागर श्रेष्ठ तथा किरण श्रेष्ठ भन्ने केदार श्रेष्ठले अभियोग दाबीबाट सफाइ पाउने ठहरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६९।३।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७५ साल वैशाख ५ गते रोज ४ शुभम् ।

## इजलास नं. १५

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७५-RC-००३५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विजयकुमार चौधरी*

प्रतिवादी विजयकुमार चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १, १३(३) नं. विपरीतको कसुरमा सोही दफाबमोजिम सजाय हुन अभियोग पत्रमा माग दाबी गरिएको छ । प्रतिवादी मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष कसुरप्रति पूर्णतः साबित रहेका छन् । अदालतमा कसुरप्रति भएको इन्कारी बयानलाई पुष्टि हुने गरी कुनै भरपर्दो प्रमाण पेस गर्न सकेका छैनन् । क्यान्सर रोगले ग्रस्त भएकी आमालाई पीडा भई छट्पट्टिएकी र रोगले दुखेर गाह्रो भएको अवस्थामा मुख थुनी मारेको भन्ने प्रतिवादीको बयानबाट खुलेको छ । खाल्डोमा पुरेको लास वारदातको एक महिनापछि मात्र बरामद भएको कारण लास सडी गली पोष्टमार्टम हुन नसकेको भन्ने मिसिलबाट देखिन्छ । उपचारको लागि काठमाडौं गएका बाबु फर्केर आई आमा खोई भनी खोजी गरेपछि मात्र वारदातको रहस्य खुलेको देखिन्छ । मृतकका पति तथा प्रतिवादीका बाबुको जाहेरी परी लास र लाससँग रहेको तन्नासमेत निजले सनाखत गरेको अवस्था छ । प्रतिवादीले वारदातलाई सिलसिलेवार रूपमा उल्लेख गरी अधिकारप्राप्त अधिकारीसमक्ष कसुरलाई स्वीकार गरेको देखिन्छ । मृत्यु भएकी आमाको बारेमा आफन्त तथा छिमेकी मानिसलाई खबर गरी सतगत गर्नुपर्नेमा सो नगरी लासलाई गुपचुप राखी आफैँले लगेर पुरेको देखिन्छ । वादी पक्षका साक्षीले मौकाको कागजलाई समर्थन गरी बकपत्र गरिदिएका र प्रतिवादीको मौकाको बयानमा उल्लेख भएबमोजिम निजले देखाएकै ठाउँबाट मृतकको लास बरामद भएबाट किटानी जाहेरी, प्रतिवादीको मौकाको साबितीलाई समर्थित भएको देखिन्छ । उल्लिखित मिसिल संलग्न प्रमाणले प्रतिवादीकै कर्तव्यबाट मृतकको मृत्यु भएको पुष्टि हुन आउने ।

अतः विवेचित आधार कारणबाट प्रतिवादीउपर आफ्नो बाबुको किटानी जाहेरी परेको,

प्रतिवादीले मौकामा बयान गर्दा कसुरलाई स्वीकार गरी बयान गरेको र मौकाको कागज गर्ने वादीका गवाहले अदालतमा आई बकपत्र गरिदिएकोसमेतका प्रमाणबाट प्रतिवादीले मुख थुन्दा श्वासप्रश्वास बन्द भई मृतकको मृत्यु भएको पुष्टि भएकोले प्रतिवादी विजयकुमार चौधरीले मुलुकी ऐन, ज्यानसम्बन्धी १३(३) नं. बमोजिम कसुर गरेको देखिँदा कसुर ठहरको सम्बन्धमा सुरूले गरेको फैसला सदर गरेको उच्च अदालत विराटनगरको मिति २०७४।९।२५ को फैसला मनासिब नै देखिँदा सदर हुन्छ। सजायको हकमा हेर्दा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारणका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने फौज्दारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा व्यवस्था रहेको र कसुर गर्दाका बखत प्रचलित कानून वा सजाय निर्धारणका बखत प्रचलित कानूनमध्ये जुन घटी सजाय छ सो सजाय मात्र निर्धारण गर्नुपर्ने फौजदारी न्यायको मान्य सिद्धान्त रहेको सन्दर्भमा यस प्रकृतिको ज्यानसम्बन्धी कसुरमा हाल प्रचलित मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले सर्वस्वको सजाय हटाई जन्मकैद मात्र हुने व्यवस्था गरेबाट निज प्रतिवादीलाई कानूनी व्यवस्थाअनुसार नै सर्वस्व गर्नु नपर्ने भई जन्मकैद मात्र हुने देखिने।

प्रतिवादीको पारिवारिक अवस्था हेर्दा अत्यन्त नाजुक र गरिबीको अवस्था रहेको, धेरै वर्ष अगाडिदेखि क्यान्सर रोगले ग्रस्त भई असाध्य दुःख पीडाको कारण आफ्नी आमाले प्रतिवादीलाई बरू मलाई विष ल्याएर खान दिनु भनेको अवस्था एकातिर देखिन्छ। उपचार गराउन सक्ने आर्थिक हैसियत पनि नरहेको र कसैले सहयोग पनि नगरेको भन्ने निजकै बयानबाट खुलेको छ। आमालाई मार्नुपर्नेसम्मको रिसइवी, पूर्वयोजना, कुनै स्वार्थ र लिने खाने उद्देश्य प्रतिवादीको रहेको देखिँदैन। कुनै जोखिमी हतियार प्रयोग गरेको तथा क्रूर यातना दिएको अवस्था पनि छैन। क्यान्सर रोगले थला परेकी आमाको बरू मर्न पाए हुन्थ्यो भन्ने जस्तो आशयबमोजिम नै प्रतिवादी छोराले मृतक आमालाई मुख थुनी मारेको देखिँदा उक्त तथ्यसहितको अपराध गर्नु पर्दाको पृष्ठभूमि, अवस्था र परिस्थितिलाई हेरी विचार गर्दा प्रतिवादीलाई जन्मकैद नगरी १० वर्ष मात्र कैद सजाय गर्दासमेत ऐनको मक्सद पूरा हुने देखिँदा निज प्रतिवादी विजयकुमार चौधरीलाई कसुर गर्दाको अवस्थामा प्रचलित साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष मात्र कैद हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल मङ्सिर २८ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CR-११६४, ०७२-CR-११८६ र ०७२-CR-०७७६, ठगी, *नेपाल सरकार वि. हरिप्रसाद पौडेल, हरिप्रसाद पौडेल वि. नेपाल सरकार र ठाकुरप्रसाद पौडेल वि. नेपाल सरकार*

प्रतिवादी ठाकुरप्रसाद पौडेलले आफू अध्यक्ष रहेको साना किसान कृषि सहकारी संस्थाको रकम संस्थाको प्रबन्धक हरिप्रसाद पौडेलले हिनामिना गरी ठगी गरेको भनी जाहेरी दिई निजले मौकाको बयानमा संस्थाको रकम प्रबन्धकको जिम्मामा रहने भएकोले निज प्रबन्धक हरिप्रसाद पौडेलले नै हिनामिना गरी संस्थालाई ठगी गरेका हुन्, मैले रकम हिनामिना गर्ने सम्बन्धमा कुनै मिलेमतो गरेको छैन भनी जाहेरी बेहोरालाई समर्थन गरी मौकामा बयान गरेको देखिन्छ। अदालतसमक्ष बयान गर्दा निजले संस्थाका प्रबन्धक हरिप्रसाद पौडेलले २०६८ मार्गदेखि ऋणीहरूबाट उठाएको रकम बैंकमा जम्मा नगरेको पाइँदा सञ्चालक समितिको बैठक बसी निजसँग सोधपुछ गर्दा संस्थाको नगद रू.८,४९,०००।– आफूसँग भएकोले नगदै साना किसान विकास बैंक

इलाका कार्यालय, पोखरामा मिति २०६८।१०।२४ गते बुझाउन जाने भनी बैठकमा निर्णय गराई ऐ. २२ गते सो रकममध्ये रू.७,९२,०००।– चोरी भएको भनी जिल्ला प्रहरी कार्यालय, पर्वतमा जाहेरी दिएका रहेछन् । सोपश्चात् समितिको बैठकबाट निजले सम्पूर्ण रकम संस्थामा बुझाउने गरी मिति २०६८।१२।२० को भाखाको लिखत गरिदिएको, सो भाखाभित्र रकम जम्मा गर्न नसकेपछि निजकै बाबु जयप्रसाद पौडेलले निज हरिप्रसादलाई साक्षी राखी उक्त मिति २०६९।३।२० भित्र रकम चुक्ता गर्ने भाखाको लिखत गरिदिई सो भाखाभित्र रकम नबुझाएको हो । निजले रकम नबुझाएपछि संस्थाको हिनामिना भएको रकम छानबिन समिति गठन भई समितिको प्रतिवेदनबमोजिमको रकम र निजबाटै असुल गर्नुपर्ने देखिएको विभिन्न शिर्षकको रू.८,९४,५६६।– निज प्रबन्धक हरिप्रसादले तिर्नुपर्ने भनी देखाएको छ । निजले आफ्ना परिवारका सदस्य र काल्पनिक व्यक्तिको नाउँमा संस्थाको चेक काटी आफूलाई झुक्याई सही गराई लेखाको अडिट खर्चसमेत भनी रकम हिनामिना गरेका हुन् भन्नेसमेत बयान बेहोरामा लेखाएको देखिने ।

प्रतिवादी हरिप्रसाद पौडेलले संस्थामा जम्मा हुन आएको रकममध्ये रू.१०,०००।– सम्म पदीय हैसियले आफू वा संस्थामा नगदै राख्ने र सो सीमाभन्दा बढी रकम नियमानुसार बैंक दाखिला गर्नुपर्नेमा सोबमोजिम नगरी आफ्नो पदीय दायित्वविपरीत र सञ्चालक समितिबाट ऋण स्वीकृत भएबमोजिम आफू र अध्यक्ष वा उपाध्यक्षमध्ये एक जनाको हस्ताक्षरबाट बैंक मौज्दातको ऋण स्वीकृत गरी रकम लगानी तथा खर्च गर्नुपर्नेमा सोबमोजिम नगरी संस्थाको रकम लिने खाने उद्देश्यले काल्पनिक नाम खडा गरी आफैँ भुक्तानी लिने, ऋण स्वीकृत नगराई आफू र आफ्नो परिवारको नाउँमा लगानी गर्ने तथा खर्च भुक्तानी दिनुपर्नेमा भुक्तानी नदिई बिल भौचर नराखी संस्थाको रकम आफूले झिकी लिए खाएको पुष्टि हुन आयो । संस्थाको बैंक मौज्दातबाट रकम झिकी सहप्रतिवादी ठाकुरप्रसाद पौडेललाई भरपाइ गरी दिएको भन्ने निज प्रतिवादीको प्रतिउत्तर बयान तथा पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा उक्त रकम आफूले लिएको छैन, उक्त रकम आफूले लिई भरपाइ गरिदिएको भनी सहप्रतिवादी हरिप्रसादले पेस गरेको भरपाइ किर्ते हो भनी प्रतिवादी ठाकुरप्रसाद पौडेलले अदालतसमक्ष बयान गरेको देखिन्छ । उक्त रकम संस्थाका अध्यक्ष ठाकुरप्रसादले लिएको हो भन्ने सम्बन्धमा निज प्रतिवादी हरिप्रसादले मौकामा सो भरपाइ वा मौखिक रूपले सञ्चालक समितिलाई जानकारी गराउन सकेको पाइँदैन । प्रमाण स्वरूप उक्त भरपाइमा भएको दस्तखत परीक्षण भई आएको मिसिल संलग्न राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनमा उक्त मिति २०६८॥२।२७ र मिति २०६८।८।१५ को भरपाइमा भएका ल्याप्चे हस्ताक्षर र कारणी ठाकुरप्रसादको नमुना हस्ताक्षर एकआपसमा तुलनात्मक अध्ययन गर्न नसकिएको, लिखतको लेखाइमा कैफियत देखिएको भन्ने उल्लेख भएबाट उक्त भरपाइमा भएको हस्ताक्षर ल्याप्चे सहिछाप प्रतिवादी ठाकुरप्रसाद पौडेलको रहेछ भन्ने पुष्टि भएको देखिएन । तसर्थ निज ठाकुरप्रसादले भरपाइ गरी प्रतिवादी हरिप्रसादबाट रकम लिएको भन्ने निजको पुनरावेदन जिकिर पुष्टि भएको देखिन नआउने ।

सहकारी संस्था सहकारिताको मान्य सिद्धान्तका आधारमा संस्थाको प्रबन्धपत्र, नियमावली तथा विनियमका आधारमा साधारण सभा, सञ्चालक समिति, समिति, उपसमिति, यसका पदाधिकारी एवम् संस्थालाई आवश्यक पर्ने कर्मचारीलगायतका संयन्त्रमार्फत नियम कानूनको श्रृङ्खलाको माध्यमबाट सर्वसाधारण सेयर सदस्यहरूको रकम बचत र लगानी गरी समन्यायिक प्रतिफलका लागि सञ्चालन हुने भएकोले त्यसका सञ्चालक तथा पदाधिकारीहरूको आफू कार्यरत संस्थाका सेयर सदस्य तथा हितग्राहीप्रति

उत्तरदायित्व (Fiduciary Responsibility) निहित रहन्छ । सोविपरीतको कार्य गरी जाहेरी बेहोरा तथा अभियोग दाबीको रकम प्रतिवादी हरिप्रसाद पौडेलले संस्थालाई तिर्छु बुझाउँछु भनी संस्थाको सञ्चालक समितिसमक्ष भाखा राखी निर्णय गराई भाखाभित्र रकम तिरे बुझाएको देखिएन। निज प्रतिवादी हरिप्रसाद पौडेल आफैँ साक्षी बसी निजको बाबु जयप्रसाद पौडेलसमेत भई उक्त रकम संस्थालाई तिर्छु बुझाउँछु भनी २०६९ वैशाख महिनाको भाखा राखी भाखाभित्र सो रकम नतिरी नबुझाई बाँकी (Default) राखी संस्थाको रकम ठगी खाने नियतले नतिरे नबुझाएको प्रस्ट हुन आउने।

प्रबन्धक प्रत्यक्षत: संस्थाको कार्यकारी पद भएबाट संस्थाको आर्थिक र प्रशासनिक अधिकार निजमा निहित भई संस्थाको रकमको सुरक्षा गर्नु प्रबन्धकको दायित्व रहेको देखिन आउँछ । त्यस्तो कसुरलाई निरूपण गर्न तत्काल विद्यमान सहकारी ऐन, २०४९ मा पर्याप्त कानूनी व्यवस्था भएको पाइँदैन । सहकारीको रकम हिनामिना गरेको ठगीको कसुर हुन जाने देखिँदा हिनामिना गरेको स्वीकार गरेकोले निज प्रतिवादीउपर ठगीको कसुर कायम गरी अभियोगपत्र दायर भई सजाय भएको अवस्थालाई अन्यथा भन्न नमिल्ने हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी हरिप्रसाद पौडेलको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

आफू अध्यक्ष रहेको साना किसान कृषि सहकारी संस्थाका प्रबन्धक हरिप्रसाद पौडेलले संस्थाको रू.८,९४,५६६।– रकम हिनामिना गरी ठगी गरेकोले मुलुकी ऐन, ठगीमा कारबाही गरी उक्त रकम असुलउपर गरी सजायसमेत गरिपाउँ भनी जिल्ला प्रहरी कार्यालय, पर्वतमा जाहेरी दरखास्त दिएको पाइन्छ । मुद्दा अनुसन्धानको क्रममा पक्राउ परेका निज हरिप्रसाद पौडेलले आफू र संस्थाका अध्यक्ष ठाकुरप्रसाद पौडेलले मिलेमतो गरी संस्थाको रकम ठगी गरेको हो भन्ने मौकामा र २०६८ साल माघ महिनासम्म संस्थामा कुल रू.१२,६०,०००।– नपुग रकममध्ये संस्थाका अध्यक्ष ठाकुरप्रसाद पौडेलले रू.१२,३०,०००।– रकम आफूबाट भरपाइ गरिदिई लिनुभएको हो, संस्थामा नियुक्ति गर्नेलगायत काम कारबाहीमा अध्यक्षको प्रमुख भूमिका हुने भएकोले आफूलाई सो रकम संस्थामा बुझाउन भनेको र ब्याज हिसाब गरी निजैले बुझाउँछु भनी दबाब दिएकोले विभिन्न मितिमा रू.६,१७,८११।– संस्थामा जम्मा गरेको छु भनी सुरू अदालतसमक्ष बयान गरेबाट उक्त रकम ठगीमा निज प्रतिवादी ठाकुरप्रसाद पौडेलसमेत उपर अनुसन्धान भई अभियोगपत्र दायर हुन आएको देखिने।

प्रतिवादी ठाकुरप्रसाद पौडेल संस्थाको अध्यक्ष रहेकोले प्रबन्धक हरिप्रसाद पौडेलले संस्थाको रकम हिनामिना गरेको भन्ने सूचनाका आधारमा सञ्चालक समितिका निर्णय, उक्त रकम हिनामिना सम्बन्धमा छानबिन समितिको प्रतिवेदन, संस्थाका बचतकर्ताहरूको भेलासमेतका आधारमा निजले प्रस्तुत मुद्दाको जाहेरी दिएको देखिन्छ । सहप्रतिवादी हरिप्रसाद पौडेलको मौकामा र अदालतसमक्ष बयान गर्दा आफू र संस्थाका अध्यक्ष ठाकुरप्रसाद पौडेल मिलेमतो गरी उक्त रकम हिनामिना गरेको हो भन्ने पोलका आधारमा निज प्रतिवादी ठाकुरप्रसाद पौडेलसमेत उपर अभियोग दायर भएको देखिन्छ । सहप्रतिवादीको उक्त पोललाई पुष्टि गर्ने आधारको रूपमा ठाकुरप्रसाद पौडेलले रकम लिई गरिदिएका मिति २०६८।।२।२७ र मिति २०६८।८।१५ का भरपाइलाई निज विरूद्धको अभियोगमा प्रमाणको रूपमा पेस गरेको पाइन्छ । उक्त भरपाइ जाँच गरिँदा सद्दे साँचो नभएको भनी राय प्रतिवेदन मिसिलसाथै रहेको देखिएबाट थप विवेचना गरिरहन परेन । तसर्थ सहप्रतिवादीको पोल तथा पुनरावेदन जिकिर खण्डित भई मुद्दाको तथ्य प्रमाणबाट निज प्रतिवादी ठाकुरप्रसादले प्रबन्धक हरिप्रसाद पौडेललाई दबाब

दिई निजसँग मिलेमतो गरी संस्थाको रकम लिई खाई हिनामिना गरी ठगी गरेको भन्ने पुष्टि हुन नआउने ।

प्रतिवादी शेषकान्त पौडेलको हकमा अभियोग दाबी तथा पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, माथि विवेचना गरिएका तथ्य, कानून तथा प्रमाण र प्रतिवादी हरिप्रसाद पौडेलले मौकाको बयानमा संस्थाको खातामा मौज्दात रकमसमेत काल्पनिक नाउँमा चेक काटी हिनामिना गरी अपुग भएको र संस्थाका उपाध्यक्ष शेषकान्त पौडेल र मेरो हस्ताक्षरबाट चेक काटी संस्थाको खाताबाट रकम झिकेको हुँ भनी पोल गरेको आधारमा निज प्रतिवादी शेषकान्त पौडेलसमेत उपर अभियोगपत्र दायर भएको देखिन्छ । मौकामा बयान गर्दा सहप्रतिवादी हरिप्रसाद पौडेलले बैंकमा रकम जम्मा गर्न भनी चेकमा उल्लेख भएको नाम ढाँटी चेकमा सही गराएको हुँ भन्ने बेहोरा लेखाएको देखिन्छ । प्रतिवादी शेषकान्त पौडेलले सुरू अदालतबाट जारी म्यादमा उपस्थित भई बयान गर्दा, आफू संस्थाको रकम ठगी कार्यमा संलग्न छैन, आफूउपर रकम ठगीको जाहेरी परेको छैन, संस्थाका प्रबन्धक हरिप्रसादले मौकाको बयानमा आफूलाई झुक्याई चेकमा सही गराई संस्थाको बैंक मौज्दातबाट समेत रकम झिकी ठगी गरेको स्वीकार गरेका छन् भनी आफ्नो बयानमा लेखाएको देखिन्छ । उक्त रकम शेषकान्त पौडेलले समेत लिए खाएका हुन् भन्ने सहप्रतिवादीको पोलबाट खुल्न आएन । यसबाट प्रतिवादी शेषकान्त पौडेलले संस्थाको रकम हिनामिना गरी ठगी गरेको भन्ने अभियोग दाबी तथा पुनरावेदन जिकिर वादी पक्षले वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिने ।

अत: उपर्युक्त विवेचित तथ्य, कारण, प्रमाणसमेतका आधारमा प्रतिवादी हरिप्रसाद पौडेल र ठाकुरप्रसाद पौडेलले अभियोग दाबीबमोजिम साना किसान कृषि सहकारी संस्थामा रहेको बचत तथा ऋण असुलीबाट प्राप्त हुन आएको रकम तथा बैंक मौज्दातबाट गलत नियतले मिलेमतो गरी अनियमित तवरले झिकी उक्त रकम लिने खाने नियतले संस्थालाई नतिरी नबुझाई मुलुकी ऐन, ठगीको १ नं. बमोजिमको कसुर गरेको र प्रतिवादी शेषकान्त पौडेललाई सो कसुरको मतियारको कसुर कायम गरी सजाय गरेको सुरू पर्वत जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी शेषकान्त पौडेललाई अभियोग दाबीबाट सफाइ दिई प्रतिवादी ठाकुरप्रसाद पौडेललाई सोही ठगीको महलको ५ नं. बमोजिम मतियारको कसुर कायम गरी ६ महिना कैद र बिगोबमोजिम जरिवाना हुने र अर्का प्रतिवादी हरिप्रसाद पौडेललाई सुरू अदालतले कायम गरेको रू.८,७५,७८५।– बिगोबमोजिम जरिवाना गरी ६ महिना कैद हुने प्रतिवादीद्वय हरिप्रसाद पौडेल र ठाकुरप्रसाद पौडेलबाट दामासाहीले साना किसान कृषि सहकारी संस्थाको बिगो भराउने गरी पुनरावेदन अदालत बागलुङबाट मिति २०७१।९।१७ मा भएको फैसलामा साना किसान कृषि सहकारी संस्था लि. बाट हिनामिना भई प्रतिवादीले लिए खाएको संस्थाको छानबिन समितिले प्रतिवेदनमा उल्लेख भई सञ्चालक समितिसमक्ष भाखाको लिखत गरिदिएको रू.८,७५,७८५।– बिगो कायम गरी कसुर निर्धारण गर्नुपर्नेमा सोबमोजिम नगरी भएको उक्त फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी हरिप्रसाद पौडेललाई साबिक मुलुकी ऐन, ठगीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको ४ नं. बमोजिम महिना ६ महिना कैद र निजले सञ्चालक समितिसमक्ष भाखा गरिदिएको लिखतमध्ये बिगोबमोजिम रू.८,७५,७८५।– जरिवाना हुने । साना किसान कृषि सहकारी संस्थाले निज प्रतिवादीबाट उक्त बिगो रू.८,७५,७८५।– भराई लिन पाउने । प्रतिवादीहरू ठाकुरप्रसाद पौडेलले उक्त संस्थाको रकम लिए खाएको नदेखिएकोले निजलाई ठगीको महलको ५ नं. बमोजिम मतियारको कसुरमा कसुरदार कायम गर्न मिल्दैन । विनाआधार प्रमाण निजलाई कसुरदार

ठहऱ्याएको हदसम्मको पुनरावेदन अदालत बागलुङको फैसला केही उल्टी भई निज प्रतिवादी ठाकुरप्रसाद पौडेलले अभियोग दाबीबाट सफाइ पाउने । प्रतिवादी शेषकान्त पौडेलले संस्थाको रकम झिकी लिए खाएको नदेखिँदा निजलाई सफाइ दिने गरी भएको उक्त फैसला सो हदसम्म सदर हुन्छ । प्रतिवादीहरू शेषकान्त पौडेल र ठाकुरप्रसाद पौडेलसमेतलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः नरहरि ढकाल

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल पुस ११ गते रोज ४ शुभम् ।

## इजलास नं.१७

१

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-०६९७, वन पैदावार चोरी निकासी, *नेपाल सरकार वि. लक्ष्मण ताम्राकारसमेत*

सफाइ पाउने प्रत्यर्थी प्रतिवादीहरूको सम्बन्धमा विचार गर्दा सहप्रतिवादी शमशेर वि.क.ले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष अन्य प्रतिवादी लक्ष्मण ताम्राकार, बाबु श्रेष्ठ, प्रकाश भट्ट, कृष्ण वि.क., अमृत वि.क., सूर्य तामाङ, क्या भन्ने सूर्य श्रेष्ठहरूको पनि अवैध वन पैदावार कटान गरी बिक्री वितरणमा संलग्नता छ भनी बयान गरे तापनि अदालतमा बयान गर्दा मौकाको बयानलाई खण्डित हुने गरी आरोपित कसुरमा इन्कार रही बयान गरेकोसमेत हुँदा सहप्रतिवादीको मौकाको पोलबाहेक निजहरूउपरको आरोपित कसुर पुष्टि हुने वस्तुनिष्ठ विश्वासयोग्य प्रमाणको अभाव रहेको देखिन्छ । निजहरूको कसुरमा संलग्नता रहेको भन्ने कुरा कुनै पनि प्रमाणबाट पुष्टि हुन सकेको पाइँदैन । जाहेरी प्रतिवेदनमा समेत शमशेर वि.क. बाहेक अन्य व्यक्तिहरूको के कसको संलग्नतामा सिसौ जातको काठ चोरी निकासी गर्ने उद्देश्यले के कसरी कटान गरेको हो सो स्पष्ट रूपमा खुलाउन सकेको पाइँदैन । नगर वन क्षेत्रमा को कसले सिसौ जातको २१ थानको ७०.१३ क्यू. फिट कटान गरी बिक्री वितरण गर्न खोजे हामीलाई थाहा छैन भनी घटनास्थल तथा वस्तुस्थिति मुचुल्का कागज गर्ने ईश्वरराज रेग्मीसमेतले कागज गरेको पाइने ।

सहप्रतिवादी शमशेर वि.क.ले अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा बयान गर्दा अन्य प्रतिवादीहरूको पनि संलग्नता छ भनी बयान गरे तापनि सो कुरालाई निजले अदालतमा बयान गर्दा आरोपित कसुरमा स्वयम् इन्कार रही अन्य प्रतिवादीहरूसमेतको संलग्नता रहे भएको भनी भन्न सकेको पाइँदैन । अन्य प्रतिवादीहरूको संलग्नता रहे भएको कुरा पुष्टि हुने कुनै स्वतन्त्र प्रमाणसमेत मिसिल संलग्न रहेको पाइँदैन । सहप्रतिवादी शमशेर वि.क.ले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा यी प्रतिवादीहरूलाई चिन्दछु मात्र भनेको र निजहरूको कसुरमा के कसरी कस्तो संलग्नता थियो भनी लेखाउन सकेकोसमेत नपाइने ।

अतः सफाइ पाएका प्रत्यर्थी प्रतिवादीहरू लक्ष्मण ताम्राकार, प्रकाश भट्ट, क्या भन्ने सूर्य श्रेष्ठ, अमृत वि.क., सूर्य तामाङ, कृष्ण वि.क. र बाबु श्रेष्ठका हकमा आरोपित कसुरबाट सफाइ दिई भएको सुरू फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मनासिब नै देखिने ।

तसर्थ उल्लेख भई विवेचना गरिएको आधार, कारण र प्रमाणसमेतका आधारमा पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।४।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल चैत २६ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१२११, जबरजस्ती करणी, *नेपाल सरकार वि. सुरज नेपालीसमेत*

प्रतिवादीहरू सुरज नेपाली र रमेश नाथले अदालतमा गरेको बयानमा आफूहरूले पीडितलाई जबरजस्ती करणी गरेको होइन भनी इन्कारी बयान गरेको देखिन्छ । निज प्रतिवादीहरूको इन्कारी बयानलाई प्रतिवादी रमेश नाथका साक्षी तेजबहादुर विष्ट तथा स्वयम् पीडित र जाहेरवाली पीडितको संरक्षक आमाले गरेको बकपत्रबाट समेत समर्थित भएको देखिन्छ । प्रतिवादी सुरज नेपाली वारदातको राति मायालु होटलमा उपस्थित नभएको कुरा पीडित भनिएकी ७१ निरूको मौकाको कागज तथा बकपत्र र सहअभियुक्तको बयानसमेतबाट पुष्टि भएको देखियो । पीडितलाई प्रतिवादीहरूले डर त्रास देखाई अनुचित प्रभावमा पारी निजको स्वेच्छाविपरीत धनगढीसम्म ल्याएको होइन भन्ने कुरा पीडितले मिति २०७१।५।१९ मा गरेको मौकाको कागज र अदालतको बकपत्रमा ड्राइभरसँग कुराकानी हुँदा स्वइच्छाले चिसापानीसम्म र त्यहाँबाट धनगढीसम्म आफैँ गएकी हुँ भन्ने भनाइ रहेको पाइयो । प्रतिवादीहरूले जोरजुलुम गरी जबरजस्ती बसमा बस्न बाध्य पारेको भए पीडितले चिसापानीबाट धनगढीसम्म पुग्दा बाटोमा पर्ने अनेकौं प्रहरी चेकपोष्टमा बस रोकिँदा हारगुहार माग्नुपर्ने धनगढी पुगिसकेपछि होटलमा बस्दासमेत हारगुहार गरी प्रतिकार गरेको हुनुपर्ने, भोलिपल्ट रमेश नाथको ससुराली भनिएको ठाउँ गुलरियामा पुग्दासमेत कुनै प्रतिक्रिया नजनाई चुपचाप बस्नु नपर्ने अवस्था विद्यमान रहेको मिसिलबाट देखिँदा आरोपित कसुर प्रतिवादीहरूले गरेको हो भन्ने प्रमाणको अभाव रहेको देखिने ।

प्रतिवादीहरूको स्वास्थ्य परीक्षण प्रतिवेदनमा जबरजस्ती करणी गरेको कुनै पनि संकेत यकिनसाथ भन्न नसकिने भन्ने उल्लेख भएको देखिन्छ । त्यस्तैगरी पीडितको स्वास्थ्य परीक्षण रिपोर्टमा पीडितको योनि वरिपरि रगतको दागहरू देखिएको, कन्याजाली च्यातिएको र Bleeding भएको भन्ने उल्लेख भएको पाइयो । पीडित विवाहिता भएको र बसको ड्राइभर पुरनले माथि २ पटक जबरजस्ती करणी गरेको भनी पीडितले बकपत्र गरेको देखिँदा प्रतिवादीहरू सुरज नेपाली र रमेश नाथसमेतले आरोपित कसुर गरे होलान भनी प्रमाणको अभावमा भन्न मिल्ने नदेखिने ।

पीडितले बकपत्र गर्दा आफ्नो जन्ममितिसमेत उल्लेख गरी आफूलाई १६ वर्ष ७ महिना भयो भनी लेखाएको पाइन्छ । प्रतापपुर गा.वि.स.को कार्यालयको च.नं. ४०७८ मिति २०७०।९।१ को पत्रमा पीडितको जन्ममिति जन्म दर्ता किताब (अभिलेख) को दर्ता नं. ३०७ मा २०५४।११।८ भएको भनी उल्लेख भएको देखियो । यसरी पीडित आफैँले अदालतसमक्ष गरेको बकपत्रमा उल्लेख गरेको उमेर तथा नेपाल सरकारको आधिकारिक निकायमा दर्ता भएको जन्ममितिलाई अन्यथा भन्न सकिने अवस्था नदेखिने ।

अत: प्रतिवादीहरू सुरज नेपाली र रमेश नाथले जबरजस्ती करणी गरेको भन्ने सप्रमाण पुष्टि नभएको अवस्थामा जबरजस्ती करणी गरेको ठहर गरी सुरू कैलाली जिल्ला अदालतबाट मिति २०७१।९।२७ मा भएको फैसलालाई उल्टी गरी प्रतिवादी सुरज नेपाली र रमेश नाथलाई अभियोग मागदाबीबाट सफाइ दिई पुनरावेदन अदालत दिपायलबाट भएको फैसला मनासिब नै देखिने ।

तसर्थ सुरू कैलाली जिल्ला अदालतबाट मिति २०७१।९।२७ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी सुरज नेपाली र रमेश नाथले अभियोग मागदाबीबाट सफाइ पाउने ठहर्छ भनी

पुनरावेदन अदालत दिपायलबाट मिति २०७२।५।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल

कम्प्युटर: विजय खड्का

इति संवत् २०७५ साल चैत २६ गते रोज ३ शुभम् ।

## एकल इजलास

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७४-WO-०३३५, परमादेश, *हिराबहादुर चन्दसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

आवधिक निर्वाचन लोकतन्त्रको आधार स्तम्भ (Back bone of Democracy) हो भन्ने कुरामा दुईमत हुन सक्दैन । निवेदकले नागरिकको बालिग मताधिकार प्रयोग गर्न पाउने हक अधिकारलाई नै रोकी पाउँ भनी आसन्न निर्वाचनसँग सरोकार देखाई दायर गरेको रिट निवेदनमा कुनै संवैधानिक र कानूनी आधार उल्लेख गरेको देखिँदैन । रिट निवेदकले उठाएका विषयवस्तुसँग सम्बन्धित विषयहरू यसै अदालतमा विचाराधीन रहेको भन्ने मूल आधार देखाई सार्वजनिक सरोकारको विषय बनाई प्रस्तुत रिट निवेदन दर्ता गर्न ल्याएको देखिन्छ । यस अगावै उही विषयवस्तु समावेश भएका रिट निवेदनहरू यस अदालतमा दर्ता भई सो सम्बन्धमा दुवै पक्षलाई छलफलमा राखी अन्तरिम आदेशसमेत जारी नहुने आदेश भइसकेको परिप्रेक्ष्यमा रिट निवेदकले उठाएको विषयवस्तुको न्यायिक निरूपण उक्त रिट निवेदनहरूको अन्तिम निर्णय हुँदाका बखत हुने नै हुँदा प्रस्तुत रिट निवेदन प्रथमदृष्टिमै (Prima facie) औचित्यपूर्ण रहेको नदेखिँदा प्रस्तुत रिट निवेदनमा कारण देखाउ आदेश जारी गरी लिखित जवाफ मगाई रहनु परेन । साथै एक पटक अन्तरिम आदेश जारी नहुने गरी आदेश भइसकेको विषयमा पुनः सोही विषयमा रिट दायर गरी अन्तरिम आदेश माग गरेको विषयलाई सार्वजनिक सरोकारको रोहमा तथ्यतर्फ प्रवेश गर्नुपर्ने अवस्था नरहने ।

अतः रिट निवेदकले माग गरेको विषयवस्तु समावेश भएका रिट निवेदनहरू यस अदालतमा यस अगाडि नै दर्ता भइसकेको हुँदा रिट निवेदकले उठाएको विषयवस्तुको न्यायिक निरूपण उक्त रिट निवेदनहरूबाट ठहरेबमोजिम हुने नै हुँदा प्रस्तुत निवेदनमा लिखित जवाफ मागी रहनु परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल मङ्सिर ६ गते रोज ४ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति